जनगणनाको ११० वर्ष (१९६८ - २०७८)

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८

कोडिङ/इडिटिङ तथा डाटा इन्ट्री सहयोगी पुस्तिका

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
रामशाहपथ, काठमाडौं

मन्तव्य

प्रत्येक दश वर्षमा एक पटक सञ्चालन हुने जनगणनाको श्रृंखलामा राष्ट्रिय जनगणना २०७८ नेपालको बाह्रौं र वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान बमोजिमको संघीय गणतान्त्रिक प्रणालीको पहिलो जनगणना हो । यस जनगणनामा पहिलो चरणको स्थलगत कार्य वि.सं. २०७८ साल भाद्र ३० देखि असोज १८ सम्म र दोस्रो चरणको स्थलगत कार्य वि.सं. २०७८ साल कार्तिक २५ देखि २०७८ मंसिर ९ सम्म सम्पन्न भई भरिएका प्रश्नावली फारामहरू (घर तथा घरपरिवार सूचीकरण फाराम, मुख्य प्रश्नावली तथा सामुदायिक प्रश्नावली) केन्द्रीय तथ्याङ्क विभागमा प्राप्त भई प्रशोधनको लागि आवश्यक तयारी कार्यहरू भइरहेका छन् ।

जनगणनाको भरिएका प्रश्नावलीबाट कम्प्युटरमा विवरण प्रविष्टि गर्ने क्रममा मानवीय त्रुटीहरुलाई सके सम्म कम गरी उत्पादित तथ्याङ्कलाई सक्दो गुणस्तरीय बनाउने, सबै अक्षरहरुलाई निश्चित मापदण्डका आधारमा अंकमा सांकेतीकरण गर्न, जनगणनाको स्थलगत तथ्याङ्क संकलनबाट प्राप्त भरिएका घर तथा परिवार सूचिकरण, मुख्य प्रश्नावली र सामुदायिक प्रश्नावलीका प्रत्येक प्रश्नहरु जाँच गरी डाटा इन्ट्रीको लागि तयार गर्ने तथा जनगणनाका मुख्य प्रश्नावलीमा भाषागतरुपमा आएको उत्तर र गणकले दिएको कोड मिले नमिलेको जाँच गरी विवरण अनुसार सही कोड राख्ने तथा कागजी प्रश्नावलीमा आएका प्रश्नका उत्तरहरुलाई डिजिटल रुपमा रुपान्तरण गरी तथ्याङ्क प्रशोधन कार्यमा सहजता ल्याउने र अन्ततोगत्वा प्रश्नहरु बीचको सामन्जस्यतालाई कायम गर्दै समान मापदण्ड अपनाई सबै डाटा इन्ट्रीकर्ताहरुले तथ्याङ्क प्रविष्टि गरी उत्पादित तथ्याङ्कको गुणस्तर बढाउने उद्देश्यले यो पुस्तिका तयार गरिएको हो ।

कोडिङ/इडिटिङ तथा डाटा इन्ट्रीको परिचय, उद्देश्य, कोडर/इडिटर तथा डाटा इन्ट्री अपरेटरले गर्नुपर्ने कार्यहरु, पालना गर्नुपर्ने आचरण, मुख्य प्रश्नावली, घर तथा घरपरिवार सूचीकरण र सामुदायिक प्रश्नावलीको कोडिङ/इडिटिङ तथा उक्त फारामहरुको इन्ट्री गर्ने तरिका र अनुसूचीहरु समावेश गरी यस "कोडिङ/इडिटिङ तथा डाटा इन्ट्री सहयोगी पुस्तिका" तयार गरिएको छ । कोडिङ/इडिटिङ तथा डाटा इन्ट्री कार्यमा अनुगमन तथा सुपरिवेक्षण गर्ने सबै कर्मचारी एवं कोडर/इडिटर तथा डाटा इन्ट्री अपरेटरको लागि यो पुस्तिका अति उपयोगी हुने विश्वास लिइएको छ ।

यस पुस्तक तयारीको मार्गदर्शन गर्नुहुने सामाजिक तथ्याङ्क महाशाखाका प्रमुख एवं उपमहानिर्देशक डा. हेमराज रेग्मीलाई धन्यवाद दिन चाहन्छु । पुस्तक तयारीका लागि जनसंख्या शाखाका निर्देशकद्वय श्री ढुण्डिराज लामिछाने र श्री केशव कुमार गौतमले पुऱ्याउनुभएको महत्वपूर्ण योगदानको स्मरण गर्न चाहन्छु । अथक परिश्रम र लगनशीलतासाथ यो पुस्तिका तयार गर्नुहुने तथ्याङ्क अधिकृत श्री दीनानाथ लम्साल, श्री निराजन शर्मा र श्री सहनलक्ष्मी ताम्राकार तथा कम्प्युटर अधिकृत श्री डोल नारायण श्रेष्ठ र तथ्याङ्क सहायक श्री विष्णुराज रेग्मीलाई धन्यवाद दिन चाहन्छु ।

नेबिन लाल श्रेष्ठ
महानिर्देशक

विषयसूची

परिच्छेद एक : परिचय १

पृष्ठभूमी १

कोडिङ तथा इडिटिङको उद्देश्य २

डाटा इन्ट्रीको मुख्य उद्देश्य २

कोडिङ तथा इडिटिङ र डाटा इन्ट्री कार्यमा संलग्न जनशक्ति ३

कोडर तथा इडिटरले गर्नु पर्ने कार्यहरु ३

कोडिङ तथा इडिटिङ सुपरभाइजरले गर्नु पर्ने कार्यहरु ४

डाटा इन्ट्री अपरेटरले गर्नु पर्ने कार्यहरु ४

डाटा इन्ट्री सुपरभाइजरले गर्नु पर्ने कार्यहरु ५

तथ्याङ्क प्रशोधन केन्द्रको स्थापना ५

तथ्याङ्क प्रशोधन कार्यमा संलग्न जनशक्तिको आचारसंहिता ५

प्रश्नावली कोडिङ गर्दा अपनाउनु पर्ने मुख्य विषयहरु ७

परिच्छेद दुईः मुख्य प्रश्नावली– परिचयात्मक विवरण ९

परिच्छेद तीनः मुख्य प्रश्नावली– पारिवारिक विवरण १४

परिच्छेद चारः मुख्य प्रश्नावली– व्यक्तिगत विवरण २१

परिच्छेद पाँचः घर तथा घरपरिवार सूचीकरण ३९

परिच्छेद छः सामुदायिक प्रश्नावली ४७

परिच्छेद सातः मुख्य प्रश्नावली (प्रश्न र विकल्प सहित) ५९

परिच्छेद आठः डाटा इन्ट्री निर्देशन ७०

अनुसूचीहरु ११२

अनुसूची १ : प्रदेशको कोड र नाम ११२

अनुसूची २ : जिल्लाको कोड र नाम ११२

अनुसूची ३ : गाउँपालिका/नगरपालिकाको कोड र नाम ११४

अनुसूची ४ : देशको कोड र नाम १४२

अनुसूची ५: जात/जातिको कोड र नाम..... १४६

अनुसूची ६: भाषा (पुर्खाको भाषा, मातृभाषा र दोस्रो भाषाको कोड र नाम १४८

अनुसूची : ७ आर्थिक काम वा पेशाको वर्गीकरण र कोडहरु
(Nepal Standard Classification of Occupation - NSCO)..... १५०

अनुसूची : ८ आर्थिक कामको उत्पादन क्षेत्र/उद्योग अनुसारको वर्गीकरण र कोड
(Nepal Standard Industrial Classification-NSIC) १५७

अनुसूची ९ : महल ३२ र ३३ को प्रयोजनका लागि केही उदाहरण.....१६३

अनुसूची १०: मातृमृत्यु सुचित उतार फाराम.....१६९

परिच्छेद एक : परिचय

पृष्ठभूमी

१.१ राष्ट्रिय जनगणना २०७८ नेपालको बाह्रौं र वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान बमोजिमको संघीय गणतान्त्रिक प्रणालीको पहिलो जनगणना हो। यस जनगणनामा पहिलो चरणको स्थलगत कार्य वि.सं. २०७८ साल भाद्र ३० देखि असोज १८ सम्म र दोस्रो चरणको स्थलगत कार्य वि.सं. २०७८ साल कार्तिक २५ देखि २०७८ मंसिर ९ सम्म सम्पन्न भई भरिएका प्रश्नावली फारामहरू (घर तथा घरपरिवार सूचीकरण फाराम, मुख्य प्रश्नावली तथा सामुदायिक प्रश्नावली) केन्द्रीय तथ्याङ्क विभागमा प्राप्त भएको छ।

१.२ प्राथमिक तथ्याङ्क उत्पादनका तीन चरणहरु मध्ये प्रथम चरणमा तथ्याङ्क संकलनको पूर्वाधार तयारीका लागि गरिने पूर्वकार्यहरु (Pre-survey work), दोस्रो चरणमा स्थलगत तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण (During Census) र अन्तिम चरणमा तथ्याङ्क संकलन पश्चात्का कार्यहरु (Post-survey work) पर्दछन् जस अन्तर्गत लगत प्रशोधन, तथ्याङ्क प्रतिवेदनको तयारी तथा तिनीहरुको सार्वजनिक गर्ने कार्यहरु पर्दछन्। राष्ट्रिय जनगणना २०७८ दुई चरणका कार्यहरु सम्पन्न भई तेस्रो चरणमा प्रवेश गरेको छ। यस चरणको कार्य पनि निकै महत्वपूर्ण रहन्छ। यस चरणमा पनि मानविय त्रुटी हुने सम्भावना प्रवल रहन्छ जसले गर्दा गैर नमूना छनोट त्रुटी (Non sampling error) को मात्रा बढ्न गई उत्पादित तथ्याङ्कको गुणस्तर कम हुन जान्छ। तसर्थ कोडिङ/इडिटिङ र डाटा इन्ट्री कार्यमा प्रयोग गर्नुपर्ने सिद्धान्त र मापदण्ड यो पुस्तिकामा समावेश गरिएको छ। यसको प्रयोगले समग्र तथ्याङ्क प्रशोधन प्रक्रियालार्य सहज र स्तरीय बनाउने अपेक्षा गरिएको छ।

१.३ राष्ट्रिय जनगणना २०७८ को मुख्य प्रश्नावलीहरुमा परिचयात्मक विवरण, पारिवारिक विवरण तथा व्यक्तिगत विवरण संकलन गर्न करिब ८० प्रश्नहरु सोधिएको थियो। यसरी जनगणनामा संकलित विवरणहरु हाल लगत फारामको रुपमा मात्र रहेकोले उक्त लगत विवरणहरु सामुहिक तथ्याङ्कको रुपमा प्रकाशन गर्नको लागि लगत प्रशोधन गर्नुपर्ने भएकोले भरिएका लगत फारामहरुको सम्पादन तथा कोडिङ (Coding/Editing) गरे पश्चात् डाटा इन्ट्री (Data Entry) गरी डाटा तयार गर्नुपर्ने हुन्छ। यसै कार्यको लागि तयार भएको कोडिङ सम्पादन तथा डाटा इन्ट्रीको पुस्तिकाको राम्रो अध्ययन तथा जानकारी गरी लगत प्रशोधनको कार्य गर्नुपर्ने हुन्छ। यसरी तथ्याङ्क प्रशोधन भईसके पछि नेपालको जिल्ला, स्थानीय तह देखि वडा सम्मको जनसंख्याको जनसांख्यिक, सामाजिक तथा आर्थिक तथ्याङ्कहरु तयार हुन्छन् र यसैबाट आगामी दिनमा नेपालको नीति निर्माण, योजना तर्जुमा तथा अध्ययन अनुसन्धानको कार्यमा ठुलो सघाउ पुग्नेछ।

१.४ जनगणनाको लगत प्रशोधनको कार्यमा प्रत्यक्षरुपमा संलग्न हुने कोडर/इडिटर तथा डाटा इन्ट्री अपरेटर तथा यसै कार्यमा संलग्न हुने सुपरिवेक्षकहरुले समेत जनगणनाका मुख्य प्रश्नावली, घर तथा घरपरिवार सूचीकरण र सामुदायिक प्रश्नावली तथा यी निर्देशिकाहरुको राम्रो अध्ययन तथा जानकारी लिनुपर्दछ। साथै यसबारे कुनै पनि बिषयमा आफुलाई थप जानकारी चाहिएमा आफू भन्दा माथिको अधिकृत तथा सुपरिबेक्षकसंग तुरुन्त सम्पर्क गरी जानकारी हासिल गरी स्पष्ट हुनुपर्दछ।

१.५ राष्ट्रिय जनगणना २०७८ को लागि तयार भएको सम्पूर्ण विवरणका कोडहरु यसै पुस्तिकामा उल्लेख गरिएको छ। प्रश्नावलीमै उल्लेख भएको स्पष्ट कोड दिइएको भए सोही नै कोड हुने तर उल्लेख भएका कोडहरुमा पनि स्पष्ट चिन्ह नदिइएको भए यस पुस्तिकाकामा उल्लेख भए अनुसार गर्ने र खाली प्रश्नका उत्तरहरुको लागि दिनु पर्ने कोड यसै कोडबुकमा हेरी गर्नुपर्दछ। अतः जनगणनाको लगत प्रशोधनको कार्यमा प्रत्यक्षरुपमा संलग्न हुने कोडर/इडिटर तथा डाटा इन्ट्री अपरेटरले यस कोडबुकको सँधै प्रयोग गर्नुपर्दछ।

कोडिङ तथा इडिटिङको उद्देश्य

१.६ कोडिङ तथा इडिटिङको उद्देश्यहरु निम्नानुसार रहेका छन्:

क) भरिएका प्रश्नावलीबाट कम्प्युटरमा विवरण प्रविष्टि गर्ने क्रममा मानवीय त्रुटीहरुलाई (Non Sampling Error) सके सम्म कम गरी उत्पादित तथ्याङ्कलाई सक्दो गुणस्तरीय बनाउने;

ख) कम्युटरले अक्षर बुझ्ने सूचकहरु निकाल्न सक्दैन, तसर्थ सबै अक्षरहरुलाई निश्चित मापदण्डका आधारमा अंकमा सांकेतीकरण गर्न;

ग) जनगणनाको स्थलगत तथ्याङ्क संकलनबाट प्राप्त भरिएका घर तथा परिवार सूचिकरण, मुख्य प्रश्नावली र सामुदायिक प्रश्नावलीका प्रत्येक प्रश्नहरु जाँच गरी डाटा इन्ट्रीको लागि तयार गर्ने;

घ) जनगणनाका मुख्य प्रश्नावलीमा भाषागतरुपमा आएको उत्तर र गणकले दिएको कोडको उपयुक्तता जाँच गरी सही कोड राख्ने;

डाटा इन्ट्रीको मुख्य उद्देश्य

१.७ क) कागजी प्रश्नावलीमा आएका प्रश्नका उत्तरहरुलाई डिजिटल रुपमा रुपान्तरण गरी तथ्याङ्क कार्यमा सहजता ल्याउने;

ख) प्रश्नहरु बीचको समान्जस्यतालाई कायम गर्दै समान किमिमले सबै डाटा इन्ट्रीकर्ताहरुले तथ्याङ्क प्रविष्टि गरी उत्पादित तथ्याङ्कको गुणस्तर बढाउने।

कोडिङ तथा इडिटिङ र डाटा इन्ट्री कार्यमा संलग्न जनशक्ति

१.८ प्रश्नावली कोडिङ तथा इडिटिङको लागि स्नातक तह उत्तिर्ण गरेका र राष्ट्रिय जनगणनामा अनुभव हासिल गरेका १०० जना व्यक्तिलाई करारमा लिई कोडिङ तथा इडिटिङ कार्य सञ्चालन गरिएको छ। यी कार्य दुई सिफ्टमा ५०/५० जना राखी सञ्चालन गरिनेछ। कोडिङ तथा इडिटिङ कार्यको अनुगमन र सुपरिवेक्षण गर्न अलग्गै जनशक्ति खटिने छन्।

१.९ प्रश्नावलीका विवरणलाई इन्ट्री गर्नको लागि प्रविणता प्रमाणपत्र वा सो सरह वा १० जोड २ तह उतिर्ण गरेका र राष्ट्रिय जनगणनामा अनुभव हासिल गरेका वा डाटा इन्ट्री कार्यमा अनुभव भएका ३०० जना व्यक्तिहरु करारमा भर्ना गरिएको छ। डाटा इन्ट्री दुई सिफ्टमा १५०/१५० जना राखी सञ्चालन गरिनेछ र यसको अनुगमन तथा सुपरिवेक्षण गर्न अलग्गै जनशक्ति खटिने छन्।

१.१० सि.नं. १.८ र १.९ का जनशक्ति करारमा राख्दा तोकिएको शैक्षिक योग्यता पुरा गरेको तहको प्राप्त प्रतिशत र राष्ट्रिय जनगणनामा अनुभव प्राप्त वा डाटा इन्ट्री कार्यको अनुभवको आधारमा सर्टलिष्ट गरी सर्टलिष्टमा परेकाको अन्तर्वाता तथा प्रयोगात्मक परिक्षा समेत लिई छनोट गरिएको छ।

१.११ डाटा कोडर तथा इडिटर र डाटा इन्ट्री अपरेटर एवं सुपरभाइजर लगायतका सम्पूर्ण कर्मचारीहरुलाई तीन दिनको विस्तृत तालिम दिइनेछ।

१.१२ निर्धारित समयमा कोडिङ, इडिटिङ र डाटा इन्ट्री कार्य नसकिने अवस्था आउने भएमा उपयुक्त संख्यामा थप जनशक्ति व्यवस्थापन गरी कोडिङ तथा इडिटिङ र डाटा इन्ट्री कार्य समयमा नै सम्पन्न गरिनेछ।

कोडर तथा इडिटरले गर्नु पर्ने कार्यहरु

१.१३ (क) यस पुस्तिकाको सि.नं. १.२६ मा लेखिए बमोजिमका विषयहरु परिक्षण र भेरिफिकेसन गर्ने;

(ख) आफुलाई तोकिएको वडा वा स्थानीय तहको प्रश्नावली सिलसिलेवार र सहीरुपमा कोडिङ र इडिटिङ गर्ने;

(ग) कुनै प्रश्नमा भरिएका विवरण अनुसारको कोड स्पष्ट नभएमा कोडिङ तथा इडिटिङ सुपरभाइजरसँग सोधेर मात्र अगाडि बढ्ने;

(घ) कुनै प्रश्नावलीमा अधिकांश विवरणहरु अस्पष्ट रुपमा भरिएको भेटेमा थप छलफलको लागि सुपरिवेक्षकलाई जानकारी गराउने र कोडिङ तथा इडिटिङ व्यवस्थापन समूहको निर्णय अनुसार गर्ने;

(ङ) दैनिक कोडिङ तथा इडिटिङ गरेको प्रश्नावली सुरक्षित राख्ने व्यवस्था मिलाउने;

(च) मुल प्रश्नावलीको पारिवारिक प्रश्न नं. १५ मा १५ देखि ४९ वर्षका महिलाको मृत्यू भएको विवरण अनुसूची १ बमोजिमको महिला मृत्यू उतार फाराम भर्ने;

(छ) विभागले तोके बमोजिमका अन्य कार्य गर्ने ।

कोडिङ तथा इडिटिङ सुपरभाइजरले गर्नु पर्ने कार्यहरु

१.१४ (क) कोडिङ/इडिटिङ सुपरभाइजरले प्रत्येक कोडर/ईडिटरले कोडिङ, ईडिटिङ र भेरिफिकेसन गरेको कार्य नमूना छनोटको आधारमा कम्तिमा ५ प्रतिशतको संख्यामा पुनः जाँच गर्नु पर्ने र जाँच गरेको प्रत्येक पानामा र बाहिरी कभर पानामा आफ्नो सहि र मिति उल्लेख गर्नु पर्ने;

(ख) आफू मातहतका कोडर/इडिटरले सम्पन्न गरेको प्रश्नावली किताबभित्र प्रत्येक १ घण्टामा कुनै १ परिवारको विवरण छड्के जाँच गर्ने र जाँच गरिएका परिवारको पानामा जाँच गरेको हस्ताक्षर गर्ने (भण्डारण कक्षले कोडिङ तथा इडिटिङ सुपरभाइजरले हस्ताक्षर नगरेका किताब नबुझ्ने);

(ग) प्रश्नावलीको कोडिङ, ईडिटिङ र भेरिफिकेसन गर्दा एउटा कोडर/इडिटरले आफूलाई तोकिएको वडा वा स्थानीय तह सम्पन्न नगरी अर्को वडा वा स्थानीय तहको कार्य नगर्ने;

(घ) आफू मातहतका कोडर/इडिटरले बद्नियतपूर्वक कार्य गरेको देखेमा तत्काल जिम्मेवार व्यक्तिलाई जानकारी गराउने ।

(ङ) विभागले तोके बमोजिमका अन्य कार्य गर्ने ।

डाटा इन्ट्री अपरेटरले गर्नु पर्ने कार्यहरु

१.१५ (क) आफूलाई तोकिएको वडा वा स्थानीय तहको डाटा इन्ट्री सिलसिलेवार र सहीरुपमा सम्पन्न गर्ने;

(ख) कुनै प्रश्नमा दिइएको कोड स्पष्ट नभएमा डाटा इन्ट्री सुपरभाइजरसँग सोधेर मात्र अगाडि बढ्ने;

(ग) त्रुटीपूर्ण प्रविष्टि भएको अवस्थामा त्यस्तो विवरण पुनः प्रविष्टी गर्ने;

(घ) दैनिक प्रविष्टी गरेको रेकर्ड आफूले सिफ्ट छोड्नु अघि सर्भरमा डाटा पठाउने र सो पुगेको यकिन गर्ने;

(ङ) विभागले तोके बमोजिमका अन्य कार्य गर्ने ।

डाटा इन्ट्री सुपरभाइजरले गर्नु पर्ने कार्यहरु

१.१६ (क) आफू मातहतका अपरेटरले इन्ट्री गरेको प्रत्येक प्रश्नावली किताबको १० प्रतिशत परिवारको अलग्गै इन्ट्री गर्ने (दोहोरो प्रविष्टी गर्ने) । उक्त कार्यको लागि परिवारको क्र.सं. डाटा इन्ट्री भण्डारण व्यवस्थापकले उपलब्ध गराउनेछन् ।

(ख) आफू मातहतका अपरेटरको प्रत्येकको १/१ घण्टामा इन्ट्री गरेको कुनै एक परिवारको विवरण ठिक भए नभएको कम्प्युटरमै जाँच गर्ने, जाँच गरिएको परिवारको पानामा सहि गरी मिति र समय खुलाउने र विवरण गलत भए सच्याउन लगाई गलत भएको कि स्ट्रोक संख्या टिपेर राख्ने ।

(ग) डाटा इन्ट्री अपरेटरले गरेको कार्यको सुक्ष्मरुपमा अवलोकन तथा सुपरिवेक्षण गर्ने;

(घ) विभागले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१.१७ कोडिङ तथा इडिटिङ र डाटा इन्ट्री कार्यलाई थप व्यवस्थित र अनुशासित बनाउन विभागले कोडिङ तथा इडिटिङ व्यवस्थापन समूह र डाटा इन्ट्री व्यवस्थापन समूह अलग अलग गठन गर्नेछ । यस समूहले यस कार्यमा संलग्न जनशक्तिले गरेको कामको अनुगमन तथा सुपरिवेक्षण गर्नेछ ।

१.१८ कोडर/इडिटरले तथा डाटा इन्ट्री अपरेटरहरुले हतार हतारमा कार्य गर्नुहुँदैन । व्यवस्थापन समुहले तोके बमोजिमको संख्या भन्दा कम वा बढी कोडिङ गर्ने व्यक्तिलाई सचेत गराउन सक्नेछ । व्यवस्थापन समुहले निर्देशन अनुसार कार्य नगर्ने व्यक्तिलाई तत्काल हटाउन समेत सक्नेछ ।

तथ्याङ्क प्रशोधन केन्द्रको स्थापना

१.१९ विभागले राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ को दफा २४ बमोजिम विभागको पुरानो भवनलाई मर्मत सम्भार गरी तीन तलालाई १५० वटा कम्प्युटर राखी भविष्यमा समेत तथ्याङ्क प्रशोधन कार्य सञ्चालन गर्न सक्ने गरी तथ्याङ्क प्रशोधन केन्द्र स्थापना गरेको छ । विभागले पहिलो पटक आफ्नो भवन परिसरमा तथ्याङ्क प्रशोधन केन्द्रको स्थापना गरेको हो । यसले अवका दिन विभागबाट हुने सबै गणना तथा सर्वेक्षणबाट प्राप्त विवरणहरुको प्रविष्टि गर्ने तथ्याङ्क प्रशोधनका अन्य कार्य गर्न सहज हुनेछ ।

तथ्याङ्क प्रशोधन कार्यमा संलग्न जनशक्तिको आचारसंहिता

१.२० आदेशको दफा २८ को व्यवस्था अनुसार राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७ को दफा ६९ अनुसार तथ्याङ्क प्रशोधन कार्यमा संलग्न हुने जनशक्ति (प्रश्नावली फाराम कोडिङ, इडिटिङ तथा डाटा इन्ट्री कार्यमा संलग्न जनशक्ति तथा अन्य कर्मचारीहरुले देहाय बमोजिमको

पेशागत आचरण पालना गर्नु पर्नेछः-

(क) विभागले उपलब्ध गराएको परिचयपत्र अनिवार्यरुपमा सबैले देख्ने गरी लगाउनु पर्ने,

(ख) तथ्याङ्क प्रशोधन कार्यमा अनुशासित भई समयभित्र उपस्थित हुनुपर्ने,

(ग) एक अर्कामा अनावश्यक कुरा नगरी शान्त वातावरणमा कार्य गर्नुपर्ने,

(घ) लागु औषध तथा अन्य मादक पदार्थ सेवन गरी परिसर भित्र प्रवेश गर्न नहुने,

(ङ) संकलित फारामको कोडिङ तथा इडिटिङ र डाटा इन्ट्रि कार्यको दुरुपयोग तथा लापरवाही गर्न गराउन नहुने,

(च) तथ्याङ्क प्रशोधन कार्यस्थलमा होहल्ला, नाराबाजी, अरुलाई भड्काउने लगायतका कार्य गर्न गराउन नहुने,

(छ) टेबल, कुर्सी, कम्प्युटर तथा मेशिनरी सामानहरु लगायत अन्य सरकारी सम्पत्ति तोडफोड वा नष्ट गर्न नहुने,

(ज) बदनियतपूर्ण रुपमा प्रश्नावलीहरु केरमेट गर्ने वा सच्याउने वा च्यात्ने वा फोटो खिच्ने कार्य गर्न नहुने,

(झ) तथ्याङ्क प्रशोधन कार्यमा उत्तरदाता वा पारिवारिक विवरणको गोपनीयता भंग हुने कुनै कार्य गर्न गराउन नहुने ।

१.२१ माथि सि.नं. १.२० मा उल्लेखित बाहेक देहाय बमोजिमको थप आचरण पालना गर्नुपर्नेछः-

(ञ) कोभिड विरुद्धको पुरा मात्रा खोप लगाएको हुनुपर्ने र साथमा उक्त कार्ड राख्नुपर्नेछ;

(ट) डाटा इन्ट्री तथा कोडिङ गर्ने कोठामा सम्बन्धित सिफ्टमा काम गर्ने व्यक्ति बाहेक अन्य व्यक्ति कसैलाई पनि साथमा लैजान पाईनेछैन;

(ठ) डाटा इन्ट्री तथा कोडिङ गर्ने स्थानमा कुनै पनि किसिमको खाने तथा पिउने पदार्थ लैजाने वा खान पिउन पाइने छैन;

(ड) डाटा इन्ट्री तथा कोडिङ कार्य शुरु गरेपछि अनावश्यक रूपमा भित्र बाहिर ओहोर दोहोर गर्न पाइने छैन;

(ढ) डाटा इन्ट्री तथा कोडिङ गर्ने कार्य कक्षमा कुनै पनि विद्युतिय सामग्री तथा मोवाइल, महिला तथा पुरुषको हन्याड ब्याग/झोला, पर्स, कलम, कपि, लैजान निषेध गरिएकोले उक्त सामाग्री व्यवस्थापन स्वयं आफैले गर्नुपर्नेछ ।

१.२२ विभागले माथि सि.नं. १.२० र १.२१ मा उल्लेखित (क) देखि (ढ) सम्म कुनै पनि आचरण पालन नगर्ने वा कामको जिम्मेवारी पूर्ण रुपमा बहन नगर्ने करारका कर्मचारीको हकमा करारनामा तत्काल बदर गरिनेछ र त्यस्ता तोकिएको आचरण पालना नगर्ने कर्मचारीलाई राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ को दफा २० को उपदफा ४

बमोजिम थप सजाय समेत हुनेछ । काममा खटाईएका विभागका कर्मचारीको हकमा क्रमसंख्या (क) देखि (ठ) सम्म पालना नगरेमा विभागिय कारवाही र प्रचलित कानुन अनुसार थप सजाय हुनेछ ।

प्रश्नावली कोडिङ गर्दा अपनाउनु पर्ने मुख्य विषयहरु

१.२३ जनगणनाको तथ्याङ्क प्रशोधनको कार्यमा प्रत्यक्षरुपमा संलग्न हुने कोडर/इडिटर तथा डाटा इन्ट्री अपरेटर तथा यसै कार्यमा संलग्न हुने सुपरिबेक्षकहरुले समेत जनगणनाका मुख्य प्रश्नावली, घर तथा घरपरिवार सूचीकरण फाराम र सामुदायिक प्रश्नावली तथा यो पुस्तिका तथा जनगणनाका अन्य पुस्तिकाहरुको (गणना पुस्तिका, सुपरिवेक्षक पुस्तिका) राम्रो अध्ययन तथा जानकारी लिनुपर्दछ । साथै यसबारे कुनै पनि बिषयमा आफुलाई थप जानकारी चाहिएमा आफु भन्दा माथिको अधिकृत तथा सुपरिबेक्षकसँग तुरुन्त सम्पर्क गरी जानकारी हासिल गरी स्पष्ट हुनुपर्दछ ।

१.२४ राष्ट्रिय जनगणना २०७८ को लागि प्रयोग गरिएका प्रशावलीहरुमा समेत आवश्यक कोडहरु दिइएका छन् । प्रश्नहरुमा दिइएको कोड बाहेकको उत्तर लेखिएको अवस्थामा (जस्तैः अन्यमा भाषागत रुपमा उत्तर खुलाएको) यस पुस्तिकामा उल्लेख भए अनुसार गर्ने र खाली प्रश्नका उत्तरहरुको लागि दिनु पर्ने कोड यसै कोडबुकमा हेरी गर्नुपर्दछ ।

१.२५ प्रश्नावली कोडिङ तथा इडिटिङ र डाटा इन्ट्री कार्य प्रक्रिया निम्नानुसारको गर्नुपर्नेछः-

क) तथ्याङ्क प्रशोधनका लागि मुख्यतः तीनवटा भण्डारण कक्षको प्रयोग हुनेछ । विभागको योजना बमोजिम आवश्यकता अनुसार जिल्ला अनुसारको प्रश्नावलीहरु मूल भण्डारण कक्षबाट विभागमा रहेको सहायक भण्डारण कक्षमा राखिनेछ । उक्त कक्षमा रहेका सहायक भण्डारण व्यवस्थापक (स.भ.व्य.) बाट कोडिङ तथा इडिटिङको लागि लगत राखी कोडरहरुलाई वडा वा स्थानीय तह अनुसार प्रश्नावली वितरण हुनेछ । स.भ.व्य. ले कोडर तथा इडिटरलाई एउटा वडा वा स्थानिय तहको तोकिएको काम नसकि अर्को जिम्मा दिनु हुदैन ।

ख) कोडर तथा इडिटरले तोकिएको जिम्मेवारी पुरा गरेपछि कोडिङ तथा इडिटिङ भएका प्रश्नावली स.भ.व्य. लाई बुझाउनु पर्ने छ । उक्त कोडिङ तथा इडिटिङ भएको फाराम स.भ.व्य.ले डाटा इन्ट्रीको भण्डारण व्यवस्थापक (डा.ई.भ.व्य.) लाई डाटा इन्ट्रीको लागि बुझाउनु पर्नेछ ।

ग) डा.ई.भ.व्य. ले डाटा इन्ट्री अपरेटरहरुलाई डाटा इन्ट्रीको लागि वडा वा स्थानीय तह अनुसार वितरण गर्ने र इन्ट्री भैसके पछि फिर्ता बुझ्नु पर्नेछ ।

घ) सबै भण्डारण कक्षका व्यवस्थापकले कप्प्युटर र रजिष्टर दुबैमा रेकर्ड राखेर मात्र कोडर तथा इडिटर वा डाटा इन्ट्री अपरेटरलाई प्रश्नावली दिनु पर्ने र फिर्ता लिँदा पनि रेकर्डमा जनाउनु पर्नेछ ।

१.२६ राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका २०७७ को दफा ६२(२) अनुसार प्रश्नावलीका आधारमा कोडिङ, ईडिटिङ र भेरिफिकेसन गर्दा मुख्यरुपमा निम्न विषयहरुमा समेत परिक्षण गर्नु पर्नेछः-

(क) जिल्ला,गाउँपालिका/नगरपालिका, गाउँ/बस्ती/टोल, गणना क्षेत्रको कोड तथा विवरणको परीक्षण;

(ख) प्रश्नावलीमा भरिएका विवरणहरु बीचको सामञ्जस्यता परीक्षण;

(ग) मृत्यु भएको जम्मा संख्यामा लेखिएको संख्या र मृत्यु भएका व्यक्तिहरुको विवरणमा उल्लेख गरिएको संख्या मिलेको छ कि छैन जाँच गर्ने;

(घ) विदेशमा रहेका अनुपस्थित संख्यामा लेखिएको संख्या (पुरुष महिला समेत) र विदेश गएको व्यक्तिको विवरणमा लेखिएको संख्या गन्ती गर्दा मिल्छ कि मिल्दैन जाँच गर्ने (पुरुष महिला समेत);

(ङ) विदेश गएका व्यक्तिहरु गएको देशको कोड परीक्षण गर्ने वा कोड दिने;

(च) परिवारमा अक्सर बसोवास गर्ने संख्यामा लेखिएको संख्या (पुरुष र महिला समेत) र व्यक्तिगत विवरणमा लेखिएका व्यक्तिहरुको संख्या गन्ती गर्दा मिल्छ कि मिल्दैन जाँच गर्ने (पुरुष र महिला समेत);

(छ) जन्म मिति र उमेर जाँच गर्ने;

(ज) जन्म भएको वा यस अघि बसोबास गरेको जिल्ला तथा देशको कोड जाँच गर्ने;

(झ) पेशा (Occupation) र काम गर्ने वा व्यावसायको क्षेत्र (Industry) को कोड जाँच गर्ने;

(ञ) परिवारमा शुन्य वर्षको व्यक्ति र १५ देखि ४९ वर्षका विवाहित महिलाले गत १ वर्षमा जन्माएको बच्चा संख्याको सामन्जस्यता जाँच गरी एकिन गर्ने ।

१.२७ कोडिङ गर्दा अक्षरमा लेख्ने र कोडिङ अंकमा उल्लेख गरिएकोमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिई कोडिङ गर्नुपर्नेछ ।

१.२८ डाटा इन्ट्री भैसकेपछि कम्प्युटरबाट गुणस्तर नियन्त्रण तथा जाँच (Quality Control/Verify) को व्यवस्था गरिनेछ । कोडिङ तथा इडिटिङ वा डाटा इन्ट्री भईसकेपछि जनसंख्या शाखाका कर्मचारीहरुबाट कोडर तथा इडिटर वा डाटा इन्ट्री अपरेटरबाट भएको त्रुटीपूर्ण कार्य वा प्रविष्टि (Mis Keying) पत्ता लगाई त्रुटीपूर्ण कार्य वा प्रविष्टि गर्ने व्यक्तिहरुलाई सचेत गराइनेछ र त्यसलाई कोडिङ वा पुनः प्रविष्टी गर्न लगाइनेछ । यसरी पुनः कोडिङ वा प्रविष्टी गरेको रेकर्डको दोहोरो भुक्तानी दिइने छैन । कोडर तथा इडिटर र डाटा इन्ट्री अपरेटले त्यस्तो त्रुटी जानिजानी गरेको पाइएमा वा वारम्बार त्रुटीपूर्ण प्रविष्टि गरेमा तत्काल पदबाट बर्खास्त गरिनेछ ।

परिच्छेद दुई: मुख्य प्रश्नावली- परिचयात्मक विवरण

२.१ राष्ट्रिय जनगणना २०७८ को मुख्य प्रश्नावलीमा निम्न किसिमका तीन खण्डहरु रहेका छन्:-

क) **परिचयात्मक खण्ड:** परिचयात्मक विवरणहरू मुख्य प्रश्नावलीको पहिलो पेजको शीर्ष भागमा रहेका छन् । पानाको शिर्ष भागको दायाँपट्टी परिवारका जम्मा व्यक्तिहरु (अक्सर बस्ने, बिदेश अनुपस्थित र स्वदेश अनुपस्थित) राखिएको छ । यो विवरणका आधारमा नै व्यक्तिगत खण्डमा अक्सर बसोबास गर्ने परिवार सदस्यहरुको नामावली लेखिएको हुन्छ । यसै आधारमा परिवारबाट विदेशमा अनुपस्थित व्यक्ति छन् छैनन् थाहा हुन्छ ।

ख) **पारिवारिक खण्ड:** पारिवारिक विवरणका प्रश्नहरू परिचयात्मक खण्डपछि राखिएका छन् । यी प्रश्नहरु परिवारको लागि एक पटक मात्र सोधिएका हुन्छन् । प्रश्न नं. १ देखि १७ सम्मका प्रश्नहरु पारिवारिक प्रश्न हुन् ।

ग) **व्यक्तिगत खण्ड:** व्यक्तिगत खण्डको महल १ देखि ३७ सम्मका प्रश्नहरु प्रश्नावलीको तल्लो खण्ड र अर्को पेजमा समेत राखिएका छन् । जुन परिवारका प्रत्येक सदस्यलाई (प्रश्नावलीमा राखिएको अवस्था अनुसार) सोधिएका छन् ।

२.२ मुख्य प्रश्नावलीको कोडिङ/इडिटिङ गर्दा पहिले परिचयात्मक विवरणका प्रश्नहरूबाट शुरु गरी, त्यसपछि पारिवारिक विवरणका प्रश्नहरूमा र अन्तमा व्यक्तिगत प्रश्नहरुमा दिइएको कोड तथा अन्यमा खुलाएका विवरणहरुलाई राम्ररी बुझी कोडिङ/इडिटिङ कार्य गर्नुपर्दछ । इडिटिङ तथा कोडिङको काम कोडरले सँगसँगै गर्नुपर्दछ । काम अपुरो छोड्न हुँदैन र केही समस्या परेको स्थितिमा तुरुन्त सुपरभाइजरलाई देखाएर समाधान गर्नुपर्दछ ।

परिचयात्मक खण्ड

मुख्य प्रश्नावली	राष्ट्रिय जनगणना २०७८	परिचयात्मक खण्ड

प्रदेश	जिल्ला	गाउँपालिका/नगरपालिका	वडा नं.
कोड	कोड	कोड	
गाउँ/बस्ती/टोल :-		परिवारमूलीको नाम र थर : ..... सम्पर्क टेलिफोन/मोबाइल फोन नं. :	

प्रदेशको नाम र कोड

२.३ कुनै पेजमा गणकले प्रदेशको पुरा नाम वा कोड लेख्न छुटाएको रहेछ वा स्पष्ट लेखेको रहेनछ भने कभर पेज हेरी प्रदेशको नाम र कोड लेख्नुपर्दछ । यदि कभरपेज पनि च्यातिएको छ भने अरु पेजहरु हेरी प्रदेशको नाम र प्रदेश कोड लेख्नुपर्दछ । सातै प्रदेशको नाम र कोड यस पुस्तिकाको अनुसूची १ मा दिइएको छ ।

जिल्लाको नाम र कोड

२.४ कुनै पेजमा गणकले जिल्ला लेख्न छुटाएको रहेछ वा स्पष्ट लेखेको रहेनछ भने कभर पेज हेरी जिल्लाको नाम लेख्नुपर्दछ। यदि कभरपेज पनि च्यातिएको छ भने अरु पेजहरु हेरी जिल्लाको नाम लेख्नुपर्दछ। नेपालका सबै ७७ जिल्लाको कोड र नाम यस पुस्तिकाको अनुसूची २ मा दिइएको छ।

गाउँपालिका/नगरपालिकाको नाम र कोड

२.५ कुनै पेजमा गणकले गाउँपालिका/नगरपालिका लेख्न छुटाएको रहेछ वा स्पष्ट लेखेको रहेनछ भने कभर पेज हेरी गाउँपालिका/नगरपालिकाको नाम लेख्नुपर्दछ। यदि कभरपेज पनि च्यातिएको छ भने अरु पेजहरु हेरी गाउँपालिका/नगरपालिकाको नाम लेख्नुपर्दछ।

२.६ एउटा जिल्लामा घटीमा ३ देखि बढीमा २० वटा गाउँपालिका/नगरपालिकाहरु रहेका छन्। प्रत्येक जिल्लामा गा.पा./ न.पा.को कोड १ बाट शुरु हुन्छ। गाउँपालिका/नगरपालिकाको कोड र नाम यस पुस्तिकाको अनुसूची ३ मा दिइएको छ। तर संस्थागत परिवारको हकमा गाउँपालिका/नगरपालिका उल्लेख नगरेको भएमा कोड 99 लेख्नुपर्दछ।

वडा नं.

२.६ कुनै पेजमा गणकले वडा नं. लेख्न छुटाएका रहेछन् वा स्पष्ट लेखेको रहेनछ भने कभर पेज हेरी वडा नं. लेख्ने र यदि कभरपेज पनि च्यातिएको छ भने अरु पेजहरु हेरी वडा नं. लेख्नुपर्दछ। तर संस्थागत परिवारको हकमा वडा नं. उल्लेख नगरेको भएमा कोड ढढ दिनुपर्दछ।

गणना क्षेत्र नं.

२.७ घनाबस्ती भएका वा ठूला आकारका विभिन्न वडालाई विभाजन गरी गणना क्षेत्र (Enumeration Area) हरुमा विभाजन गरिएको छ। प्रत्येक गणना क्षेत्रहरुमा घर क्रमसंख्या र परिवार क्रमसंख्या १ देखि शुरु हुन्छ। तसर्थ एउटै वडामा जति वटा गणना क्षेत्र छ प्रत्येक गणना क्षेत्रमा घर क्रमसंख्या र परिवार क्रमसंख्या १ देखि शुरु हुने भएकोले सवैभन्दा पहिले वडालाई गणना क्षेत्रमा विभाजन गरिएको छ कि छैन हेर्ने र छ भने जति वटा गणना क्षेत्रमा विभाजन गरिएको छ र त्यही बमोजिम त्यस वडाको सवै गणना क्षेत्र आएको छ छैन हेर्नुपर्दछ। त्यस पछि मात्र अरु कोडिङ तथा इडिटिङ कार्यमा लाग्नुपर्दछ।

२.८ यदि वडा दुई वा दुई भन्दा बढी गणना क्षेत्रमा विभाजन भएको छ तर प्रश्नावलीको कभरपेजमा गणना क्षेत्र लेख्न छुटेको रहेछ भने घर तथा घरपरिवार सुचिकरण फारामको सहायता लिई गणना क्षेत्र लेख्नुपर्दछ। यदि वडा विभाजन भएको छैन भने गणना क्षेत्रमा “00” लेख्नु पर्दछ। तर संस्थागत परिवारको हकमा कोड 99 दिनुपर्दछ।

जनगणना घर क्रमसंख्या

२.९ प्रत्येक जनगणना घरको जनगणना घर क्र.सं. मुख्य प्रश्नवलीको परिचायत्मक खण्डमा लेखिएर आएको हुन्छ। यदि कुनै जनगणना घरक्रमसंख्या लेख्न छुटेको रहेछ भने अगाडी र पछाडिको प्रश्नावलीमा हेरी जनगणना घरक्रमसंख्या लेख्नुपर्दछ। यदि यसरी मिलाउन सकिएन भने उक्त वडा वा गणना क्षेत्रमा भएको अन्तिम घरक्रमसंख्या पछिको जनगणना घर क्रमसंख्या दिनुपर्दछ। जस्तैः अन्तिम १७५ जनगणना घर क्रमसंख्या छ भने नयाँ १७६ दिनुपर्दछ। यहाँ ख्याल गर्नुपर्ने कुरा के छ भने एउटै घरमा एक भन्दा वढी परिवारहरु बसोबास गरेको अवस्थामा जनगणना घर क्रमसंख्या दोहोरिनेछ। गणकले लेखेको जनगणना घर क्रमसख्यामा सामान्यतया माथि लेखिएको बाहेकमा मिलाउनु हुँदैन।

जनगणना परिवार क्रमसंख्या

२.१० प्रत्येक परिवारको जनगणना परिवार क्र.सं. सिलसिलाबद्ध तरिकाले लेखिएर आएको हुन्छ। यदि कुनै जनगणना परिवार क्रमसंख्या लेख्न छुटेको रहेछ भने अगाडि र पछाडिको प्रश्नावलीमा हेरी जनगणना परिवार क्रमसंख्या लेख्नुपर्दछ। यदि यसरी मिलाउन सकिएन भने उक्त वडा वा गणना क्षेत्रमा भएको अन्तिम जनगणना परिवार क्रमसंख्या पछिको परिवार क्रमसंख्या दिनुपर्दछ। जस्तैः अन्तिम २४८ जनगणना परिवार क्रमसंख्या छ भने नयाँ २४९ दिनुपर्दछ।

२.११ जनगणना परिवार क्रमसंख्या दोहरिएको हुनुहुँदैन। यदि कुनै जनगणना परिवार क्रमसंख्या दोहोरिएको छ भने एउटा क्रमसंख्यालाई काटेर माथि लेखे बमोजिम अन्तिम जनगणना परिवार क्रमसंख्या हेरी नयाँ जनगणना परिवार क्रमसंख्या दिनुपर्दछ। एउटै घरमा एक भन्दा बढी परिवारहरु बसोवास गर्न सक्ने भएकोले जनगणना घर क्रमसंख्या र जनगणना परिवार क्रमसंख्या बरावर वा ठूलो हुनुपर्दछ। अर्थात् जनगणना घर क्रमसंख्या भन्दा जनगणना परिवार क्रमसंख्या सानो हुनु हुँदैन। गणकले लेखेको जनगणना परिवार क्रमसख्यामा सामान्यतया माथि लेखिएको बाहेकमा मिलाउने वा काट्ने गर्नुहुँदैन।

यस प्रश्नावलीमा भरिएका विवरणहरु तथ्याङ्क ऐन, २०१५ बमोजिम गोप्य रहने छन्।	जम्मा .....पानाको पाना नं.....	A

गणना क्षेत्र नं.	जनगणना घर क्र.सं.	जनगणना परिवार क्र.सं.	परिवारका सदस्यहरुको संख्या (कुनै कोठामा संख्या नभएमा शून्य (0) लेख्नुहोस्)	जम्मा	महिला	पुरुष
			परिवारमा अक्सर बसोवास गर्ने सदस्य			
			परिवारमा अनुपस्थित (स्वदेश भित्र रहेका)			
			परिवारमा अनुपस्थित (विदेश गएका)			

गाउँ/बस्ती/टोल

२.१३ कुनै पेजमा गणकले गाउँ/बस्ती/टोल लेख्न छुटाएका रहेछन् वा स्पष्ट लेखेको रहेनछ भने अघिल्लो घरपरिवारको गाउँ/बस्ती/टोलको नाम लेख्नुपर्दछ। डाटा इन्ट्री अपरेटरले गाउँ/बस्ती/टोलको नाम रोमन नेपालीमा इन्ट्री गर्नुपर्नेछ।

परिवारमूलीको नाम र थर

२.१४ यसमा उल्लेख भएका परिवारमूलीको नाम र थर व्यक्तिगत विवरणको महल २ को क्रमसंख्या १ मा उल्लेख गरिने व्यक्तिको नामथरसँग मिले नमिलेको हेर्नुपर्दछ। यदि नमिलेमा सुपरभाइजर सँग स्पष्ट निर्देशन लिनुपर्दछ। परिवारमुलीको नाम नलेखिएको अवस्थामा महल २ को पहिलो लहरमा लेखिएको व्यक्तिको नाम परिवावरमूलीको नाममा लेख्नुपर्दछ।

सम्पर्क टेलिफोन/मोबाइल फोन नं.

२.१५ गणना गर्न लागेको परिवारले कुनै पनि प्रकारको टेलिफोन/मोबाइल फोन सेवा लिएको भए टेलिफोन/ मोबाइल नं उल्लेख गर्ने स्थानमा त्यस परिवारको टेलिफोन/मोबाइल नम्बर उल्लेख हुन्छ। प्रश्नावलीमा दिएको कुनै जवाफ अस्पष्ट भएमा वा नबुझिएमा उक्त टेलिफोन वा मोवाइल नं. मा सम्पर्क गरी निश्चित गर्न सकिन्छ।

परिवारमा अक्सर बसोबास गर्ने व्यक्ति संख्या

२.१६ परिवारमा अक्सर बसोबास गर्ने जम्मा व्यक्ति संख्यामा उल्लेख भएको संख्या महिला र पुरुषमा उल्लेख भएको संख्याको जोड बराबर हुनुपर्दछ। साथै त्यस परिवारको व्यक्तिगत विवरणमा भरिएका सबै व्यक्ति संख्या गन्ति गर्दा बराबर हुनुपर्दछ। यदि गणकले भर्न छुटाएको रहेछ भने त्यस परिवारमा जम्मा कति जना छन् व्यक्तिगत विवरण हेरी भरी दिनुपर्दछ।

पुरुष

२.१७ यसमा उल्लेख भएको संख्या व्यक्तिगत विवरणको महल ४ (.....को लिङ्ग कुन हो ?) को १ (पुरुष) कोडको संख्या गन्ति गर्दा बराबर हुनुपर्दछ। यदि बराबर छैन भने शुरुमा त्यस परिवारका सबै व्यक्तिको नाम, थर पढी लिङ्ग अनुसार ज्ञ कोड लगाएको ठिक छ छैन हेर्नुपर्दछ। यदि लिङ्गमा कोड लगाएको ठिक नलागेमा सुपरभाइजरसँग सल्लाह लिनुपर्दछ। यदि सबै परिवारका व्यक्तिको लिङ्ग अनुसार कोड दिएको ठिक छ भने पुरुष संख्यालाई सच्याउनु पर्दछ। यदि गणकले भर्न छुटाएको रहेछ भने त्यस परिवारमा पुरुष जम्मा कति जना छन् व्यक्तिगत विवरणबाट गन्ति (Count) गरी लेख्नुपर्दछ। यदि त्यस परिवारमा एक जना पनि पुरुष रहेनछन् भने "0" लेख्नुपर्दछ।

महिला

२.१८ यसमा उल्लेख भएका महिला संख्या व्यक्तिगत विवरणको महल ४ (.....को लिङ्ग कुन हो ?) को २ (महिला) कोडको संख्या गन्ति गर्दा बराबर हुनुपर्दछ। यदि बराबर छैन भने शुरुमा त्यस परिवारका सबै व्यक्तिको नाम थर पढी लिङ्ग अनुसार 2 कोड दिएको ठिक छ छैन हेर्नु पर्दछ यदि लिङ्ग अनुसार कोड लगाएको ठिक नलागेमा सुपरभाइजरसँग सल्लाह लिनुपर्दछ। यदि सबै परिवारका व्यक्तिको लिङ्ग अनुसार कोड दिएको ठिक छ भने महिला संख्यालाई सच्याउनु

पर्दछ। यदि गणकले भर्न छुटाएको रहेछ भने त्यस परिवारमा जम्मा कति जना महिला छन् व्यक्तिगत विवरणबाट गन्ति (Count) गरी लेख्नुपर्दछ। यदि त्यस परिवारमा एक जना पनि महिला रहेनछन् भने "0" लेख्नुपर्दछ।

परिवारमा अनुपस्थित (स्वदेश भित्रै रहेका) जम्मा सदस्य संख्या, महिला, पुरुषः

२.१९ परिवारमा अनुपस्थित (स्वदेशभित्र) जम्मा व्यक्ति संख्यामा उल्लेख भएको संख्या अनुपस्थित महिला र पुरुषमा उल्लेख भएको संख्याको जोड बराबर हुनुपर्दछ। यदि बराबर छैन भने महिला र पुरुषको जोड कति हुन्छ, सोही संख्या जम्मामा लेख्नुपर्दछ।

परिवारमा अनुपस्थित (विदेशमा गएका) जम्मा सदस्य संख्या, महिला, पुरुषः

२.२० परिवारमा अनुपस्थित (विदेशमा गएका) जम्मा व्यक्ति संख्यामा उल्लेख भएको संख्या अनुपस्थित महिला र पुरुषमा उल्लेख भएको संख्याको जोड बराबर हुनुपर्दछ। यदि बराबर छैन भने महिला र पुरुषको जोड कति हुन्छ, सोही संख्या जम्मामा लेख्नुपर्दछ।

२.२१ परिवारमा अनुपस्थित (विदेश गएका) जम्मा व्यक्ति संख्यामा उल्लेख भएको संख्या महिला र पुरुषमा उल्लेख भएको संख्याको जोड बराबर हुनुपर्दछ। साथै परिवारको विदेश अनुपस्थित सदस्यको विस्तृत विवरण पारिवारिक खण्डको प्रश्न नं. १७ मा भरिएको हुन्छ। त्यहाँ भरिएका व्यक्ति संख्या गन्ति गरी जम्मा, महिला र पुरुष संख्या मिल्ने गरी यहाँ लेख्नुपर्दछ।

परिच्छेद तीन: मुख्य प्रश्नावली- पारिवारिक विवरण

पारिवारिक खण्ड

१. तपाईंको परिवारले प्रयोग गरेको घरको स्वामित्व कस्तो हो ?	२. तपाईंको परिवारले प्रयोग गरेको घरको जग के ले बनेको छ ?	३. तपाईंको परिवारले प्रयोग गरेको घरको बाहिरी गारो के ले बनेको छ ?	४. तपाईंको परिवारले प्रयोग गरेको घरको छाना के ले बनेको छ ?	५. तपाईंको परिवारले प्रयोग गरेको घरको भुई कस्तो छ ?
◆आफ्नै..... 1 ◆भाडामा ..... 2 ◆संस्थागत..... 3 ◆अन्य ..... 4 कोड	◆माटोको जोडाइ भएको इँटा/ढुङ्गा..... 1 ◆सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गा..... 2 ◆ढलान पिल्लर सहितको..... 3 ◆काठ/बाँसको खम्बा गाडेको..... 4 ◆अन्य..... 5 कोड	◆ माटोको जोडाइ भएको इँटा/ढुङ्गा.....1 ◆ सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गा.... 2 ◆ काठ/फल्याक..... 3 ◆बाँसजन्य सामग्री.... 4 ◆काचो इंटा..... 5 ◆जस्ता/टिन..... 6 ◆प्रिफाब..... 7 ◆अन्य..... 8 कोड	◆जस्ता/टिन/च्यादर..... 1 ◆सिमेन्ट ढलान..... 2 ◆खर/पराल/छवानी..... 3 ◆टायल/खपडा/भिँगटी.... 4 ◆ढुङ्गा/स्लेट..... 5 ◆काठ/फल्याक..... 6 ◆माटो..... 7 ◆अन्य..... 8 कोड	◆माटो..... 1 ◆काठको फल्याक/बाँस..... 2 ◆इँटा/ढुङ्गा ..... 3 ◆सेरामिक टायल..... 4 ◆सिमेन्ट ढलान..... 5 ◆अन्य ..... 6 कोड

प्रश्न १: तपाईंको परिवारले प्रयोग गरेको घरको स्वामित्व कस्तो हो ?

३.१ यस प्रश्नमा कोड 1 देखि 4 सम्म विभिन्न स्वामित्वको प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 लेख्नुपर्दछ ।

प्रश्न २: तपाईंको परिवारले प्रयोग गरेको घरको जग के ले बनेको छ ?

३.२ यस प्रश्नमा कोड 1 देखि 5 सम्म घरका जगहरुको प्रकार दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 लेख्नुपर्दछ ।

प्रश्न ३: तपाईंको परिवारले प्रयोग गरेको घरको बाहिरी गारो के ले बनेको छ ?

३.३ यस प्रश्नमा कोड 1 देखि 8 सम्म घरको बाहिरी गारोका प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 लेख्नुपर्दछ ।

प्रश्न ४: तपाईंको परिवारले प्रयोग गरेको घरको छाना के ले बनेको छ ?

३.४ यस प्रश्नमा कोड 1 देखि 8 सम्म घरको छानाका प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनै पनि कोड उल्लेख नभएमा कोड 9 लेख्नुपर्दछ ।

प्रश्न ५: तपाईंको परिवारले प्रयोग गरेको घरको भुई कस्तो छ ?

३.५ यस प्रश्नमा कोड 1 देखि 6 सम्म घरको भुईका प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 लेख्नुपर्दछ ।

प्रश्न ६: तपाईंको परिवारको खानेपानीको मुख्य स्रोत कुन हो ?

३.६ यस प्रश्नमा कोड 1 देखि 9 सम्म खानेपानीको मुख्य स्रोतका प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड खानेपानीको स्रोत जनाउन संकेत कोठामा लेखिएको हुन्छ । कुनै पनि खानेपानीको स्रोत उल्लेख नभएमा सँगैको छिमेकी परिवारले प्रयोग गरेको खानेपानीको स्रोत हेरेर सोको कोड उल्लेख गर्नुपर्दछ ।

प्रश्न ७: तपाईंको परिवारमा खाना पकाउन अक्सर (मुख्य रुपमा) कुन इन्धन प्रयोग गर्नुहुन्छ ?

३.७ यस प्रश्नमा कोड 1 देखि 7 सम्म खाना पकाउने इन्धनका प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 दिनुपर्दछ ।

प्रश्न ८: तपाईंको परिवारमा बत्ती बाल्न अक्सर (मुख्य रुपमा) के प्रयोग गर्नुहुन्छ ?

६. तपाईंको परिवारको खानेपानीको मुख्य स्रोत कुन हो ?	७. तपाईंको परिवारमा खाना पकाउन अक्सर (मुख्यरुपमा) कुन इन्धन प्रयोग गर्नुहुन्छ ?	८. तपाईंको परिवारमा बत्ती बाल्न अक्सर (मुख्यरुपमा) के प्रयोग गर्नुहुन्छ ?	९. तपाईंको परिवारले प्रयोग गर्ने चर्पी कस्तो छ ?
◆धारा/पाइप (घरपरिसर भित्र)... 1	◆काठ/दाउरा 1	◆बिजुली..... 1	◆फ्लस भएको (सार्वजनिक ढल)..... 1
◆धारा/पाइप(घरपरिसर बाहिर)... 2	◆एल.पी.ग्यास..... 2	◆सोलार/सौर्यउर्जा..... 2	◆फ्लस भएको (सेप्टिक ट्याङ्क)..... 2
◆ट्युबवेल/हाते पम्प..... 3	◆बिजुली..... 3	◆मट्टीतेल..... 3	◆साधारण..... 3
◆ढाकिएको इनार/कुवा..... 4	◆गुईठा/गोरहा..... 4	◆बायोग्यास..... 4	◆सार्वजनिक..... 4
◆खुला इनार/कुवा..... 5	◆मूल धारा..... 6	◆अन्य..... 5	◆चर्पी नभएको..... 5
◆नदी/खोला..... 7	◆बायोग्यास..... 5		
◆जार/बोतल..... 8	◆मट्टीतेल..... 6		
◆अन्य..... 9	◆अन्य..... 7		
कोड ☐	कोड ☐	कोड ☐	कोड ☐

३.८ यस प्रश्नमा कोड 1 देखि 5 सम्म बत्ती बाल्न प्रयोग हुने इन्धनका प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 दिनुपर्दछ ।

प्रश्न ९: तपाईंको परिवारले प्रयोग गर्ने चर्पी कस्तो छ ?

३.९ यस प्रश्नमा कोड 1 देखि 5 सम्म चर्पीका प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 दिनुपर्दछ ।

प्रश्न १०: तपाईंको परिवारमा निम्न घरायसी सुविधा तथा साधनहरु के के छन् ?

१०. तपाईंको परिवारमा निम्न घरायसी सुविधा तथा साधनहरु के के छन् ?				१११. तपाईंको परिवारमा महिलाका नाममा नेपालको कुनै पनि ठाउँमा घर/जग्गा छ ?
A. रेडियो सुविधा ☐	E.स्मार्ट मोबाइल फोन ☐	I. मोटरसाइक्ल/स्कुटर ☐	M. वाशिङ्ग मशिन ☐	◆घर मात्र भएको ..... 1 ◆घर र जग्गा दुवै भएको 3
B. टेलिभिजन ☐	F. कम्प्युटर/ल्यापटप ☐	J. साइकल ☐	N. एयर कन्डिसनर ☐	◆जग्गा मात्र भएको .....2 ◆घर र जग्गा दुवै नभएको .. 4
C. ल्याण्डलाइन टेलिफोन ☐	G. इन्टरनेट सुविधा ☐	K. विद्युतीय पंखा ☐	X. कुनै पनि नभएको ☐	कोड ☐
D. मोबाइल फोन (साधारण) ☐	H. कार /जीप /भ्यान ☐	L. रेफ्रिजरेटर ☐		

३.१० यस प्रश्नमा A देखि N सम्म घरायसी सुविधा तथा साधनहरु घरपरिवारमा छन् छैनन् भनेर सोधिएकोमा उल्लेखित सुबिधा तथा साधनहरु उपयोग गरेको भए (√) चिन्ह लगाएको हुनेछ । यो प्रश्न बुहउत्तर सम्भव भएको प्रश्न हो । परिवारमा ती सुविधाहरु एक वा एकभन्दा बढी हुन सक्दछ । यी सुविधाहरु कुनै पनि नभएको भएमा संकेत X (माथिका कुनै पनि नभएको) कोठामा ठीक (√) चिन्ह लगाएको हुन्छ । यदि संकेत A देखि N मध्ये केहीमा (√) लगाएको अवस्थामा

केही नभएको भन्ने कोठामा पनि ठीक (√) चिन्ह लगाएको भएमा केही नभएको कोठामा ठीक (√) चिन्ह काट्नुपर्दछ ।

प्रश्न ११: तपाईंको परिवारमा महिलाको नाममा नेपालको कुनै पनि ठाउँमा घर/जग्गा छ ?

११. तपाईंको परिवारमा महिलाका नाममा नेपालको कुनै पनि ठाउँमा घर/जग्गा छ ?

- घर मात्र भएको 1
- जग्गा मात्र भएको 2
- घर र जग्गा दुवै भएको 3
- घर र जग्गा दुवै नभएको .. 4

कोड

३.११ यस प्रश्नमा कोड 1 देखि 4 सम्म महिलाको नाममा भएको घर/जग्गाको स्वामित्वको प्रकारहरु दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 दिनुपर्दछ ।

प्रश्न १२: तपाईंको परिवारले कृषि बाहेक कुन मुख्य साना घरेलु व्यवसाय चलाएको छ ? (दर्ता नगरिएका र तलबी कामदार नभएका)

१२. तपाईंको परिवारले कृषि बाहेक कुन मुख्य साना घरेलु व्यवसाय चलाएको छ ?
(दर्ता नगरिएका र तलबी कामदार समेत नभएका)

- घरेलु उद्योग 1
- व्यापार 2
- यातायात 3
- सेवा.....4
- अन्य 5
- साना घरेलु व्यवसाय नभएको ..6 → प्रश्न नं. १४

कोड

१३. तपाईंको परिवारमा उक्त साना घरेलु व्यवसाय मुख्यतया कसले सञ्चालन गरेको छ ?

- पुरुष.....1
- महिला.....2

कोड

३.१२ यस प्रश्नमा कोड 1 देखि 5 सम्म घरपरिवारले सञ्चालन गरेका घरेलु तथा साना व्यवसायको प्रकारहरु र साना घरेलु उद्योग नभएको कोड 6 दिइएका छन् । ती मध्ये कुनै एउटा कोड सम्बन्धित प्रश्न अन्तर्गतको संकेत कोठामा उल्लेख भएको हुनुपर्दछ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 दिनुपर्दछ । यस प्रश्नमा कोड 6 दिएको भएमा प्रश्न १३ फड्केर प्रश्न १४ मा जानु पर्ने हुन्छ, त्यसैले यहाँ कोड 6 राखी प्रश्न १३ मा पनि कुनै कोड राखिएको छ भने प्रश्न १३ को काट्नुपर्दछ ।

प्रश्न १३: तपाईंको परिवारमा उक्त साना घरेलु व्यवसाय मुख्यतया कसले सञ्चालन गरेको छ ?

३.१३ प्रश्न १२ मा परिवारले दर्ता नगरी चलाएको साना घरेलु उद्योग, व्यापार, यातायात, सेवा तथा अन्य व्यवसाय पुरुषले चलाएको भए कोड 1 र महिलाले सञ्चालन गरेको भए कोड 2 लेखेको हुन्छ । तर कुनैमा पनि कोड उल्लेख नभएमा कोड 9 लेख्नुपर्दछ ।

प्रश्न १४: गत १२ महिनामा तपाईंको परिवारमा कसैको मृत्यु भएको थियो ?

३.१४ सम्बन्धित घरपरिवामा गत १ वर्षमा परिवारका सदस्य कसैको मृत्यु भएको थियो भने यस प्रश्नमा कोड 1 र मुत्यु भएको थिएन भने कोड 2 लेखिएको हुन्छ । तर यस प्रश्नसँग प्रश्न नं.

१५ सम्बन्धित भएकोले संकेत कोठामा थियो (कोड 1) लेखेको छ तर प्रश्न नं. १५ मा मृत्यु भएको व्यक्तिको विवरण आएको छैन भने 1 कोड काटेर 2 कोड लेख्नुपर्दछ। त्यस्तै यदि प्रश्न १४ को संकेत कोठामा थिएन (कोड 2) लेखिएको छ तर प्रश्न नं. १५ विवरण भरेर आएको छ भने प्रश्न १४ मा 2 कोड काटेर 1 कोड लेख्नुपर्दछ।

मृत्यु सम्बन्धी विवरण
१४. गत १२ महिनामा तपाईंको परिवारमा कसैको मृत्यु भएको थियो ? थियो.... 1 थिएन... 2 → प्रश्न १६ कोड ☐ मृत्यु भएको संख्या : .....

१५. मृत्यु भएका व्यक्तिको विवरण दिनुहोस् ।

क.सं.	मृत्यु भएका व्यक्तिको नाम र थर	मृत्यु भएका व्यक्तिको लिङ्ग •पुरुष..... 1 •महिला..... 2	मृत्यु हुँदा उमेर कति थियो ? (पुरा भएको वर्ष)	मृत्यु हुनुको मुख्य कारण के थियो ? (कोड)	मृतक १५ देखि ४९ वर्षको महिला भए मृत्यु हुँदा उहाँको अवस्था कस्तो थियो ? •गर्भवती...1 •सुत्केरी भएको (बच्चा जन्मेको) छ हप्ताभित्र..... 3 •प्रसुती..... 2 •अन्य..... 4
(१)	(२)	(३)	(४)	(५)	(६)
१.					कोड ☐
२.					कोड ☐
३.					कोड ☐

मृत्युको कारण •सरुवा रोग..... 1 •यातायात दुर्घटना..... 3 •प्रजनन तथा प्रसुती जटिलता.. 5 •आत्महत्या..... 7 •अन्य..... 9
•नसर्ने प्रकृतिका रोग..... 2 •अन्य दुर्घटना.....4 •हत्या..... 6 •प्राकृतिक प्रकोप..... 8

मृत्यु भएको संख्या

३.१५ परिवारमा कसैको मृत्यु भएको थियो भने कति जनाको मृत्यु भएको थियो भनेर सो संख्या प्रश्नावलीमा लेखिएको हुन्छ। तर यसमा लेख्न छुटेमा प्रश्न नं. १५ (मृत्यु भएका व्यक्तिको विवरण) मा उल्लेख गरिएको मृत्यु भएका व्यक्तिको संख्या गन्ति गरी यसमा उक्त संख्या अंकमा लेख्नुपर्दछ।

प्रश्न १५: मृत्यु भएका व्यक्तिको विवरण दिनुहोस्।

महल १ – क्र.सं.: डाटा इन्ट्री प्रोग्रामबाट आफै आउने भएकोले क्रमसंख्याको महलमा केही गर्नुपर्दैन।

महल २ – मृत्यु भएको व्यक्तिको नाम र थर: यसमा केही गर्न नपर्ने

महल ३ – मृत्यु भएको व्यक्तिको लिङ्ग

३.१६ यसमा महलमा मृत्यु भएको व्यक्ति पुरुष हो भने कोड 1 र महिला हो भने कोड 2 लेखिएको हुनेछ। जुन कोड दिएको छ, त्यसैलाई कायम राख्नुपर्दछ। यदि कुनै कोड लेखिएको छैन भने मृत्यु भएको व्यक्तिको नाम हेरी निश्चित गर्नुपर्दछ।

महल ४ – मृत्यु हुँदा उमेर कति थियो ?

३.१७ यस महलमा मृत्यु भएको व्यक्तिको उमेर मृत्यु हुँदा कति वर्ष पुगेको थियो सो उमेर लेखेको हुनेछ। यदि मृत्यु हुँदा उमेर कति थियो थाहा छैन वा थाहा भएन भनेर लेखेको रहेछ भने कोड 998 तर खाली छाडेको भए कोड 999 लेख्नुपर्दछ।

महल ५ – मृत्यु हुनुको मुख्य कारण के थियो ?

३.१८ यसमा मृत्यु भएको व्यक्ति के कारणले मृत्यु भएको हो सो जनाउन कोड 1 देखि 9 मध्ये कुनै एउटा कोड लेखि आएको हुनेछ। यदि कोड नलेखि मृत्यु भएको कारण शब्दमा उल्लेख गरिएको

भएमा उक्त कारण कुन कोड अन्तर्गत पर्दछ सोही कारणको कोड लेख्नुपर्दछ। तर मृत्युको कारण र कुनै पनि कोड नलेखी खाली छोडिएको रहेछ भने 99 राख्नुपर्दछ। मृत्युको कारण थाहा छैन भनेर लेखेको रहेछ भने कोड 98 लेख्नुपर्दछ।

महल ६ – मृतक १५ देखि ४९ बर्षको महिला भए मृत्यु हुदाँ उहाँको अवस्था कस्तो थियो ?

३.१९ यदि मृत्यु भएको व्यक्ति १५ वर्ष देखी ४९ वर्षको महिला हो भने उक्त महिलाको मृत्यु मातृमृत्यु अन्तर्गत पर्छ कि पर्दैन भन्नको लागि कोड 1 देखि 4 सम्म मृत्यु हुँदाको अवस्था सोधिएको छ। गणकले जुनमा कोड उल्लेख गरेको छ त्यसैलाई कायम राख्नुपर्दछ। यदि मृत्यु हुँदाका अवस्थाहरु उल्लेख गरेको तर कोड नदिएको भएमा सम्बन्धित कोड लेखिदिनुपर्दछ। तर कोड लेख्ने कोठामा तथा मृत्यु हुँदाका अवस्थाहरु बारेमा केही पनि उल्लेख नभएमा कोड 9 लेख्नुपर्दछ। मृत्यु हुँदाको अवस्था थाहा छैन भनी लेखेको छ भने कोड 8 ले लेख्नुपर्दछ।

३.२० मृतक १५ देखि ४९ वर्षको महिला भए मृत्युको कारण सहित सबै विवरण अनुसूची १० मा उपलब्ध गराइएको फाराममा उतार गर्नु पर्दछ। गणनाको समयमा गणकहरुले पनि उक्त विवरण उतार गरेका छन् र ती ठीक छन् छैनन् भनेर दोहोरो परिक्षण गरी सही मातृमृत्युको अवस्था पत्ता लगाउन प्रयोग गरिने भएकोले सहि विवरण उतार गर्नु पर्दछ। यदी कोडरले उतार गरेको र गणकले उतार गरेको विवरणमा फरक परेमा पछि पुनः जाँच गरिने छ।

प्रश्न १६: तपाईंको परिवारका कुनै अनुपस्थित सदस्य हाल विदेश गएका छन् ?

३.२१ परिवारमा अनुपस्थित सदस्य विदेश गएका भए कोड 1, विदेश गएका छैनन् भने कोड 2 र कुनै पनि सदस्य घर छोडेर हिडेको तर विदश गए नगएको निश्चित छैन भने थाहा नभएको जनाउन कोड 3 मध्ये कुनै एउटा कोड लेखिएको हुन्छ। जुन कोड उल्लेख भएको छ त्यसैलाई कायम राख्नुपर्दछ। तर यस प्रश्नसँग प्रश्न नं. १७ पनि सम्बन्धित भएको हुँदा संकेत लेख्ने कोठामा 1 कोड उल्लेख भएको तर प्रश्न नं. १७ मा विदेश गएका व्यक्तिको विवरण उल्लेख गरेको छैन भने संकेत कोठामा लेखेको 1 काटेर कोड 2 लेख्नुपर्दछ। त्यस्तै यदि संकेत कोठामा कोड 2 भएको तर प्रश्न नं. १७ मा विदेश गएका व्यक्तिको विवरण उल्लेख गरेको छ भने कोड 2 काटेर कोड 1 लेख्नुपर्दछ।

३.२२ त्यस्तै यदि यस प्रश्नको संकेत लेख्ने कोठामा कुनैमा पनि कोड लेखेको रहेनछ भने प्रश्न नं. १७ हेरी त्यस परिवारमा अनुपस्थित व्यक्ति विदेश गएका छन् भने 1 कोड लेख्नुपर्दछ र प्रश्न नं. १७ मा खाली छ भने 2 कोड लेख्नुपर्दछ।

अनुपस्थित विवरण
१६. तपाईको परिवारका कुनै अनुपस्थित सदस्य हाल विदेश गएका छन् ? [ ] छन् .....1 छैनन् .....2 → व्यक्तिगत खण्ड थाहा छैन .....3 → व्यक्तिगत खण्ड
१७. तपाईको परिवारबाट विदेश गएका व्यक्तिको विवरण दिनुहोस् ।

क्र.सं.	विदेश गएका व्यक्तिको नाम र थर	विदेश गएको व्यक्तिको लिङ्ग के हो ? ◆पुरुष..... 1 ◆महिला..... 2	विदेश जाँदाको उमेर कति थियो ? (पुरा भएको वर्षमा)	विदेश जाँदा उत्तीर्ण गरेको माथिल्लो शैक्षिक तह कति थियो ? (कोड) ५ वर्ष वा सोभन्दा माथिकालाई मात्र	विदेश गएको कति वर्ष भयो ?	विदेश जानुको मुख्य कारण के थियो ? (कोड)	गएको देश कुन हो ?				महल ७: विदेश जानुको मुख्य कारण
							देशको नाम	(कोड)			◆तलब/ज्याला, नोकरी..... 1 ◆व्यापार/व्यवसाय..... 2 ◆अध्ययन/तालिम..... 3 ◆कामको खोजी..... 4 ◆आश्रित..... 5 ◆अन्य..... 6 ◆थाहा छैन..... 9
(१)	(२)	(३)	(४)	(५)	(६)	(७)	(८)				
१.							.....				
२.							.....				
३.							.....				
४.							.....				

प्रश्न १७ : तपाईंको परिवारबाट विदेश गएका व्यक्तिको विवरण दिनुहोस् ।

३.२३ प्रश्न नं. १६ अन्तर्गतको संकेत कोठामा 1 कोड आएको भए मात्र प्रश्न नं. १७ मा विवरणहरु उल्लेख गरिएको हुन्छ । यदि परिवारबाट विदेश गएका व्यक्तिको विवरण खाली भएमा प्रश्न नं. १६ अन्तर्गतको संकेत कोठामा 2 वा 3 कोड हुनै पर्दछ ।

महल १- क्र.सं.: यसमा केही गर्न पर्दैन

महल २- विदेश गएका व्यक्तिको नाम थर :

३.२४ यसमा केही गर्नु नपर्ने ।

महल ३- विदेश गएको व्यक्तिको लिङ्ग के हो ? :

३.२५ यसमा विदेश गएको व्यक्ति पुरुष वा महिला के हो सोही अनुसार 1 वा 2 मध्ये कुनै एउटा कोड लेखेको हुन्छ । जुन लेखिएको छ त्यसैलाई कायम गर्नुपर्दछ । यदि लिङ्गको कोड लेख्न छुटाइएको रहेछ भने नाम अनुसार पुरुष वा महिला के हो छुट्याई सोको कोड लेख्नुपर्दछ । नामबाट यकिन हुन सकेन भने परिचयात्मक खण्डमा लेखिएको महिला र पुरुषको संख्याबाट यकिन गर्न सकिने अवस्था आएमा यकिन गरी लेख्नु पर्दछ । यदि त्यसबाट पनि यकिन गर्न सकिएन भने उत्तर नआएको कोड 9 लेख्नु पर्दछ ।

महल ४- विदेश जाँदाको उमेर कति थियो ? (पूरा भएको वर्षमा):

३.२६ यसमा गणकले जति उमेर भरेर ल्याएको हुन्छ, त्यसैलाई कायम राख्नुपर्दछ । तर खाली छाडेको रहेछ भने कोड 999 र थाहा छैन भनेर लेखिएको रहेछ भने कोड 998 लेख्नुपर्दछ ।

महल ५ - विदेश जाँदा उत्तीर्ण गरेको माथिल्लो शैक्षिक तह कति थियो ? (५ वर्ष वा सोभन्दा माथिकालाई मात्र) :

३.२७ विदेश गएको व्यक्ति विदेश जाँदा ५ वर्ष वा सो भन्दा बढी उमेरको रहेछ भने विदेश जाँदा कति कक्षा उत्तिर्ण गरेर थियो भन्ने जनाउन 1 देखि 15 सम्म वा 90, 91 मध्ये कुनै एउटा लेखेर ल्याएको हन्छ । यसमा गणकले लेखेकोलाई नै कायम राख्नुपर्दछ । तर गणकले कुनै कोड नलेखी खाली छाडेको भएमा कोड 99 लेख्नुपर्दछ । यदि शैक्षिक तह थाहा छैन भनेर लेखेको

भए कोड 98 लेख्नु पर्दछ। व्यक्तिको उमेर र उत्तिर्ण गरेको तह बीचको सामन्जस्यता ४.२४ मा हेर्नुहोस्।

महल ६- विदेश गएको कति वर्ष भयो ? :

३.२८ यसमा विदेश गएको व्यक्ति कति वर्षदेखि विदेशमा रहेको छ उक्त अवधि वर्षमा भरेको हुन्छ। त्यसैलाई कायम राख्नुपर्दछ। तर उक्त विदेश गएको अवधि थाहा छैन भन्ने लेखी आएमा कोड 98 र खाली छ भने कोड 99 लेख्नुपर्दछ।

महल ७- विदेश जानुको मुख्य कारण के थियो ?

३.२९ परिवारमा अनुपस्थित व्यक्ति विभिन्न कारणले विदेश गएका हुन सक्छन्। प्रश्नावलीमा विदेश जानुको विभिन्न कारणहरुको लागि कोड 1 देखि 6 सम्म र थाहा नभएकोलाई कोड 9 दिइएको छ। गणकले ती मध्ये कुनै एउटा कारणको कोड लेखेको हुन्छ। जुन कोड लेखेको छ त्यसैलाई कायम राख्नुपर्दछ। तर उत्तर नलेखी खाली छोडेको भएमा कोड 8 लेख्नुपर्दछ।

महल ८- गएको देश कुन हो ?

३.३० परिवारमा अनुपस्थित व्यक्ति संसारका विभिन्न देशमा गएको हुनसक्छ। गएको देशको नाम र कोड यस पुस्तिकाको अनुसूची ४ मा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ। अनुसूची ४ मा दिइएका देश भन्दा बाहेक अन्य कुनै देश आएमा कोड 996 राख्नुपर्दछ। देश खाली आएमा 999 र थाहा छैन आएमा 998 लेख्नुपर्दछ।

परिच्छेद चार: मुख्य प्रश्नावली- व्यक्तिगत विवरण

व्यक्तिगत खण्ड

क.सं.	जनसांख्यिक विवरण								
	परिवारमा अक्सर बसोबास गर्ने व्यक्तिको नाम र थर (परिवारका व्यक्तिको नाम र थर लेख्दा सबैभन्दा पहिले परिवारमूलीको नाम लेखी बांकी सदस्यहरुको क्रमैसंग लेहनुहोस्)	..[नाम].. परिवार मूलीको के नाता पर्नुहुन्छ ? (कोड)	..[नाम].. को लिङ्ग कुन हो ? ◆पुरुष..... 1 ◆महिला..... 2	..[नाम]..को जन्म कहिले भएको हो र पुरा भएको उमेर कति हो ? (जन्म मितिको साल र महिना लेख्नुहोस्) (पुरा भएको उमेर अकमा लेख्नुहोस्, एक वर्ष उमेर पुरा नभएकालाई ०० लेख्नुहोस्)	५ वर्ष वा सो भन्दा कम उमेरकालाई मात्र ..[नाम]..को जन्मदर्ता गर्नु भएको छ ? ◆छ..... 1 ◆छैन..... 2	..[नाम]..को जात/जाति के हो ?		..[नाम]..को पुर्खाको भाषा कुन हो ?	
						जात/जाति	(कोड)	पुर्खाको भाषा	(कोड)
(१)	(२)	(३)	(४)	(५)	(६)	(७)		(८)	
०१				जन्म मितिः ...../..... उमेरः ..... वर्ष		.....		.....	

४.१ परिवारको परिचयात्मक र पारिवारिक खण्डको सम्पादन कार्य सकेपछि उक्त परिवारमा अक्सर बसोबास गर्ने प्रत्येक व्यक्तिको विवरण व्यक्तिगत खण्डमा उल्लेख गरेको हुन्छ। व्यक्तिगत विवरण खण्डमा परिवारका प्रत्येक सदस्यका लागि एउटा लहर (Row) छुट्टयाइएको छ। व्यक्तिगत खण्डमा जम्मा ३७ वटा महल (Column) छन् भने एक पानामा जम्मा ८ जना व्यक्तिको विवरण अट्ने लहरहरु छन्। सामान्यतयाः एउटा परिवारको लागि एउटा प्रश्नावली फारामको दुई वटा पाना प्रयोग भएको हुन्छ। कुनै परिवारमा गणना गर्नुपर्ने जम्मा सदस्य ८ जनाभन्दा बढी भएमा व्यक्तिगत खण्डको थप अर्को २ पाना प्रयोग भएको हुन्छ।

४.२ व्यक्तिगत विवरणको कोडिङ/इडिटिङ्ग कार्य शुरु गर्नुभन्दा अगाडि परिचयात्मक विवरणमा फारामको माथि दायाँपट्टी लेखिएको अक्सर बसोबास गर्ने जम्मा सदस्य संख्या, पुरुषको संख्या, महिलाको संख्या र व्यक्तिगत विवरणमा भरिएका व्यक्तिको संख्या बराबर छ छैन साथै महिलामा लेखिएको संख्या र व्यक्तिगत विवरणमा महिलाको संख्या तथा पुरुषमा लेखिएको संख्या र व्यक्तिगत विवरणमा पुरुषको संख्या गन्ति गर्दा बराबर छ छैन निश्चित गर्नुपर्दछ र नमिलेको भए परिचयात्मक विवरणमा सच्याउनुपर्दछ।

महल १: क्र.सं.

४.३ एक परिवारमा ८ जना सम्म सदस्य भए एउटा प्रश्नावली प्रयोग गरिएको हुन्छ। यदि ८ जना भन्दा बढी सदस्य भए परिवारको संख्या हेरी एक भन्दा बढी प्रश्नावली प्रयोग गरिएको हुन्छ। त्यस्तो अवस्थामा गणकले दोस्रो प्रश्नावलीको क्र.सं. १, २, ३ ... लाई काटेर ९, १०, ११ ... गर्दै लेखिएको हुनुपर्दछ सोही अनुसार लेखि दिनुपर्दछ। परिवारका सदस्यहरु १६ जनाभन्दा बढी भए एवं क्रमले तेस्रो प्रश्नावलीमा लेखिएको क्रमसंख्या १, २, ३, ... लाई सच्याई क्रमशः १७, १८, १९, .. गरी लेखिएको हुनुपर्दछ। यदि त्यसो नगरेको भेटिएमा सिलसिलेवार नम्बर मिलाई दिनुपर्दछ। पाना थप भएको अवस्थामा थपिएको पानाको व्यक्तिगत विवरण बाहेकको परिचयात्मक र पारिवारिक विवरण खाली नै हुन्छ र त्यसलाई काट्नुपर्दछ।

महल २ : परिवारमा अक्सर बसोबास गर्ने व्यक्तिको नाम र थर

४.५ यस महलमा परिवारका व्यक्तिको नाम, थर लेखिएको हुन्छ । यस महलको विवरण इन्ट्री गरिदैन तर यसमा लेखिएको नाम थरको सामञ्जस्यता अरु कुनै कुनै प्रश्नहरुसँग हुने भएकोले यसको पनि ख्याल गर्नुपर्दछ ।

महल ३ : ...**[नाम]** .. परिवारमूलीको के नाता पर्नुहुन्छ ?

४.६ एउटा परिवारमा विभिन्न नाता पर्ने वा नाता नपर्ने मानिसहरु बसोवास गरेका हुन्छन् । यस महलमा 1 देखि 11 सम्म परिवारमुलीको विभिन्न नाताहरु दिइएका छन् । ती मध्ये सम्बन्धित व्यक्ति परिवारमूलीको के नाता पर्नुहुन्छ सो नाताको कोड लेखीएको हुन्छ । जुन कोड लेखीएको छ, त्यसैलाई कायम राख्नुपर्दछ । अन्य नाता पर्ने भनी अक्षरमा लेखेको छ तर कोड दिएको छैन भने अन्य नातेदारको कोड 9 लेख्नुपर्दछ । यदि नाता नलेखेको भएमा लिङ्ग, उमेर र पारिवारिक संरचना हेरी नाताको कोड राख्न सक्ने अवस्था भए नाताको कोड लेख्नुपर्दछ, अन्यथा कोड 99 लेख्नुपर्दछ ।

४.७ व्यक्तिगत विवरणको नामथर लेख्ने महलमा सबैभन्दा पहिलो व्यक्ति परिवारमूली स्वयं भए नभएको निश्चित गर्नुपर्दछ । यदि परिवारमूलीको नाम पहिलो लहरमा नलेखी अन्य व्यक्तिलाई पहिलो लहरमा राखेको भएमा सोही व्यक्तिलाई परिवारमूली कायम गरी सबै व्यक्तिमा नाताको कोड मिलाउनुपर्दछ ।

महल ४ : .. **[नाम]** .. को लिङ्ग कुन हो ?

४.८ यस महलमा सम्बन्धित व्यक्ति पुरुष भए कोड 1 र महिला भए कोड 2 लेखिएको हुन्छ । जुन कोड लेखिएको छ त्यसैलाई कायम गर्नुपर्दछ । कोड दिन छुटाइएको रहेछ भने नाम, थर, उमेर तथा पारिवारिक संरचनाबाट व्यक्तिको लिङ्ग पत्ता लगाई कोड निश्चित गरी लेख्नुपर्दछ । यदि कुनै एक जना वा २ जनाको लिङ्गको कोड दिन छुटेको रहेछ भने परिचयात्मक विवरणको जम्मा पुरुष र जम्मा महिला कति कति भरेको छ, त्यसको संख्या गन्ति गरी त्यसबाट पनि ती छुटेका व्यक्तिहरु पुरुष वा महिला के हुन् छुट्याउनु पर्दछ । त्यति गर्दा पनि महिला पुरुष छुट्याउन नसकेमा सम्बन्धित घर परिवारमा सम्पर्क गरी लेख्नुपर्दछ ।

महल ५ : .. **[नाम]** .. को जन्म कहिले भएको हो र पूरा भएको उमेर कति हो ?

४.९ यस प्रश्नमा परिवारका प्रत्येक सदस्यको जन्म साल, महिना र उमेर लेखेर ल्याएको हुन्छ । यदि जन्म साल खाली छाडेको भएमा कोड 9999 र महिना खाली छोडेको भए कोड 99 लेख्नुपर्दछ । त्यसैगरी थाहा छैन भनी लेखेमा जन्म सालमा 9998 र जन्म महिना 98 लेख्नुपर्दछ । यदि उमेर खाली छ र जन्म मिति लेखेको भए सोको आधारमा उमेर गणना गरी पुरा भएको उमेर लेख्नुपर्दछ । यदि जन्म मिति र पुरा उमेर दुबै खाली भएमा उमेरमा कोड 999 लेख्नुपर्दछ । यस प्रश्नमा सामान्यतयाः निम्नलिखित अवस्थामा सुपरभाइजरसँग सम्पर्क गरी निश्चित गर्नुपर्दछ ।

- परिवारमूलीको वर्ष १० वर्षभन्दा कम भएमा
- बाबुआमा, हजुरबुवा तथा हजुरआमाको उमेर भन्दा छोरा, छोरी, नाती, नातिनीको उमेर बढी भएमा

महल ६ : ..... को जन्म दर्ता गर्नुभएको छ ? (५ वर्ष वा सोभन्दा कम उमेरकालाई मात्र)

४.१० यस महलमा जन्म दर्ता गरेको छ भने कोड 1 र छैन भने कोड 2 लेखेको हुन्छ । ५ वर्ष वा सो भन्दा कम उमेरका बाल बालिकाको हकमा यो प्रश्न सोधिएको हुनुपर्दछ । यदि उमेर ५ वर्ष वा सो भन्दा कम छ र सो प्रश्न खाली छ भने कोड 9 लेख्नुपर्दछ । यदि उमेर ५ वर्ष भन्दा बढी छ र यो प्रश्नमा कोड लेखिएको छ भने उक्त कोड काट्नुपर्दछ ।

महल ७ : .. **[नाम]** .. को जात/जाति के हो ?

४.११ नेपालमा विभिन्न जात/जातिका मानिसहरु बसोवास गरेका छन् । जात/जातिको कोड र जात/जातिको नाम यस पुस्तिकाको अनुसूची ५ मा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ । तर कोडबुकमा दिइएको जात/जाति भन्दा बाहेक अन्य कुनै नयाँ जात/जाति लेखिएको छ भने कोडिङ सुपरभाइजरलाई जानकारी गराई सुपरभाईजरले उक्त जातजातीको कोड र नाम कोडबुकमा लेखी सकेपछि मात्र उक्त जातजातीको कोड लेख्नु पर्दछ । कुनै व्यक्तिको जातजाति लेखीएको रहेनछ भने 9999 लेख्नुपर्दछ र थाहा छैन उल्लेख भएको अवस्थामा कोड 9998 लेख्नुपर्दछ । अक्षरमा लेखिएको जातजातिको नाम र सोको कोड अनुसूची ५ अनुसारको नाम र कोडसँग मिले नमिलेको निश्चित गरी नमिलेको भएमा अक्षरमा लेखिएको जातजातिको सहि कोड लेख्नुपर्दछ ।

महल ८ : .. **[नाम]** .. को पुर्खाको भाषा कुन हो ?

४.१२ कुनै व्यक्तिको आफ्नो परिवार, समुदाय वा जातजातिमा परम्परागत रूपमा बोलिने गरेको पहिचानको भाषालाई पुर्खाको भाषा वा पुर्ख्यौली भाषा भन्ने गरिन्छ । भाषाको नाम र कोड यस पुस्तिकाको अनुसूची ६ मा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ । तर कोडबुकमा दिइएको भन्दा बाहेक नयाँ भाषा लेखिएको छ भने सुपरभाइजरलाई जानकारी गराई सुपरभाइजरले उक्त भाषाको कोड र नाम कोडबुकमा लेखिसकेपछि मात्र उक्त भाषाको कोड राख्नु पर्दछ । भाषा उल्लेख नगरेको भएमा कोड 9999 लेख्नुपर्दछ र थाहा छैन लेखेको भए कोड 9998 लेख्नुपर्दछ । अक्षरमा लेखिएको पुर्खाको भाषाको नाम र सोको कोड अनुसूची ६ अनुसारको नाम र कोडसँग मिले नमिलेको निश्चित गरी नमिलेको भएमा अक्षरमा लेखिएको पुर्खाको भाषाको सहि कोड लेख्नुपर्दछ ।

..[नाम]..को मातृभाषा कुन हो ?		..[नाम]..को दोस्रो भाषा कुन हो ?		..[नाम]..ले कुन धर्म मान्नुहुन्छ ?		..[नाम].. कुन देशको नागरिक हुनुहुन्छ ? •नेपाल..... 1 •भारत..... 81 •चीन..... 82 •अन्य (खुलाउने) (अन्य देश भए नाम र कोड लेख्नुहोस्)		१० वर्ष वा सोभन्दा माथि उमेर भएकालाई मात्र	
								..[नाम]..को वैवाहिक स्थिति के हो ?	..[नाम]..ले कति वर्षमा विवाह गर्नु भयो ? (विवाह भएकालाई मात्र पहिलो पटक विवाह हुँदाको उमेर सोध्ने)
मातृभाषा	(कोड)	दोस्रो भाषा	(कोड)	धर्म	(कोड)			(कोड)	
(९)		(१०)		(११)		(१२)		(१३)	(१४)
.....		.....		.....		.....			

महल ९: .. **[नाम]** ..को मातृभाषा कुन हो ?

४.१३ नेपाल विभिन्न भाषा भाषीहरुको बहुभाषिक देश हो । जनगणनामा गणकले व्यक्तिको मातृभाषा के हो सोही बमोजिम लेखेर ल्याएको हुन्छ । भाषाको नाम र कोड यस पुस्तिकाको अनुसूची ६ मा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ । तर अनुसूची ६ मा दिइएको भाषा भन्दा बाहेक नयाँ भाषा लेखी आएको रहेछ भने सुपरभाईजरलाई जानकारी गराई सुपरभाईजरले उक्त भाषाको कोड र नाम कोडबुकमा लेखी सकेपछि मात्र मातृभाषाको कोड लेख्नु पर्दछ । यदि मातृभाषा नलेखेको अवस्थामा 9999 र थाहा छैन भनेर लेखेको अवस्थामा कोड 9998 लेख्नु पर्दछ । अक्षरमा लेखिएको मातृभाषाको नाम र सोको कोड अनुसूची ६ अनुसारको नाम र कोडसँग मिले नमिलेको निश्चित गरी नमिलेको भएमा अक्षरमा लेखिएको मातृभाषाको सहि कोड लेख्नुपर्दछ ।

४.१४ कुनै व्यक्तिको मातृभाषामा सांकेतिक भाषा आएमा त्यो उत्तर महल ३० सँग सम्बन्धित भएकोले सांकेतिक भाषा प्रयोग गर्ने व्यक्तिमा कुनै न कुनै रुपमा अपाङ्गताको प्रकार भएको हुनुपर्दछ । तसर्थ मातृभाषामा सांकेतिक भाषा आएमा महल ३० मा 1 देखि 12 सम्मका कुनै अपाङ्गता हुनुपर्दछ तर महल ३० मा अपाङ्गता नभएको भनी उल्लेख गरिएको भएमा सुपरभाइजरसँग सम्पर्क गरी टुंगोमा पुग्नुपर्दछ ।

महल १०: .. **[नाम]** ..को दोस्रो भाषा कुन हो ?

४.१५ नेपाल विभिन्न भाषा भाषीहरुको बहुभाषिक देश हो । जनगणनामा गणकले व्यक्तिको दोस्रोभाषा के हो सोही बमोजिम लेखेर ल्याएको हुन्छ । भाषाको नाम र कोड यस पुस्तिकाको अनुसूची ६ मा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ । तर अनुसूची ६ मा दिइएको भाषा भन्दा बाहेक अर्को लेखी आएको रहेछ भने सुपरभाईजरलाई जानकारी गराई सुपरभाईजरले उक्त भाषाको नाम र कोड कोडबुकमा लेखी सकेपछि मात्र कोड लेख्नुपर्दछ । यदि दोस्रोभाषा नलेखेको अवस्थामा 9999 र थाहा छैन भनेर लेखेको अवस्थामा कोड 9998 लेख्नु पर्दछ । अक्षरमा लेखिएको दोस्रो भाषाको नाम र सोको कोड अनुसूची ६ अनुसारको नाम र कोडसँग मिले नमिलेको निश्चित गरी नमिलेको भएमा अक्षरमा लेखिएको दोस्रो भाषाको सहि कोड लेख्नुपर्दछ ।

४.१६ कुनै व्यक्तिको मातृभाषा र दोस्रो भाषा एउटै लेखिएको छ भने दोस्रो भाषा काटी दिने र दोस्रो भाषा नभएको जनाउन कोड 0 लेख्नुपर्दछ। एउटा व्यक्तिको मातृभाषा र दोस्रो भाषा एउटै हुनुहुँदैन ।

दृष्टव्यः पुर्खाको भाषा, मातृभाषा र दोस्रो भाषाको लागि अनुसूची ६ मा एउटै कोडको व्यवस्था गरिएको छ ।

महल ११: .. **[नाम]** ..ले कुन धर्म मान्नुहुन्छ ?

४.१७ नेपाल बहुधार्मिक देश हो । नेपालमा बसोबास गर्ने मानिसहरुले मान्ने प्रमुख दश वटा धर्मलाई कोड 1 देखि कोड 10 सम्म राखिएका छन् । गणकले लेखेको धर्मको कोडलाई जस्ताको जस्तै रहन दिनुपर्दछ। दशवटा भन्दा बाहेक अरु धर्म लेखी आएको अवस्थामा सुपरभाईजरलाई जानकारी गराई सुपरभाईजरले उक्त धर्म नाम र कोड कोडबुकमा लेखी सकेपछि मात्र उक्त धर्मको कोड राख्नु पर्दछ। कुनै व्यक्तिको धर्मको नाम र कोड खाली छाडिएको रहेछ भने कोड 99 लेख्नुपर्दछ र थाहा नभएको भनी लेखिएको रहेछ भने कोड 98 लेख्नुपर्दछ। अक्षरमा लेखिएको धर्मको नाम र सोको कोड तल दिए अनुसारको नाम र कोडसँग मिले नमिलेको निश्चित गरी नमिलेको भएमा अक्षरमा लेखिएको धर्मको सहि कोड लेख्नुपर्दछ।

(११) धर्म (कोड)			
◆हिन्दु..... 1	◆किरांत..... 4	◆बोन..... 7	◆शिख..... 10
◆बौद्ध..... 2	◆क्रिश्चियन..... 5	◆जैन..... 8	◆अन्य (खुलाउने).....
◆इस्लाम..... 3	◆प्रकृति..... 6	◆बहाई..... 9	

महल १२: .. **[नाम]** ..कुन देशको नागरिक हुनुहुन्छ ?

४.१९ जनगणनामा देशभित्र अक्सर बसोबास गर्ने स्वदेशी र बिदेशी सबै देशका मानिसहरुको गणना गरिन्छ। गणकले सम्बन्धित व्यक्ति कुन देशको नागरिक हो देशको नाम र कोड लेखेको हुन्छ। यदि देशको नाम मात्र लेखेको भए अनुसूची ४ मा दिए अनुसार देशको कोड राख्नु पर्दछ। यस महलमा नेपाली नागरिकको लागि कोड 1, भारतीयको लागि कोड 81, चिनीयाको लागि 82 र अन्य देशका नागरिकको लागि कोड 83 देखि 271 सम्म राखिएका छन् । यी बाहेक अन्य देशको लागि कोडबुकमा 996 कोड दिइएको छ। देश थाहा नभएको लेखी आएमा कोड 998 लेख्नुपर्दछ र कुनै पनि देशको नाम र कोड नलेखेको अवस्थामा कोड 999 लेख्नुपर्छ। हङकङ (कोड 119) र मकाउ (कोड 124) आएमा चीनको कोड 82 राख्नुपर्दछ।

महल १३: .. **[नाम]** ..को वैवाहिक स्थिति के हो ? (१० वर्ष वा सोभन्दा माथि उमेरकालाई मात्र)

४.२० यस महलमा दश वर्ष वा सो भन्दा माथिका व्यक्तिको लागि गणकले सो व्यक्तिको वैवाहिक स्थिति जनाउन कोड 1 देखि कोड 5 मध्ये कुन स्थिति हो सोको कोड लेखेको हुन्छ। जुन कोड लेखेर आएको छ, त्यसलाई नै कायम गर्नुपर्दछ। यदि वैवाहिक स्थितिको कोड लेख्न छुटाएको रहेछ भने उक्त व्यक्तिको परिवारमुलीको नाता र लिङ्ग हेरी निश्चित गर्न सकिने रहेछ भने

यकिन गरी लेख्नुपर्दछ। जस्तैः लिङ्ग महिला र परिवारमूलीको नाता बुहारी रहेछ भने वैवाहिक स्थिति विवाहित कोड 2 हुन्छ। यो महल १० वर्ष वा सोभन्दा माथिको लागि मात्र भएको हुँदा यदि उक्त व्यक्तिको उमेर १० वर्ष भन्दा कम उमेर भएको व्यक्तिको लागि यस महलमा कुनै कोड लेखेको भएमा काट्नुपर्दछ। यदि नाताको महल ३ मा कोड 2 वा 5 वा 6 उल्लेख गरेको तर यस महलको वैवाहिक स्थितिको कोड 1 लेखेको छ वा खाली छ भने पारिवारीक संरचना हेरी वैवाहिक स्थिति निश्चित गर्न सकिने अवस्था रहेमा यकिन गरी लेख्नुपर्दछ। यकिन गर्न नसकिने अवस्थामा कोड 9 लेख्नुपर्दछ।

महल १४: .. **[नाम]..ले कति वर्षमा विवाह गर्नुभयो ?** (विवाह भएकालाई मात्र पहिलो पटक विवाह हुँदा पूरा भएको उमेर सोध्ने)

४.२१ यस महलमा सम्बन्धित व्यक्तिको पहिलो पटक विवाह गर्दाको उमेर लेखेर आएको हुन्छ। जति वर्ष लेखेर आएको छ, त्यहि नै कायम गर्नुपर्दछ। तर खाली छाडिएको अवस्थामा पारिवारिक संरचनाबाट यकिन गर्न सकिने भए यकिन गरी सुधार गरिदिनु पर्दछ अन्यथा कोड 99 वा थाहा छैन भनेर उल्लेख भएमा कोड 98 लेख्नुपर्दछ। पहिलो पटक विवाह गरेको उमेर हालको उमेर भन्दा बढी हुनुहुँदैन। यस महलमा दश वर्षभन्दा कम उमेरका व्यक्तिलाई वा महल १३ मा अविवाहितको कोड 1 उल्लेख भएको व्यक्ति भएमा यो महल खाली हुनुपर्दछ। यदि त्यस्ता व्यक्तिको यस महलमा कोड लेखेर आएको रहेछ भने काट्नुपर्दछ।

व्यक्तिगत खण्ड : शैक्षिक विवरण

महल १५ : .. **[नाम]** .. ले पढ्न, लेख्न जान्नुभएको छ ? (५ वर्ष वा सोभन्दा बढी उमेरकालाई मात्र)

४.२२ यस महलमा कोड 1 देखि 3 मध्ये कुनै एउटा साक्षरताको स्थिति सम्बन्धी कोड दिएको हुन्छ। जुन कोड उल्लेख गरेको छ त्यसैलाई कायम राख्नुपर्दछ। यदि कोड लेख्न छुटाएको तर महल १७ मा उत्तीर्ण गरेको तह १ भन्दा माथि भएमा कोड 1 दिनुपर्दछ तर उत्तीर्ण गरेको तह उल्लेख नगरेको अवस्थामा सुपरभाइजरसँग सम्पर्क गर्नुपर्दछ। ५ वर्ष भन्दा कम उमेरका बच्चालाई यस महल खाली हुनुपर्दछ। यदि भरेर आएको रहेछ भने काटी दिनुपर्दछ।

शैक्षिक विवरण				
क्र.सं. (परिवारको सदस्यको कमसख्या अगाडि अनुसार कै कमसख्या)	५ वर्ष वा सोभन्दा माथिका उमेरकालाई मात्र			
	..[नाम].. ले पढ्न, लेख्न जान्नु भएको छ ? •पढ्न र लेख्न दुवै जानेको..... 1 •पढ्न मात्र जानेको..... 2 •पढ्न र लेख्न दुवै नजानेको..... 3	..[नाम].. कहिल्यै पढ्न, लेख्न कुनै शैक्षिक सस्थामा जानुभयो ? (कहिल्यै पढ्न, लेख्न नगएको भए) कोड 5→ महल १९ (कोड)	..[नाम].. ले कति कक्षा उत्तीर्ण गर्नु भएको छ ? (उत्तीर्ण गरेको तह) (कोड)	..[नाम].. को अध्ययनको क्षेत्र कुन हो ? (१० बोर्ड २ वा सो सरह वा सो भन्दा माथि उत्तीर्ण गरेकाको लागि मात्र) (कोड)
(१)	(१५)	(१६)	(१७)	(१८)
०१				

महल १६: .. **[नाम]** .. कहिल्यै पढ्न, लेख्न कुनै शैक्षिक संस्थामा जानु भयो ?

४.२३ यस महलमा शैक्षिक संस्थामा उपस्थितिको अवस्थालाई बुझाउन कोड 1 देखि 5 मध्ये कुनै एउटा कोड भरेर आएको हुन्छ। जुन कोड उल्लेख गरेको छ त्यसैलाई कायम राख्नुपर्दछ। यदि कोड दिन छुटाएको थाहा नभएको कोड 9 लेख्नुपर्दछ।

महल १७ : .. **[नाम]** .. ले कति कक्षा उत्तीर्ण गर्नुभएको छ ? (उत्तीर्ण गरेको तह) (हाल वा विगतमा पढ्न लेख्न गएकाहरुको लागि)

४.२४ यस महलमा सम्बन्धित व्यक्तिले उत्तिर्ण गरेको तह जनाउन कोड 0 देखि 15, 90, 91 मध्ये कुनै एउटा कोड दिएको हुन्छ। पढाईको विभिन्न तहहरु र कोड तलको तालिकामा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ। तीभन्दा बाहेक अन्य कुनै पनि उल्लेखनीय तह आएमा सुपरभाइजरसँग सम्पर्क गरी नयाँ कोड गर्नुपर्ने वा अन्यमा राख्ने वा कुन कोड अन्तर्गत राख्दा ठिक हुन्छ यकिन गर्नुपर्दछ। यो महल ५ वर्ष भन्दा कम उमेरका बच्चालाई यस महल खाली हुनुपर्दछ। यदि त्यस्ता व्यक्तिको भरेर आएको रहेछ भने काटी दिनुपर्दछ। व्यक्तिको उमेर र उत्तिर्ण गरेको तहको बीचमा सामन्जस्यता हुनुपर्ने भएकोले लगत सम्पादन कार्य गर्न आवश्यक पर्दा शैक्षिक तह अनुसार न्यूनतम उमेरको हद तलको तालिकालाई आधार मान्न सकिन्छ।

Minimum Age	Maximum Class / Grade
5	Class 2
6	Class 3
7	Class 4
8	Class 5
9	Class 6
10	Class 7
11	Class 8
12	Class 9
13	Class 10
14	SLC/SEE (11)
16	I.A./10+2 (12)
18	Bachelor/Diploma (13)
20	Master level (14)
22	M.Phil./Ph.D. or above (15)

तालिकाः शिक्षाको तह र कोड

शिक्षाको तह	कोड	शिक्षाको तह	कोड	शिक्षाको तह	कोड
नर्सरी/के.जी.	0	कक्षा ७	7	स्नातक वा सो सरह	13
कक्षा १	1	कक्षा ८	8	स्नातकोत्तर/एमफिल वा सो सरह	14
कक्षा २	2	कक्षा ९	9	पि.एच.डि वा सो भन्दा माथि	15
कक्षा ३	3	कक्षा १० (टेष्टपास)	10	अन्य	90
कक्षा ४	4	एस.एल.सी./एस.ई.ई.	11	तह नभएको/तह नखुलेको	91
कक्षा ५	5	प्रमाणपत्र तह/दश जोड दुई पास	12	थाहा छैन	98
कक्षा ६	6			उत्तर नलेखेको	99

महल १८ : ... **[नाम]** .. को अध्ययनको क्षेत्र कुन हो ? (१२ कक्षा वा सोभन्दा माथि उत्तीर्ण गरेकाको लागि मात्र)

४.२५ प्रमाणपत्र तह वा सो भन्दा माथि पढाईको विभिन्न क्षेत्रहरु हुने भएकोले प्रमाणपत्र तह वा दश जोड दुई वा सो भन्दा माथि शैक्षिक योग्यता भएको व्यक्तिहरुको पढाईको मुख्य क्षेत्र छुट्याउन यस महलमा कोड 1 देखि 12 वा थाहा नभएको 98 मध्ये कुनै एउटा कोड खुलाइएको हुन्छ। पढाइको मुख्य क्षेत्र र कोड तलको तालिकामा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ। यदि पढाइको मुख्य क्षेत्र थाहा छैन भनि उल्लेख गरेको भएमा कोड 98 लेख्नुपर्दछ तर खाली छाडेको रहेछ भने कोड 99 लेख्नुपर्दछ। कक्षा १२ भन्दा कम शैक्षिक योग्यता भएका व्यक्तिलाई कुनै कोड लेखेको भए काट्नुपर्दछ।

(१८) अध्ययन गरेको क्षेत्र	
मानविकी तथा सामाजिकशास्त्र 1	कृषि 8
व्यवस्थापन 2	वन 9
शिक्षा.....3	पशुविज्ञान/पशुचिकित्सा/मत्स्यपालन 10
विज्ञान तथा प्रविधि 4	कम्प्युटर/सूचना प्रविधि 11
स्वास्थ्य/चिकित्साशास्त्र.....5	अन्य 12
इन्जिनियरिङ.....6	थाहा छैन 98
कानून.....7	

व्यक्तिगत प्रश्नावली : बसाइँसराइसम्बन्धी विवरण

महल १९ ..(नाम).....को जन्मस्थान कहाँ हो ?

४.२६ यस महलमा तीन कुराहरुमा ख्याल गर्नुपर्दछ।

पहिलो - १. यही गा.पा./न.पा., २. यही जिल्लाको अर्को गा.पा./न.पा., ३. अर्को जिल्ला वा ४. विदेश मध्ये कुनै एक कोड उल्लेख भएको हुन्छ।

दोस्रो - यदि 1 वा 2 उल्लेख गरेको भएमा महल २० मा खाली हुनुपर्दछ।

तेस्रो - यदि 3 उल्लेख गरेको भएमा महल २० मा जिल्लाको नाम र कोड उल्लेख भएकै हुनुपर्दछ।

यदि 4 कोड उल्लेख भएमा महल २० मा देशको नाम र कोड उल्लेख भएकै हुनुपर्दछ।

						जम्मा .....पानाको पाना नं.....		B
बसाईंसराई सम्बन्धी विवरण								
जन्मस्थान सम्बन्धी विवरण			हालको स्थान अघिको बसोबास र पछिल्लो पटकको बसाईंसराई सम्बन्धी विवरण					
..[नाम].. को जन्मस्थान कहाँ हो ? •यही गा.पा./न.पा..... 1 → महल २१ •यही जिल्लाको अर्को गा.पा./न.पा..... 2 → महल २१ •अर्को जिल्ला..... 3 •विदेश..... 4	..[नाम].. को जन्म कुन जिल्ला/देशमा भएको हो ? (जिल्ला वा देशको नाम र कोड लेख्नुहोस)		..[नाम].. को यहाँ बस्नु लगत्तै अघिको अक्सर बसोबास कुन स्थानमा थियो ? •यही गा.पा./न.पा..... 1 → महल २३ •यही जिल्लाको अर्को गा.पा./न.पा..... 2 → महल २३ •अर्को जिल्ला..... 3 • विदेश..... 4	..[नाम].. बसेको उक्त स्थान कुन जिल्ला/देशमा थियो ? (यस महलमा विदेश भएमा) → महल २४		..[नाम].. ले यसअघि बसोबास गरेको स्थान छोड्दाको समयमा उक्त स्थान गाउँ वा नगर के थियो ? •गा.वि.स/गा.पा....1 •न.पा.....2 (महल २२ मा जिल्लाको कोड भएकाको लागि मात्र)	..[नाम].. यस स्थानमा बसोबास गरेको कति वर्ष भयो ? (पछिल्लो पटक बसाईंसराई गरी आएपछिको अवधि) (वर्षमा लेख्ने)	..[नाम].. यस स्थानमा बसोबास गर्नु वा आउनुको मुख्य कारण के हो ? •काम/रोजगारी..... 1 •व्यापार/व्यवसाय..... 2 •अध्ययन/तालिम..... 3 •विवाह..... 4 •आश्रित..... 5 •प्राकृतिक प्रकोप..... 6 •कृषि..... 7 •घर फर्किएको..... 8 •अन्य..... 9
	जिल्ला/देशको नाम	(कोड)		जिल्ला/देशको नाम	(कोड)			
(१९)	(२०)		(२१)	(२२)		(२३)	(२४)	(२५)
	.....			.....				

४.२७ महल १९ मा कोड 1 देखि 4 मध्ये कुनै एउटा कोड दिएको हुन्छ। जुन कोड उल्लेख गरेको छ त्यसैलाई कायम राख्नुपर्दछ। यदि कोड लेख्न छुटाएको रहेछ भने सुपरभाइजरसँग सम्पर्क गर्नुपर्दछ। कुनै कुनै प्रश्नावलीमा महल १९ मा कोड दिन छुटाएको हुनसक्छ तर महल २० मा जिल्ला वा देशको नाम उल्लेख भएको हुन्छ। त्यस्तो अवस्थामा महल २० मा जिल्लाको नाम लेखेको छ भने महल १९ मा कोड 3 अथवा महल २० मा देशको नाम लेखेको छ भने महल १९ मा कोड 4 लेख्नुपर्दछ। महल १९ मा कोड 1 वा कोड 2 उल्लेख गरिएको छ भने महल २० को जिल्ला/देशको नाम खाली हुनै पर्दछ, यदि लेखेको भए काट्नुपर्दछ।

महल २० : .. **[नाम]** .. को जन्म कुन जिल्ला/देशमा भएको हो ? (जिल्ला वा देशको नाम र कोड लेख्नुहोस)

४.२९ महल १९ मा कोड 3 उल्लेख भएको भए महल २० मा जिल्लाको नाम र कोड लेखेको हुन्छ भने महल १९ मा कोड 4 लेखेको भएमा महल २० मा देशको नाम र कोड दिएको हुन्छ। जिल्ला वा देशको नाम र कोड अनुसूची २ अनुसार नमिलेको भए मिलाउनुपर्दछ। प्रश्नावली फारममा जिल्ला वा देशको नाम मात्र लेखेको भएमा उक्त जिल्ला वा देशको कोड अनुसूची २ अनुसार लेख्नुपर्दछ। जन्म भएको जिल्ला वा देशको वास्तविक नाम नलेखी शहर वा स्थान विशेषको नाम लेखेको भए उक्त स्थान कुन जिल्ला वा देशमा पर्दछ बुझि जिल्ला वा देशको नाम र कोड लेख्नुपर्दछ।

महल २१ : .. **[नाम]** .. **को यहाँ बस्नु लगत्तै अघिको अक्सर बसोबास कुन स्थानमा थियो ?**

४.३१ यस महलमा कोड 1 देखि 4 मध्ये कुनै एउटा कोड दिएको हुन्छ। यदि कोड दिन छुटाएको रहेछ भने सुपरभाइजरसँग सम्पर्क गर्नुपर्दछ। तर कतैबाट पनि केही जानकारी नभएमा थाहा नभएको कोड 9 लेख्नुपर्दछ।

महल २२ :... **[नाम] .. बसेको उक्त स्थान कुन जिल्ला/देशमा थियो ?**

४.३२ महल २१ मा कोड 3 भएमा यस महलमा जिल्लाको नाम र कोड उल्लेख भएको हुनुपर्दछ भने महल २१ मा कोड 4 दिएको भएमा यस महलमा देशको नाम र कोड उल्लेख भएको हुनुपर्दछ। यस महलमा जिल्ला वा देशको नामको सट्टामा शहरको नाम लेखेको हुनसक्दछ। जस्तैः विराटनगर लेखेकोमा मोरङ्ग, बुटवल लेखेकोमा रुपन्देही, दुबई लेखेकोमा संयुक्त अरब ईमिरेट, दिल्ली लेखेकोमा भारत, बैंकक लेखेको छ भने थाइल्याण्ड लेख्नुपर्दछ। यस्तो अवस्थामा उक्त स्थान कुन जिल्ला वा देशमा पर्दछ बुझी उक्त जिल्ला वा देशको नाम र कोड लेख्नुपर्दछ। जिल्लाको कोड अनुसूची २ र देशको कोड यस पुस्तिकाको अनुसूची ४ मा दिइएको छ।

४.३३ यदि महल २१ मा 1 वा 2 कोड उल्लेख गरिएको छ भने महल २२ खाली भए कै हुनुपर्दछ। यसबाहेक महल २२ मा देशको कोड आएमा महल २३ खाली हुन्छ। यदि यस अघि बसोवास गरेको जिल्लाको नाम नलेखी आएमा वा जिल्ला थाहा छैन भनी आएमा कोड 997 राख्नुपर्दछ। देशको नाम खाली आएको छ भने कोड 999 लेख्नुपर्दछ।

महल २३ : .. **[नाम]** .. ले यस अघि बसोबास गरेको स्थान छोड्दाको समयमा उक्त स्थान गाउँ वा नगर के थियो ? (महल २२ मा जिल्लाको कोड भएकाको लागि मात्र)

४.३४ यस महलमा सम्बन्धित व्यक्तिले तत्कालिन गा.वि.स. वा गाउँपालिकाबाट बसाई सरी आएको भए कोड 1 र नगरपालिकाबाट बसाई सरी आएको भए कोड 2 लेखिएको हुन्छ। जुन कोड उल्लेख गरेको छ त्यसैलाई कायम राख्नुपर्दछ। यदि कोड लेख्न छुटाएको रहेछ भने कोड 9 लेख्नुपर्दछ र थाहा छैन भनी लेखी आएमा कोड 8 लेख्नुपर्दछ। यस अघि विदेशमा बसोबास गरेको भन्नेहरुको लागि (महल २२ मा देशको नाम आएको अवस्थामा) यो महल खाली हुनुपर्दछ। यदि महल २२ मा देशको नाम छ र यहाँ 1 वा 2 लेखी आएको भए काट्नुपर्दछ।

महल २४ :.... **[नाम]** .. यस स्थानमा बसोबास गरेको कति वर्ष भयो ?

(पछिल्लो पटक बसाइँ सराइ गरी आएपछिको अवधि) (वर्षमा लेख्ने)

४.३५ यस महलमा सम्बन्धित व्यक्ति पछिल्लो पटक बसाई सराई गरी यस स्थानमा बसोबास गरेको कति वर्ष भयो, उक्त वर्ष नै प्रश्नावलीमा भरिएर आएको हुन्छ, त्यहि नै कायम गर्नुपर्दछ। तर खाली छाडेको भए कोड 999 र थाहा छैन भनी लेखी आएको भए 998 लेख्नुपर्दछ। महल २१ मा कोड 2, 3 वा 4 कोड भएका व्यक्तिको लागि यस महलमा कुनै न कुनै कोड उल्लेख भएकै हुन्छ।

महल २५ :.... **[नाम]** .. यस स्थानमा बसोबास गर्नु वा आउनुको मुख्य कारण के हो ?

४.३६ महल २५ मा पछिल्लो पटक अन्य कुनै स्थानबाट यस स्थानमा बसोवास गर्न आउनुको मुख्य कारण सोधिएको थियो। भरिएको प्रश्नावलीमा यहाँ बस्न आउनुको मुख्य कारण कोड 1 देखि 9 मध्ये कुनै एउटा कारणको कोड लेखी आएको हुन्छ। जुन कोड लेखेको छ त्यहि कायम

गर्नुपर्दछ। यदि कोड लेख्न छुटाएको रहेछ भने कोड 99 लेख्नुपर्दछ र थाहा छैन भनी लेखी आएको छ भने कोड 98 लेख्नुर्पछ। महल २१ मा कोड 2, 3, वा 4 भएकोको लागि मात्र यो महल सोधिने भएकोले महल २१ मा कोड 1 भई यसमा पनि कोड लेखेको भए यहाँको कोड काट्नुपर्दछ।

व्यक्तिगत खण्ड : प्रजनन् र नाबालकको बसोबासको अवस्था सम्बन्धी विवरण (महल २६ -२९)

महल २६ देखि २९ सम्मका प्रश्न प्रजनन्सँग सम्बन्धित भएकोले यो प्रश्न परिवारका १५ देखि ४९ वर्षका विवाहित महिलाहरूलाई मात्र सोधिने प्रश्न हो। तसर्थ यो मापदण्ड भन्दा बाहिरका व्यक्तिमा यी महलमा विवरण भरिएको भए सो काट्नुपर्दछ। विवरण भरिएको महिलाको सम्बन्धित लाइनमा भरिएको हुनुपर्दछ, अर्को लाइनमा भरिएको भए यकिन गरी सम्बन्धित लाइनमा उतार्नुपर्दछ।

महल २६ : .. **[नाम]** .. ले हालसम्म कति जना जीवित बच्चा जन्माउनु भयो ?

(सँगै बस्ने, अन्यत्र बस्ने र जीवित जन्मेर मृत्यु भएको समेत समावेश गरी संख्या लेख्नुहोस्।)

क.सं. (परिवारको सदस्यको क्रमसंख्या अगाडि अनुसार कै क्रमसंख्या)	प्रजनन सम्बन्धी विवरण					
	१५ वर्षदेखि ४९ वर्षसम्मका विवाह गरेका महिलालाई मात्र					
	..[नाम].. ले हालसम्म कति जना जीवित बच्चा जन्माउनु भयो ? (सँगै बसे, अन्यत्र बसे र जीवित जन्मेर मृत्यु भएको समेत समावेश गरी सख्या लेख्नुहोस्) (१ जना पनि जीवित बच्चा नजन्मेको भए) → महल २९		..[नाम].. ले जीवित जन्माएका बच्चाहरु मध्ये कति जनाको मृत्यु भयो ?		..[नाम].. ले गत १२ महिनामा कति जना जीवित बच्चा जन्माउनुभयो ? (जीवित जन्मेर मृत्यु भएको समेत समावेश गरी संख्या लेख्नुहोस्)	
	छोरा	छोरी	छोरा	छोरी	छोरा	छोरी
(१)	(२६)		(२७)		(२८)	

४.३७ महल २६ मा सम्बन्धित विवाहित महिलाले आफ्नो जीवनकाल भरी जीवित जन्माएका छोराको संख्या छोराको महलमा र छोरीको संख्या छोरीको महलमा लेखेको हुन्छ। एक जना पनि जीवित छोरा नजन्माएको भएमा छोराको महलमा 0 र एक जना पनि जीवित छोरी नजन्माएको भए छोरीको महलमा 0 उल्लेख गर्नुपर्दछ। अर्थात् हालसम्म एक जना पनि जीवित बच्चा नजन्माएको भए महल २६ को दुबै कोठामा 0 लेखी महल २७ र २८ नसोधी महल २९ सोधिएको हुनुपर्दछ।

४.३८ १५ देखि ४९ वर्षका विवाहित महिला परिवारमूली रहेको अवस्थामा उक्त परिवारमा परिवार मूलीको छोरा/छोरी नाता पर्ने व्यक्ति छ भने उक्त महिलाले जीवित बच्चा जन्माएको संख्यामा 0 हुनुहुँदैन। यस्तो अवस्थामा प्रजननसँग सम्बन्धित विवरणमा लेखिएको जीवित जन्मेका बच्चाको संख्यालाई विशेष ध्यान दिनुपर्नेछ। यो उमेर समुहका विवाहित छोरी वा बुहारीहरु परिवारमा रहेछन् भने उनीहरुबाट जन्मेको जीवित बच्चाको संख्यालाई पनि ध्यान दिनुपर्दछ।

महल २७ : .... **[नाम]** .. ले जीवित जन्माएका बच्चाहरु मध्ये कति जनाको मृत्यु भयो ?

४.३९ महल २७ मा सम्बन्धित महिलाबाट जीवित जन्मेर मृत्यु भएको भए मृत्यु भएका छोराको संख्या छोराको महलमा र मृत्यु भएको छोरीको संख्या छोरीको महलमा लेखेको हुन्छ । जीवित जन्माएका बच्चाहरु मध्ये कुनै पनि छोराको मृत्यु भएको छैन भने छोराको महलमा 0 र कुनै पनि छोरीको मृत्यु भएको छैन भने छोरीको महलमा 0 लेखेको हुनुपर्दछ । यदि परिवारमा गत १२ महिनाभित्र १ वर्ष वा सोभन्दा कम उमेरका बच्चाको मृत्यु भएको रहेछ अर्थात प्रश्न नं. १५ मा मृत्युभएको व्यक्तिको उमेर शुन्य छ भने उक्त बच्चा उक्त परिवारका कुनै न कुनै महिला सदस्यबाट गत १२ महिनामा जन्मेर मृत्यु भएको हुन सक्छ । यदि उक्त बच्चा परिवारका कुनै महिला सदस्यबाट गत १२ महिनामा जन्मेर मृत्युभएको हो भने सो बच्चाको मृत्यु सम्बन्धी विवरण प्रश्न नं. १५ मा पनि उल्लेख भएको हुनुपर्दछ र उक्त बच्चाको आमाको प्रजननसँग सम्बन्धित महल २७ मा पनि उल्लेख भएको हुनुपर्दछ । तर मृत्यु भएको बच्चाको आमा हाल उक्त परिवारको सदस्य छैन भने प्रजननसँग सम्बन्धित विवरणमा नआउन सक्छ ।

४.४० पारिवारिक विवरणको प्रश्न १४ र १५ मा बच्चाको मृत्यु भएको पाइएको छ तर यस महल २७ मा महिलाले उक्त मृत्यु भएको व्यक्तिको विवरण नटिपाएको हुनसक्दछ । यी दुई प्रश्नलाई भिडाएर जाँच गर्नुपर्दछ ।

महल २८ : ..... **[नाम]** .. ले गत १२ महिनामा कति जना जीवित बच्चा जन्माउनुभयो ?

(जीवित जन्मेर मृत्यु भएको समेत समावेश गरी संख्या लेख्नुहोस्।)

४.४१ महल २८ मा सम्बन्धित महिलाले गत १२ महिनाभित्र जीवितै जन्माएका बच्चाको संख्या (छोरा र छोरीको अलग अलग महलमा) लेखेको हुन्छ । यदि १२ महिनाभित्र छोरा मात्र जन्मेको भए छोरीको महलमा 0 लेख्नुपर्दछ । यदि १२ महिनाभित्र छोरी मात्रै जन्मेको भए छोराको महलमा 0 लेख्नुपर्दछ । विगत १२ महिनामा छोरा र छोरी दुवै जन्माएको भए जन्माएको छोराको संख्या छोराको महलमा र छोरीको संख्या छोरीको महलमा लेख्नु पर्दछ । विगत १२ महिनामा बच्चा नै नजन्माएको भए छोराका महलमा पनि 0 र छोरीको महलमा पनि 0 लेख्नु पर्दछ । यदि महल २६ मा हालसम्म एकजना पनि जीवित बच्चा जन्माएको छैन भने यो महल खाली हुनुपर्दछ । कुनै महिलाले जुम्ल्याहा, तिम्ल्याहा बच्चा जिउँदै जन्माएका पनि हुन सक्छन् । यस अवस्थामा पनि सबै जीवित जन्मेका बच्चाको छुट्टाछुट्टै छोरा अथवा छोरी छुट्टयाई संख्या उल्लेख गरेको हुन्छ । यस महलमा कुनै महिलाले गत १२ महिनाभित्र जीवित बच्चाहरु जन्माएका भएमा तिनको विवरण समेत व्यक्तिगत विवरणमा समेटिएको हुनुपर्दछ । अर्थात व्यक्तिगत विवरणमा १ वर्ष मुनीको व्यक्तिको विवरण पनि भरिएको हुनुपर्दछ ।

महल २९ : ..... **[नाम]** .. कोसँग बसेका छन् ? (१८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई मात्र)

४.४२ अठार वर्ष भन्दा मुनीका बालबालिकाको बसोबासको अवस्थालाई जनाउन कोड 1 देखि 8 मध्येका कुनै एउटा कोड दिइएको हुन्छ। जुन कोड लेखेको छ, त्यसैलाई कायम राख्नु पर्दछ। कोड 6 दखि 8 लेखेको अवस्थामा विशेष ख्याल गरी उक्त बालबालिकाको नाताको महल ३ मा रुजु गर्नुपर्दछ। साथै यो प्रश्न १८ वर्ष भन्दा कम उमेरका व्यक्तिलाई मात्र सोधिएको हुनुपर्दछ। यदि त्यो भन्दा बढी उमेरका व्यक्तिको पनि कोड आएमा काट्नुपर्दछ।

१८ वर्षभन्दा कम उमेरका बालबालिकालाई मात्र	अपाङ्गता सम्बन्धी विवरण
..[नाम].. कोसँग बसेका छन् ? •आमाबाबु दुवैसँग.....1 •आमासँग मात्र.....2 •बाबुसँग मात्र.....3 •बाबु र सौतेनी आमासँग.. 4 •आमा र सौतेनी बाबुसँग.. 5 •अन्य नातेदारसँग.....6 •काम लगाउने व्यक्तिसँग... 7 •अन्य व्यक्तिसँग.....8	..[नाम].. लाई कस्तो प्रकारको अपाङ्गता छ ? •शारीरिक अपाङ्गता.....1 •न्यून दृष्टियुक्त.....2 •पूर्ण दृष्टिविहीन.....3 •बहिरापन.....4 •सुस्तश्रवण.....5 •श्रवण दृष्टिविहीन.....6 •स्वर र बोलाइ.....7 •मानसिक वा मनोसामाजिक.....8 •बौद्धिक अपाङ्गता.....9 •अनुवंशीय रक्तश्राव (हेमोफिलिया).. 10 •अटिजम.....11 •बहुअपाङ्गता.....12 •अपाङ्गता नभएको.....13
(२९)	(३०)

व्यक्तिगत खण्ड : अपाङ्गता सम्बन्धी विवरण (महल ३०)

महल ३० ... **[नाम]** .. लाई कस्तो प्रकारको अपाङ्गता छ ?

४.४३ महल ३० मा 1 वा 13 सम्म विभिन्न किसिमका अपाङ्गताहरु दिइएका छन्। तीमध्ये कुनै एउटा कोड आएको हुन्छ। प्रश्नमा जुन कोड लेखिएको छ, त्यसैलाई नै कायम राख्नुपर्दछ। यसमा थप कोड गर्नुपर्दैन। अपाङ्गता नभएकोलई कोड १३ दिइएको हुन्छ। कुनै पनि कोड नदिई खाली छोडको छ भने 99 कोड लेख्नुपर्दछ।

व्यक्तिगत खण्ड : आर्थिक क्रियाकलाप सम्बन्धी विवरण (महल ३१-३७)

	आर्थिक क्रियाकलाप सम्बन्धी विवरण					
	१० वर्ष वा सो भन्दा माथिको उमेरका व्यक्तिलाई मात्र					
..[नाम].. ले गत १२ महिनामा सबै किसिमको आम्दानी हुने वा नहुने आर्थिक काम जम्मा कति महिना गर्नुभयो ? •६ महिना वा सोभन्दा बढी..... 1 •३ महिना वा सोभन्दा बढी तर ६ महिनाभन्दा कम..... 2 •३ महिनाभन्दा कम..... 3 •कुनै पनि आर्थिक काम नगरेको..... 4 → महल ३६ (परिवारको खेतीपाती, व्यवसाय वा जुनसुकै आर्थिक क्रियाकलापमा पूर्ण वा आंशिकरुपमा सहयोग गरेको भए पनि समावेश गर्ने)	..[नाम].. ले मुख्य के आर्थिक काम गर्नु भयो ? (यदि एकभन्दा बढी आम्दानी हुने वा नहुने आर्थिक काम गरेको भए सबैभन्दा बढी समय गरेको काम (पेशा) को विवरण र पद लेख्नुहोस्)		..[नाम].. ले काम गरेको ठाउँ/संस्थामा मुख्यरुपमा कस्तो किसिमको वस्तु वा सेवाको उत्पादन हुन्छ ? (व्यक्तिले काम गर्ने ठाउँ वा संस्थाको नाम लेखी उक्त संस्थाले मुख्यरुपमा कुन वस्तु वा सेवाको उत्पादन गर्दछ सो वस्तु वा सेवाको नाम स्पष्ट हुने गरी लेख्नुहोस्)		..[नाम].. यो काममा कुन प्रकारले संलग्न हुनुहुन्छ ? •अरुको काम गर्ने..... 1 •रोजगारदाता..... 2 •आफ्ने काम गर्ने..... 3 •परिवारमा सघाउने मात्र... 4	..[नाम].. ले गर्नुभएको आर्थिक कामको संस्थागत क्षेत्र कुन हो ? •सरकारी..... 1 •वित्तीय संस्था..... 2 •गैरवित्तीय संस्था..... 3 •नाफा नकमाउने संस्था.... 4 •घरायसी क्षेत्र..... 5
	कामको विवरण र पद	(कोड)	काम गरेको ठाउँ/संस्थाको नाम उत्पादित वस्तु/सेवाको नाम	(कोड)		
(३१)	(३२)		(३३)		(३४)	(३५)

महल ३१: ..... **[नाम]** .. **ले गत १२ महिनामा सबै किसिमको आम्दानी हुने वा नहुने आर्थिक काम जम्मा कति महिना गर्नुभयो ?**

४.४४ सम्बन्धित व्यक्तिले गत १२ महिनामा आम्दानी हुने वा नहुने आर्थिक काम गरेको अवधिलाई ४ वटा समुहमा विभाजन गरिएको छ। व्यक्तिले काम गरेको महिनाको आधारमा ४ वटा मध्ये

कुनै एउटा समुहको कोड लेखिएको हुन्छ । जुन कोड लेखेको हुन्छ त्यहि कायम गर्नुपर्दछ । यदि कोड दिन छुटाएको रहेछ भने के काम गर्दछ र कहाँ गर्दछ सो अनुसार निश्चित गरी कोड लेख्नुपर्दछ । यदि निश्चित गर्न नसकेमा कोड 9 लेख्नुपर्दछ । यो महल १० वर्ष वा सोभन्दा माथिको उमेरका व्यक्तिलाई मात्र सोधिन्छ । यदि १० वर्षभन्दा कम उमेरका व्यक्तिहरुका लागि यस महलमा कोड लेखेको भएमा सो काटि दिनुपर्दछ ।

महल ३२ : .... **[नाम] .. ले मुख्य के आर्थिक काम गर्नुभयो ?**

(यदि एकभन्दा बढी आम्दानी हुने वा नहुने आर्थिक काम गरेको भए सबैभन्दा बढी समय गरेको काम (पेशा) को विवरण र पद लेख्नुहोस्)

४.४५ कुनै व्यक्तिले गत १२ महिनामा गरेको आर्थिक कामहरु मध्ये मुख्य कामको विवरण यस अन्तर्गत लेखेको हुन्छ । मुख्य आर्थिक कामको विवरण पहिलो लाइनमा र पद दोस्रो लाइनमा छोटो र प्रष्ट बुझिने गरी लेखेको हुन्छ । जस्तै : कपडा बेच्ने– बिक्रेता, कपडा सिलाउने– टेलर, धान गोडमेल गर्ने– खेताला, भाडाको मिनिबस चलाउने–ड्राइभर, पढाउने– प्राथमिक तहको शिक्षक, घरेलु काम– घरेलु कामदार आदि ।

४.४६ व्यक्तिको पेशा, व्यवसाय वा गरेको आर्थिक काम (Occupation Code) को कोड (0 देखि 9 सम्म) नेपाल स्तरीय पेशा वर्गीकरण (NSCO) अनुसार गरिएको छ । यसमा दिइएको भन्दा बाहेक थप कोड गर्नुपर्दैन । त्यहाँ दिइएको कोड मध्येबाट नै कोडिङ गर्नुपर्दछ । आर्थिक कामको विवरण र कोड अनुसूची ७ मा दिइएको छ । यदि गणकले आर्थिक कामको कोड राखी सकेको छ भने उक्त कोड र आर्थिक कामको विवरण अनुसार मेल खान्छ खाँदैन रुजु गर्नुपर्दछ । यदि नमिलेको छ भने पहिले राखेको कोड काटी नयाँ कोड लेख्नुपर्दछ ।

महल ३३: .... **[नाम] ...ले काम गरेको ठाउँ/संस्थामा मुख्यरूपमा कस्तो किसिमको वस्तु वा सेवाको उत्पादन हुन्छ ?**

४.४७ व्यक्तिले गत १२ महिनामा मुख्य काम गरेको स्थान, कार्यालय, संस्था वा उद्योगको नाम उल्लेख गरी काम गरेको स्थान, कार्यालय, संस्था वा उद्योगबाट मुख्यतः कस्तो किसिमको वस्तु तथा सेवा उत्पादन हुन्छ सोको नाम क्रमशः दुइवटा लहरमा लेखी काम गरेको संस्थाको औद्योगिक क्षेत्र अनुसारको वर्गीकरण कोड (NSIC) सम्बन्धित महलमा लेखेको हुन्छ ।

४.४८ वस्तु तथा सेवा उत्पादन गर्ने कार्यालय, संघ-संस्था, प्रतिष्ठान आदिको नाम र उक्त संस्थाबाट उत्पादन हुने सेवा वा वस्तुको नाम समेत लेखेको हुन्छ । जस्तैः केन्द्रीय तथ्याङ्क विभाग (तथ्याङ्क संकलन; पाटन अस्पताल(स्वास्थ्य सेवा, आफ्नै गोठ/खेतबारी (पशुपालन/खाद्यान्न उत्पादन, आफ्नै पसल (तयारी कपडा बिक्री, शिखर होटल (खाने र बस्ने सेवा आदि ।

४.४९ आर्थिक गतिविधि (Economic Activity) का विभिन्न क्षेत्रलाई मुख्य २१ (एक्काइस) औद्योगिक क्षेत्र (Industrial Sector) मा विभाजन गरिएको छ । वस्तु तथा सेवा उत्पादन गर्ने क्रियाकलाप जुन आर्थिक क्षेत्रमा पर्दछ त्यही आर्थिक क्षेत्रको NSIC Code कोड मध्येबाट नै कोडिङ

गर्नुपर्दछ। यदि गणकले आर्थिक गतिविधिको क्षेत्रको कोड राखेको भए उक्त कोड आर्थिक गतिविधिको विवरण अनुसार मेल खान्छ खाँदैन रुजु गर्नुपर्दछ। यदि नमिलेको छ भने पहिले राखेको कोड काटी नयाँ कोड लेख्नुपर्दछ। आर्थिक गतिविधिको विवरण र कोड अनुसूची ८ मा दिइएको छ।

४.५० सबै प्रकारका पेशा सबै प्रकारका आर्थिक गतिविधि (Economic Activity) मा नहुन सक्दछ। पेशा र उत्पादित बस्तु-उद्योगको विचमा सामन्यजस्यता हुनुपर्ने भएकोले निम्न तालिका अनुसार मिले नमिलेको रुजु गर्नुपर्दछ। यसअनुसार नमिलेमा सुपरभाइजरसँग सम्पर्क गरी समाधान गर्नुपर्दछ।

OCCUPATION		INDUSTRY										
		Agriculture, forestry and fishing	Mining and quarrying	Manufacturing	Electricity, gas, steam and air conditioning supply	Water supply; sewerage, waste mgmt. & remediation activities	Construction	Wholesale and retail trade;repair of vehicles & motorcycles	Transportation and storage	Accommodation and food service activities	Information and communication	Financial and insurance activities
		A	B	C	D	E	F	G	H	I	J	K
0	Armed Forces											
1	Manager	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓
2	Professionals	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓
3	Technicians and associate Prof.	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓
4	Office assistance	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓
5	Service & sale workers	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓
6	Skilled agri.,forestry & fishery workers	✓										
7	Craft and related trades workers			✓				✓	✓			
8	Plant & machine operators & assemblers	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓
9	Elementary Occupations	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓
99	Not Stated											

OCCUPATION		INDUSTRY										
		Agriculture, forestry and fishing	Mining and quarrying	Manufacturing	Electricity, gas, steam and air conditioning supply	Water supply; sewerage, waste mgmt. & remediation activities	Construction	Wholesale and retail trade;repair of vehicles & motorcycles	Transportation and storage	Accommodation and food service activities	Information and communication	Financial and insurance activities
		L	M	N	O	P	Q	R	S	T	U	V
0	Armed Forces				✓	✓	✓					
1	Manager	✓	✓	✓	✓	✓	✓	✓	✓		✓	
2	Professionals	✓	✓	✓	✓	✓	✓	✓	✓		✓	
3	Technicians and associate Prof.	✓	✓	✓	✓	✓	✓	✓	✓		✓	
4	Office assistance	✓	✓	✓	✓	✓	✓	✓	✓		✓	
5	Service & sale workers	✓	✓	✓	✓	✓	✓	✓	✓		✓	
6	Skilled agri.,forestry & fishery workers										✓	
7	Craft and related trades workers											
8	Plant & machine operators & assemblers	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	
9	Elementary Occupations	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	✓	
99	Not Stated											

महल ३४:.. **[नाम] .. यो काममा कुन प्रकारले संलग्न हुनुहुन्छ ?**

४.५१ यस महलमा सम्बन्धित व्यक्तिले आर्थिक काम गर्दाको हैसियत के हो, कोड 1 देखि कोड 4 मध्ये कुनै एउटा कामको संलग्नताको प्रकारको कोड लेखिएको हुन्छ। जुन कोड लेखिएको छ, त्यसैलाई कायम राख्नु पर्दछ। यदि कुनैमा पनि कोड दिएको नभएमा कोड 9 लेख्नुपर्दछ।

महल ३५ :.. **[नाम] .. ले गर्नुभएको आर्थिक कामको संस्थागत क्षेत्र कुन हो ?**

४.५२ यस महलमा सम्बन्धित व्यक्तिले कस्तो प्रकारको संस्थागत क्षेत्रमा आर्थिक काम गरेको हो सो क्षेत्र जनाउन कोड 1 देखि कोड 5 मध्येको कुनै एउटा संस्थागत क्षेत्रको कोड लेखिएको हुन्छ। जुन कोड लेखिएको छ त्यसैलाई कायम राख्नुपर्दछ। यदि कुनैमा पनि कोड लेखेको छैन भने पेशा र आर्थिक कामको क्षेत्र (Industry) हेरेर निश्चित गर्न सकिने अवस्था भए यकिन गरी लेख्नुपर्दछ। निश्चित गर्न नसकिएमा कोड 9 लेख्नुपर्दछ।

महल ३६ : .. **[नाम] .. ले गत १२ महिनामा आर्थिक काम नगर्नुको मुख्य कारण के हो ?**

६ महिनाभन्दा कम आर्थिक काम गरेका वा कुनै पनि आर्थिक काम नगरेकाको लागि (महल ३१ मा कोड २,३ र ४ हुनेलाई मात्र)	
..[नाम].. ले गत १२ महिनामा आर्थिक काम नगर्नुको मुख्य कारण के हो ? ◆विद्यार्थी.....1 ◆घरधन्दा..... 2 ◆पारिवारिक हेरचाह... 3 ◆वृद्ध अवस्था..... 4 ◆अशक्त/विरामी..... 5 ◆पेन्सन/आयस्ता..... 6 ◆सामाजिक कार्य/ स्वयंसेवा..... 7 ◆अन्य..... 8	..[नाम].. ले गत १२ महिनामा आर्थिक काम खोज्नुभएको वा कामको लागि उपलब्ध हुनु भएको थियो ? ◆थियो (पूर्ण समय)....1 ◆थियो (आशिक समय)..... 2 ◆थिएन..... 3
(३६)	(३७)

४.५३ मानिसले विभिन्न कारणले आर्थिक काम नगरेको हुन सक्छ। ती मध्ये यस महलमा 1 देखि 8 सम्म विभिन्न आर्थिक काम नगर्नुको कारणहरु दिइएका छन्। सम्बन्धित व्यक्तिले मुख्य के कारणले गर्दा आर्थिक काम नगरेको हो सो जनाउनको लागि कोड 1 देखि कोड 8 मध्येको कुनै एउटा कोड लेखिएको हुन्छ। जुन कोड लेखेको हुन्छ त्यसैलाई नै कायम राख्नुपर्दछ। यदि कुनै कारण लेखेको छैन भने कोड 9 लेख्नुपर्दछ।

४.५४ यो प्रश्न महल ३१ मा कोड २, ३ र ४ हुनेलाई मात्र यो महल सोध्नुपर्दछ। अथवा ६ महिनाभन्दा कम आर्थिक काम गरेको वा कुनै पनि आर्थिक काम गरेको छैन भने सोध्नुपर्दछ, अन्य अवस्थामा यदि सोधिएको भए काटी दिनुपर्दछ। आर्थिक काम नगर्नुको कारणको कोड रुजु गर्दा निम्न विवरणहरुलाई ख्याल गर्नुपर्दछ।

- ✓ विद्यार्थीको कोड उल्लेख भएमा हाल पढ्न, लेख्न गइरहेको कोड भए नभएको
- ✓ बृद्ध अवस्थाको कोड उल्लेख भएमा उमेर ७० भन्दा बढी भए नभएको

महल ३७ : .. **[नाम] .. ले गत १२ महिनामा आर्थिक काम खोज्नुभएको वा कामको लागि उपलब्ध हुनुभएको थियो ?**

४.५५ कोही आर्थिक काम नगरेका व्यक्ति आर्थिक काम गर्ने इच्छा राखी कामको खोजी गरिरहेका हुन्छन् भने कोही व्यक्ति काम पाए पनि काम गर्न इच्छा राख्दैनन्। यस प्रश्नमा सम्बन्धित व्यक्ति आर्थिक कामको खोजीमा रहेका वा काम गर्न उपलब्ध छ छैनन् भन्ने जनाउन कोड 1 देखि कोड 3 मध्ये कुनै एउटा कोड लेखि आएको हुन्छ। यो प्रश्न पनि महल ३१ मा कोड 2, 3 र 4 आउनेलाई मात्र सोधिने भएकोले सोभन्दा बाहेक आए काट्नुपर्दछ। तीमध्ये कुनै एउटा कोड दिएको हुन्छ। जुन कोड लेखेको छ, त्यसैलाई कायम राख्नुपर्दछ। यदि कुनैमा पनि कोड लेखेको छैन भने कोड 9 लेख्नुपर्दछ।

तथ्याङ्क प्रशोधनको क्रममा मुख्य प्रश्नावलीको कभरपेज भर्ने तरिका

तथ्याङ्क प्रशोधन (कार्यालय प्रयोजन) को लागि मात्र	
कोडिङ्ग/इडिटिङ्ग गर्नेको नामः–	**कोडिङ्ग/इडिटिङ्ग मितिः–** ...../...../.....
कोडिङ्ग/इडिटिङ्ग चेक गर्नेको नामः–	**कोडिङ्ग/इडिटिङ्ग चेक मितिः–** ...../...../.....
डाटा इन्ट्री गर्नेको नाम :–	**डाटा इन्ट्री मिति :–** ...../...../.....
डाटा इन्ट्री चेक गर्नेको नाम :–	**डाटा इन्ट्री चेक मिति :–** ...../...../.....

४.५६ **कोडिङ/इडिटिङ गर्नेको नाम** :– जुन कोडिर/इडिटिरले किताबभित्रका मुख्य प्रश्नावलीको कोडिङ/इडिटिङ गरेको हो सोही कोडर/इडिटरले बुझिने गरी नाम थर प्रस्टरुपमा लेख्नुपर्दछ ।

४.५७ **कोडिङ/इडिटिङ मिति** :– मुख्य प्रश्नावली किताबको कोडङ/इडिटिङ सम्पन्न गरेको मिति लेख्नुपर्दछ ।

४.५८ **कोडिङ/इडिटिङ चेक गर्नेको नाम** :– कोडिङ सुपरभाईजरले कोडर/इडिटरले गरेको कामको परिक्षण/जाँच गरी ठीक भएमा मुख्य प्रश्नावली किताबभित्रको कोडिङ/इडिटिङ चेक गर्नेको नाम लेख्ने स्थानमा नाम थर बुझिने गरी प्रस्टरुपमा लेख्नुपर्दछ ।

४.५९ **कोडिङ/इडिटिङ चेक मिति** :– मुख्य प्रश्नावली किताबको कोडिङ/इडिटिङ चेक गरी सम्पन्न गरेको मिति समेत लेख्नुपर्दछ ।

४.६० **डाटा इन्ट्री गर्नेको नाम** :– जुन डाटा इन्ट्री अपरेटरले किताबभित्रका मुख्य प्रश्नावलीको डाटा इन्ट्री गरेको हो सोही डाटा इन्ट्री अपरेटरको बुझिने गरी नाम थर प्रस्टरुपमा लेख्नुपर्दछ ।

४.६१ **डाटा इन्ट्री मितिः**– मुख्य प्रश्नावली किताबको डाटा इन्ट्री सम्पन्न गरेको मिति लेख्नुपर्दछ ।

४.६२ **डाटा इन्ट्री चेक गर्नेको नामः**– डाटा इन्ट्री सुपरभाइजरले डाटा इन्ट्री अपरेटरले गरेको कामको परिक्षण/जाँच गरी ठीक भएमा मुख्य प्रश्नावली किताबभित्रको डाटा इन्ट्री चेक गर्नेको नाम लेख्ने स्थानमा नाम थर बुझिने गरी प्रस्टरुपमा लेख्नुपर्दछ ।

४.६३ **डाटा इन्ट्री चेक मितिः**– मुख्य प्रश्नावली किताबको कोडिङ/इडिटिङ चेक गरी सम्पन्न गरेको मिति लेख्नुपर्दछ ।

४.६४ कोडिङ/इडिटर सुपरभाइजरले प्रश्नावली बुक भित्र रहेको जुन घरपरिवारको पाना परिक्षण/जाँच गरेको हो त्यस पानाको भागमा सही गरी मिति समेत लेख्नुपर्दछ। त्यसै गरी डाटा इन्ट्री अपरेटरले गरको कामको परिक्षण/जाँच गरेको घरपरिवारको पानामा डाटा इन्ट्री सुपरपाइजरले समेत माथिल्लो भागमा सही गरी मिति समेत लेख्नुपर्दछ ।

४.६५ कोडिङ/इडिटिङ तथा डाटा इन्ट्री सुपरभाईजरले गरेको कामको अनुगमन माथिल्लो तहबाट हुने भएकोले सुपरभाइजरहरुले सतेत ध्यान पूर्वक कामको रेखदेख र जिम्मेवारी बहन गर्नुपर्दछ ।

परिच्छेद पाँचः घर तथा घरपरिवार सूचीकरण

परिचयात्मक विवरण

१. परिचयात्मक विवरण

प्रदेश	जिल्ला	गाउँपालिका/नगरपालिका	वडा नं.	गणना क्षेत्र नं.
..... कोड	..... कोड	..... कोड		

१. **प्रदेश**

५.१ कुनै पेजमा गणकले प्रदेशको पुरा नाम वा कोड लेख्न छुटाएको रहेछ वा स्पष्ट लेखेको रहेनछ भने कभर पेज हेरी प्रदेशको नाम र कोड लेख्नुपर्दछ। यदि कभरपेज पनि च्यातिएको छ भने अरु पेजहरु हेरी प्रदेशको नाम र प्रदेश कोड लेख्नुपर्दछ। नेपालका ७ प्रदेश नाम र कोड यस पुस्तिकाको अनुसूची १ मा दिइएको छ।

२. **जिल्ला**

५.२ कुनै पेजमा गणकले जिल्ला लेख्न छुटाएको रहेछ वा स्पष्ट लेखेको रहेनछ भने कभर पेज हेरी जिल्लाको नाम लेख्नुपर्दछ। यदि कभरपेज पनि च्यातिएको छ भने अरु पेजहरु हेरी जिल्लाको नाम लेख्नुपर्दछ। नेपालका ७७ जिल्लाको नाम र कोड यस निर्देशिकाको अनुसूची २ मा दिइएको छ।

३. **गाउँपालिका/नगरपालिका**

५.३ कुनै पेजमा गणकले गाउँपालिका/नगरपालिका लेख्न छुटाएको रहेछ वा स्पष्ट लेखेको रहेनछ भने कभर पेज हेरी गाउँपालिका/नगरपालिकाको नाम लेख्नुपर्दछ। यदि कभरपेज पनि च्यातिएको रहेछ भने अरु पेजहरु हेरी गाउँपालिका/नगरपालिकाको नाम लेख्नुपर्दछ।

५.४ एउटा जिल्लामा घटीमा १ देखि बढीमा २० वटा गाउँपालिका/नगरपालिकाहरु रहेका छन्। प्रत्येक जिल्लामा गा.पा./न.पा.को कोड १ बाट शुरु हुन्छ। गाउँपालिका/नगरपालिकाको नाम कोड र यस पुस्तिकाको अनुसूची ३ मा दिइएको छ। तर संस्थागत परिवारको हकमा गाउँपालिका/नगरपालिका उल्लेख नगरेको भएमा कोड 99 दिनुपर्दछ।

४. **वडा नं**

५.५ कुनै पेजमा गणकले वडा नं. लेख्न छुटाएका रहेछन् वा स्पष्ट लेखेको रहेनछ भने कभर पेज हेरी गाउँपालिका/नगरपालिकाको कति नं. वडा हो सो लेख्ने र यदि कभरपेज पनि च्यातिएको

रहेछ भने अरु पेजहरु हेरी वडा नं. लेख्नुपर्दछ। तर संस्थागत परिवारको हकमा वडा नं. उल्लेख नगरेको भएमा कोड 99 दिनुपर्दछ।

५. गणना क्षेत्र नं.

५.६ घनाबस्ती भएका वा ठूला आकारका गाउँपालिका तथा नगरपालिकाको वडालाई एउटा गणकको कार्यबोझ हुने गरी विभाजन गरी गणना क्षेत्र (Enumeration Area) हरुमा विभाजन गरिएको छ। प्रत्येक गणना क्षेत्रहरुमा घर क्रमसंख्या र परिवार क्रमसंख्या 1 देखि शुरु हुन्छ। तसर्थ एउटै वडामा जति वटा गणना क्षेत्र छ प्रत्येक गणना क्षेत्रमा घर क्रमसंख्या र परिवार क्रमसंख्या 1 देखि शुरु हुने भएकोले सवैभन्दा पहिले वडालाई गणना क्षेत्रमा विभाजन गरिएको छ कि छैन यकिन गरी विभाजन गरिएको छ भने कति वटा गणना क्षेत्रमा विभाजन गरिएको छ, वडाभित्रका सबै गणना क्षेत्रको किताबहरु छन् छैनन् हेर्ने र सबै कभरपेजमा गणना क्षेत्रमा भरिएको छ छैन हेर्नुपर्दछ। त्यस पछि मात्र अरु कोडिङमा लाग्नुपर्दछ।

५.७ यदि वडा दुई वा दुई भन्दा बढी गणना क्षेत्रमा विभाजन भएको छ तर प्रश्नावलीको कभरपेजमा गणना क्षेत्र लेख्न छुटेको रहेछ भने घर/परिवारमूली सुचिकरण लगत फारामको सहायता लिई गणना क्षेत्र लेख्नुपर्दछ। यदि वडा विभाजन भएको छैन भने गणना क्षेत्रमा "00" लेख्नुपर्दछ। तर संस्थागत परिवारको हकमा उल्लेख नगरेको भएमा कोड '999' लेख्नुपर्दछ।

यस गा.पा./न.पा. मा जग्गाको क्षेत्रफल नाप्नका लागि कुन एकाइ प्रयोग गरिन्छ ?

५.८ नेपालको हिमाली र पहाडी भू-भागमा जग्गाको मापन रोपनीमा र भित्री मधेश तथा तराई जोडिएका जिल्लाहरुमा जग्गाको मापन दुबै एकाईमा हुनसक्दछ। तसर्थ जग्गाको मापन पालिकास्तरमा लिइएको छ। गाउँपालिका वा नगरपालिकामा प्रयोग भएको जग्गाको मापन एकाइ विघामा भए कोड 1 र रोपनीमा भए कोड 2 उल्लेख गरिएको हुन्छ। वडा वा वडा खण्ड (गणना क्षेत्र) भित्र जग्गाको एकाइ एउटै हुनुपर्दछ। यदि कुनै वडा वा वडाखण्डमा जग्गाको एकाई लेख्न छुटाएको छ भने त्यस पालिका अन्तर्गत अरु वडामा कुन एकाई छ सोही लेख्नुपर्दछ।

गा.पा./न.पा. मा जग्गाको क्षेत्रफल नाप्नका लागि कुन एकाइ प्रयोग गरिन्छ ?	
विघा.....1	
रोपनी.....2	

विघा-1
रोपनी-2

घरसम्बन्धी विवरण

महल १: घर क्रमसंख्या

५.९ प्रत्येक जनगणना घरको जनगणना घर क्रमसंख्या सिलसिलावद्ध तरिकाले लेखिएर आएको हुन्छ। प्रत्येक गणना क्षेत्रमा घरक्रम संख्या 1 देखि क्रमवद्ध तरिकाबाट शुरु गरिएको हुन्छ। गणना क्षेत्र परिवर्तन हुँदा घरक्रम संख्या पुनः 1 बाट शुरु भएको हुन्छ। यदि कुनै घरक्रम संख्या लेख्न छुटेको छ भने त्यस गणना क्षेत्रको अन्तिम घरक्रम संख्या लेख्नु पर्दछ। यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने यदि घरमा एक भन्दा बढी परिवारहरु बसोबास गरेका छन् भने जनगणना घर क्रमसंख्या दोहोरिएको हुन्छ।

२. घरसम्बन्धी विवरण				
घर क्र.सं.	यो घर कति तलाको छ र बनेको कति वर्ष भयो ?	यो घर मुख्यरुपमा के को लागि प्रयोग गरिएको छ ? (कोड)	यो घरमा कति परिवार बस्नुहुन्छ ? (अलग/अलग भान्सा गरी बसेका)	यो घरमा बसोवास गरेका परिवारको क्रम संख्या
(१)	(२)	(३)	(४)	(५)
	.....तला .....वर्ष			

महल २: यो घर कति तलाको छ र बनेको कति बर्ष भयो ?

५.१० यस महलमा घरको जम्मा तला संख्या र घर बनेको कति बर्ष पुरा भएको छ सो बर्षमा लेखिएको हुन्छ। यो महलमा तला संख्या उल्लेख नगरिएको भएमा 99 कोड दिनुपर्दछ। त्यसैगरी घर बनेको पुरा बर्ष उल्लेख नगरिएको भएमा पनि 99 कोड दिनुपर्दछ।

महल ३: यो घर मुख्यरुपमा के को लागि प्रयोग गरिएको छ ?

५.२१ यस महलमा घरको मुख्य प्रयोजनको कोड 1 देखि 12 सम्मको कुनै कोड उल्लेख गरिएको हुनेछ। यदि कुनै पनि कोड उल्लेख नगरिएको भएमा 99 कोड उल्लेख गर्नु पर्दछ।

घरको मुख्य प्रयोजनको कोडहरुः

आवासीय-1
व्यापार-2
सरकारी-3
शैक्षिक-4
स्वास्थ्यजन्य-5
उद्योग/कलकारखाना-6
बैंक तथा वित्तीय संस्था-7
संस्थागत-8
होटल तथा लज-9
गोठ/धनसार/मतान-10
अन्य प्रयोग-11
खाली घर-12
उत्तर नलेखिएको-99

महल ४: यो घरमा कति परिवार बस्नुहुन्छ ?

५.२२ यस महलमा घरमा बस्ने जम्मा परिवार संख्या उल्लेख गरिएको हुनुपर्दछ। यो परिवार संख्या उल्लेख नगरिएको भएमा महल ५ मा यस घरमा बस्ने परिवारको क्रमसंख्यामा उक्त घरमा कति परिवारको विवरण भरेको छ हेरी यस जनगणना घरमा बस्ने जम्मा परिवार संख्या लेख्नु पर्दछ। जस्तैः घर क्रमसंख्या ढ रहेका र महल ५ मा परिवारक्रम संख्या 1 देखि 4 सम्म रहेकोछ भने महल ४ मा जम्मा परिवार संख्या 4 उल्लेख गर्नुपर्दछ। यसबाट 9 नं. घरमा ४ वटा परिवार बसेको बुझिन्छ।

महल ५: यो घरमा बसोबास गरेका परिवारको क्रमसंख्या

५.२३ यस महलमा घरमा कति परिवार बस्दछन् सोको सिलसिलेबार नम्बर क्रमैसँग लहरमा उल्लेख गरिएको हुन्छ। यदि यो क्रमसंख्या उल्लेख नगरिएको वा सिलसिलेवार नम्बर नमिलेको भएमा सुपरिवेक्षकको सहायता लिई यसलाई महल १ मा यसको घरक्रम संख्या कति पटक दोहोरिएको छ सो बमोजिम परिवार क्रमसंख्या एकिन गरी उल्लेख गर्नुपर्दछ। जस्तैः माथि महल ४ को उदाहरणको चित्रमा घरक्रम संख्या 9 चार पटक दोहोरिएकोले यस घरमा जम्मा 4 परिवार बस्छन भन्ने बुझिन्छ र महल ५ मा यो क्रमसंख्या 1 देखि 4 सम्म उल्लेख गरिएको हुनुपर्दछ।

परिवार सम्बन्धी विववरण

महल ६: जनगणना घर क्रमसंख्या

५.२४ यस महलमा जनगणना घर क्रमसंख्या उल्लेख गरिएको हुन्छ। महल ४ मा यदि घरमा कुनै परिवार बस्छ भने यस महलमा परिवार बस्ने घर (जनगणना घर) भनि घरको क्रमसंख्या उल्लेख गरिएको हुन्छ। यसमा ध्यान दिनु पर्ने कुरा के छ भने यदि कुनै घरमा मानिस/परिवार बस्दैनन् भने यो महल खाली हुन्छ, त्यसै गरी यदि एक घरमा एक भन्दा बढि परिवार बस्छन् भने यस महलको परिवार क्रमसंख्या दोहोरिएको हुन्छ। यस महलको अन्तिम संख्याले गणना क्षेत्र भित्र रहेको जम्मा जनगणना घरहरु बुझाउँछ।

३. परिवार सम्बन्धी विवरण						
जनगणना घर क्रमसंख्या	जनगणना परिवार क्रमसंख्या	परिवारका मूलीको नाम थर	परिवारमा अक्सर बसोबास गर्ने सदस्य संख्या			
			पुरुष	महिला	अन्य लिङ्गी	जम्मा
(६)	(७)	(८)	(९)			

महल ७: जनगणना परिवार क्रमसंख्या

५.२५ यस महलमा गणना क्षेत्र भित्रका परिवारहरुको सिलसिलेवार क्रमसंख्या उल्लेख गरिएको हुन्छ। कुनै परिवार क्रमसंख्या उल्लेख नगरिएको भए गणना क्षेत्र भित्रको अन्तिम क्रमसख्या पछिको परिवार क्रमसंख्या उल्लेख गर्नुपर्छ। परिवार क्रमसंख्या उल्लेख गर्न छुटेको वा क्रम नमिलेको भएमा सुपरभाइजरसँग सम्पर्क गरी निर्देशानुसार नयाँ परिवार क्रमसंख्या उल्लेख गर्नुपर्छ।

महल ८: परिवारका मूलीको नाम थर

महल ८ को कोडिङ तथा इन्ट्री गर्नु नपर्ने ।

महल ९: परिवारमा अक्सर बसोबास गर्ने सदस्य संख्या

५.२६ यस महलमा परिवारमा अक्सर बसोबास गर्ने परिवारका सदस्यहरुमा पुरुष, महिला, अन्य लिङ्गी र जम्मा संख्या उल्लेख गरिएको हुन्छ । यदि पुरुष, महिला, अन्य लिङ्गीको संख्या उल्लेख गरिएको तर परिवारका सदस्यहरुको जम्मा संख्या उल्लेख नगरिएको भए तीनै प्रकारका सदस्यहरुको जोड जम्मा महलमा उल्लेख गर्नुपर्छ । यस अन्तर्गत पुरुष, महिला र अन्य लिङ्गी मध्ये कुनै महलमा 0 भए सो लिङ्गको परिवारको सदस्य नभएको बुझ्नुपर्दछ । यदि जम्मा महलमा भएको संख्या र महिला, पुरुष र अन्य लिङ्गीको जोड मिलेन भने यी तीन वटाको जोड नै जम्मामा लेख्नुपर्दछ ।

कृषि तथा पशुपन्छी सम्बन्धी विवरण

महल १०: यस परिवारको यो गा.पा./न.पा. भित्र आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा छ ?

५.२७ यस महलमा यस परिवारको कुनै पनि सदस्यको नाममा यो गाउँपालिका वा नगरपालिका भित्र आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा छ वा छैन भनि प्रश्न गरिएको छ । यदि यो गाउँपालिका वा नगरपालिका भित्र आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा छ भन्ने उत्तरको लागि कोड 1 र छैन भन्ने उत्तरको लागि कोड 2 उल्लेख गरिएको हुन्छ । यदि कुनै पनि कोड उल्लेख नगरिएको तर महल ११ मा जग्गाको क्षेत्रफल (विघा/रोपनी, कट्ठा/आना, धुर/पैसाको कुनै पनि महलमा क्षेत्रफल) उल्लेख गरिएको भएमा कोड , जग्गाको क्षेत्रफल “00” उल्लेख गरिएको भएमा कोड 2, र कुनै पनि महलमा जग्गाको क्षेत्रफल उल्लेख नगरिएको भएमा पनि कोड 2 उल्लेख गर्नुपर्छ । महल ११ मा खाली छ र महल १० मा केही लेखिएको छैन महल १० मा कोड 9 लेख्नुपर्दछ ।

छ-1
छैन-2
उत्तर नलेखिएको-9

महल ११: आफैले चलन गरेको कृषि प्रयोजनको जम्मा क्षेत्रफल

५.२८ यस महलमा यस परिवारको कुनै पनि सदस्यको नाममा यो गाउँपालिका वा नगरपालिका भित्र आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा भएमा विघा/रोपनी, कट्ठा/आना, धुर/पैसा गरि अलग अलग महलमा क्षेत्रफल उल्लेख गरिएको हुन्छ। यस गाउँपालिका वा नगरपालिकामा प्रयोग भएको जग्गाको मापन एकाइ यदि विघामा भए कोड 1 र रोपनीमा भए कोड 2 पानाको शिर्ष भागमा उल्लेख गरिएको हुन्छ। जग्गाको क्षेत्रफल महल विघा/रोपनी, कट्ठा/आना, धुर/पैसा मध्ये जुन महलमा क्षेत्रफल उल्लेख भएको छैन वा उल्लेख गर्न छुटेको भएमा सो महलमा क्रमश विघा/रोपनीमा 00, कट्ठा/आनामा 00 र धुर/पैसामा 00 कोड दिनुपर्दछ।

	४. कृषि तथा		
यस परिवारको यो गा.पा./न.पा. भित्र आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा छ ? (आफ्नो जग्गा आफैले कमाएको र अरूको जग्गा कमाएको समेत)	महल १० को १ मा गोलो घेरा भएकालाई मात्र		
	आफैले चलन गरेको कृषि प्रयोजनको जम्मा क्षेत्रफल		
	विघा/ रोपनी	कट्ठा/ आना	धुर/ पैसा
(१०)	(११)		
१. छ २. छैन → महल १२			

	पशुपन्छी सम्बन्धी विवरण		
यस परिवारको यो गा.पा./न.पा. बाहिर आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा छ ? (आफ्नो जग्गा आफैले कमाएको र अरूको जग्गा कमाएको समेत)	महल १२ को १ मा गोलो घेरा भएकालाई मात्र		
	आफैले चलन गरेको कृषि प्रयोजनको जम्मा क्षेत्रफल		
	विघा/ रोपनी	कट्ठा/ आना	धुर/ पैसा
(१२)	(१३)		
१. छ २. छैन → महल १४			

महल १२: यस परिवारको यो गा.पा./न.पा. बाहिर आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा छ ?

५.२९ महल १२ मा यस परिवारको कुनै पनि सदस्यको नाममा यो गाउँपालिका वा नगरपालिका बाहिर आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा छ वा छैन भनि प्रश्न गरिएको छ। यो गाउँपालिका वा नगरपालिका बाहिर आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा छ भन्ने उत्तरको लागि कोड 1 र छैन भन्ने उत्तरको लागि कोड 2 उल्लेख गरिएको हुन्छ। यदि कुनै पनि कोड उल्लेख नगरिएको तर महलमा १३ मा जग्गाको क्षेत्रफल (विघा/रोपनी, कट्ठा/आना, धुर/पैसाको कुनै पनि महलमा क्षेत्रफल) उल्लेख गरिएको भएमा कोड 1, जग्गाको क्षेत्रफल "00" उल्लेख गरिएको भएमा कोड 2 र कुनै पनि महलमा जग्गाको क्षेत्रफल उल्लेख नगरिएको भएमा कोड 2 उल्लेख गर्नुपर्छ। महल १३ मा खाली छ र महल १२ मा केही लेखिएको छैन महल १२ मा कोड 9 लेख्नुपर्दछ।

छ-1
छैन-2
उत्तर नलेखिएको-9

महल १३: आफैले चलन गरेको कृषि प्रयोजनको जम्मा क्षेत्रफल (महल १२ मा १ मा गोलो घेरा भएकालाई मात्र)

५.३० यस महलमा यस परिवारको कुनै पनि सदस्यको नाममा यो गाउँपालिका वा नगरपालिका बाहिर आफैले चलन गरेको कृषि प्रयोजनको जग्गा भएमा विघा/रोपनी, कट्ठा/आना, धुर/पैसा गरि अलग अलग महलमा क्षेत्रफल उल्लेख गरिएको हुन्छ। जग्गाको क्षेत्रफल महल विघा/रोपनी, कट्ठा/आना, धुर/पैसा मध्ये जुन महलमा क्षेत्रफल उल्लेख भएको छैन वा उल्लेख गर्न छुटेको भएमा सो महलमा क्रमश विघा/रोपनीमा 00, कट्ठा/आनामा 00 र धुर/पैसामा 0 कोड दिनुपर्दछ।

महल १४: यस परिवारमा कृषि प्रयोजनको लागि पालेका पशुपन्छी छन् ?

५.३१ यस महलमा परिवारले कृषि प्रयोजनको लागि पालेका पशुपन्छी पालेका छन् वा छैनन् भनि प्रश्न गरिएको छ। परिवारले कृषि प्रयोजनकोलागि पशु वा पन्छी पालेका छन् भने कोड 1 र पालेका छैनन् भने कोड 2 उल्लेख गरिएको हुन्छ। यदि कुनै पनि कोड उल्लेख नगरिएको तर महल १५ मा पशुहरुको संख्या वा महल १६ मा पन्छीहरुको संख्या उल्लेख गरिएको छ भने यस महलमा कोड 1 उल्लेख गर्नुपर्छ। महल १५ वा १६ को सवै विवरणमा "00" उल्लेख गरिएको भएमा महल १४ मा कोड 2 दिने र महल १५ र १६ मा केहि पनि उल्लेख नगरेको भएमा महल १४ मा कोड 9 उल्लेख गर्नुपर्छ।

यस परिवारमा कृषि प्रयोजनको लागि पालेका पशुपन्छी छन् ?	महल १४ को १ मा गोलो घेरा भएकालाई मात्र										
	कृषि प्रयोजनका लागि पालेका पशुपन्छीको संख्या दिनुहोस्।										
	पशु								पन्छी		
	गाई/गोरु	राँगा/भैंसी	याक/नाक/चौंरी	भेडा	बाख्रा/च्याङ्ग्रा	सुँगुर/बङ्गुर	घोडा/खच्चर/गधा	अन्य पशु	कुखुरा	हाँस	अन्य पन्छी
(१४)	(१५)								(१६)		
१. छन् २. छैनन् → महल १७											

महल १५: कृषि प्रयोजनको लागि पालेका पशुपन्छीको संख्या दिनुहोस् (पशु संख्या)।

५.३२ महल १५ मा यदि परिवारले कृषि प्रयोजनकोलागि पालेका पशुहरु गाई/गोरू, राँगा/भैंसी, याक/नाक/चौंरी, भेडा, बाख्रा/च्याङ्ग्रा, सुँगुर/बङ्गुर, घोडा/खच्चर/गधा, तथा अन्य पशुहरु छन् भने सोको संख्या विभिन्न महलमा उल्लेख गरिएको हुन्छ। यदि परिवारले कुनै पशु नपालेको भएमा ण्ण उल्लेख गरिएको हुन्छ। पशुहरुको संख्या महलमा केहि पनि उल्लेख नगरेको वा लेख्न छुटेको भएमा कोड 00 उल्लेख गर्नुपर्छ। महल १५ को सम्बन्ध महल १४ सँग हुने भएकोले सो विचार गरी कोड र विवरण मिलाउनुपर्दछ।

महल १६: कृषि प्रयोजनको लागि पालेका पशुपन्छीको संख्या दिनुहोस् (पन्छी संख्या)।

५.३३ यस महलमा यदि परिवारले कृषि प्रयोजनकोलागि पालेका पन्छीहरु कुखुरा, हाँस र अन्य पन्छीहरु छन् भने सोको संख्या विभिन्न महलमा उल्लेख गरिएको हुन्छ। यदि परिवारले कुनै पन्छीहरु नपालेको भएमा 00 उल्लेख गरिएको हुन्छ। पन्छीहरुको संख्या महलमा केहि पनि उल्लेख नगरेको वा लेख्न छुटेको भएमा कोड 00 उल्लेख गर्नुपर्छ।

अन्य विवरण

महल १७: तपाईको परिवारले सरकारी अनुदान अन्तर्गत आवासीय घर निर्माण गरेको छ ?

५.३४ यस महलमा परिवारले सरकारी अनुदान अन्तर्गत आवासीय घर निर्माण गरेका छन् वा छैनन् सम्बन्धित कोड 1 वा 2 र प्रश्न लागु नहुनेका लागि कोड 3 भरेर आएको हुन्छ। यस महलमा केहि पनि उल्लेख नगरेको भएमा कोड 9 दिनुपर्छ।

छ-1
छैन-2
लागु हुने-3
उत्तर नलेखिएको-9

५. अन्य विवरण			
तपाईको परिवारले सरकारी अनुदान अन्तर्गत आवासीय घर निर्माण गरेको छ ?	तपाईको परिवारमा कति जना व्यक्तिको नाममा बैंक वा वित्तीय संस्थामा खाता छ ?	तपाईको परिवारमा प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएका व्यक्ति कति जना छन् ?	तपाईको परिवारले बैंक, सहकारी संस्था वा वित्तीय संस्थाबाट ऋण सुविधा लिएको छ ?
(१७)	(१८)	(१९)	(२०)
१. छ २. छैन ३. लागु नहुने	महिला..... पुरुष.....	.....जना	१. छ २. छैन

महल १८: तपाईको परिवारमा कति जना व्यक्तिको नाममा बैंक वा वित्तीय संस्थामा खाता छ ?

५.३५ यस महल अन्तर्गत परिवारमा जम्मा कति जनाको नाममा बैंक वा कुनै वित्तीय संस्थामा खाता रहेको छ र बैंक खाता रहेका महिला र पुरुषको संख्या अलग अलग उल्लेख गरिएको हुन्छ। यदि महिला वा पुरुषको संख्या खाली छ भने 99 लेख्नुपर्दछ। यस महलको जम्मा पुरुष महिला संख्या महल ९ को जम्मा संख्या भन्दा बराबर वा कम हुनुपर्दछ।

महल १९: तपाईको परिवारमा प्राविधिक तथा व्यवसायिक शिक्षा वा तालिम लिएका व्यक्ति कति जना छन् ?

५.३६ यस महल अन्तर्गत प्राविधिक तथा व्यवसायिक शिक्षा वा तालिम लिएका जम्मा परिवारको सदस्य संख्या उल्लेख गरिएको हुन्छ। यदि तालिम लिएको संख्या खाली छ भने 99 उल्लेख गर्नुपर्छ। यस महलको जम्मा संख्या महल ९ को जम्मा संख्या भन्दा बराबर वा कम हुनुपर्दछ।

महल २०: तपाईको परिवारले बैंक, सहकारी संस्था वा वित्तीय संस्थाबाट ऋण सुविधा लिएको छ ?

५.३७ यस महलमा परिवारले कुनै बैंक, सहकारी संस्था वा वित्तीय संस्थाबाट ऋण सुविधा लिएको भएमा कोड 1 र नलिएको भएमा कोड 2 उल्लेख गरिएको हुन्छ। यदि केही उल्लेख नगरिएको भए कोड ढ उल्लेख गर्नुपर्छ।

छ-1
छैन-2
उत्तर नलेखिएको-9

परिच्छेद छः सामुदायिक प्रश्नावली

सामुदायिक प्रश्नावली वडाका जिम्मेवार पदाधिकारीले भरेको हुँदा कुनै पनि विवरण खाली आएको अवस्थामा सम्बन्धित वडाका जिम्मेवार व्यक्तिलाई सोधपुछ गरी उल्लेख गर्नुपर्दछ। यदि केन्द्रबाट सम्पर्क हुन नसकेमा सम्बन्धित तथ्याङ्क कार्यालय मार्फत पूर्ण विवरणको लागि सहयोग माग्नु पर्नेछ। त्यस्तो अवस्थामा तथ्याङ्क कार्यालयले विवरण भर्न सहयोग गर्नुपर्नेछ।

खण्ड कः परिचयात्मक विवरण

१. प्रदेश

६.१ नेपालका सबै ७ प्रदेशको कोड र नाम यस पुस्तिकाको अनुसूची १ मा दिइएको छ। सोही अनुसार प्रदेशको कोड राख्नुपर्दछ।

२. जिल्ला

६.२ नेपालका ७७ जिल्लाको कोड र नाम यस पुस्तिकाको अनुसूची २ मा दिइएको छ। सोही अनुसार जिल्लाको कोड राख्नुपर्दछ।

३. गाउँपालिका/नगरपालिका

६.३ एउटा जिल्लामा कम्तिमा ३ देखि बढीमा २० वटा गाउँपालिका/नगरपालिकाहरु रहेका छन्। प्रत्येक जिल्लामा गा.पा./न.पा.को कोड 1 बाट शुरु हुन्छ। गाउँपालिका/नगरपालिकाको कोड र नाम यस पुस्तिकाको अनुसूची ३ मा दिइएको छ। सोही अनुसार गाउँपालिका/नगरपालिकाको कोड लेख्नुपर्दछ।

४. वडा नं.

६.४ यसमा प्रश्नावली कति नं. वडा कार्यालयमा भरिएको हो, सोही वडा नं. लेखिएको हुन्छ। यदि वडा नं. भरिएको रहेनछ वा स्पष्ट लेखेको रहेनछ वा च्यातिएको रहेछ भने प्रश्नावली फारामको अन्तिम पृष्ठमा उत्तरदाताको फोन नं. लेखिएको भएका सम्बन्धित व्यक्तिलाई फोन गरी वडा नं. लेख्नुपर्दछ।

खण्ड खः वडाको आधारभूत विवरण

प्रश्न नं.१ यस वडामा रहेका निम्नानुसारको अनुमानित संख्या उल्लेख गर्नुहोस्।

१.१ घर/भवन (आवासीयबाहेक) ..... १.२ आवासीय घर .....

१.३ घरपरिवार संख्या ..... १.४ जनसंख्या .....

६.५ यस प्रश्नमा वडामा रहेका आवासीय वाहेकका घर/भवनहरु, आवासीय घरहरु, घरपरिवार संख्या र जम्मा जनसंख्या उल्लेख भएको हुन्छ। यदि लेख्ने स्थानमा खाली रहेछ भने प्रश्नावली भर्ने सम्बन्धित व्यक्तिलाई फोन सम्पर्क गरी लेख्नुपर्दछ।

प्रश्न नं.२ यस वडामा कति वटा बस्ती/टोल/गाउँ छन् ?

६.७ यस प्रश्नमा वडामा भएका जम्मा बस्ती/टोल/गाउँको संख्या लेखिएको हुन्छ। यदि गाउँ/बस्ती/टोलको संख्या नलेखिएको भए फोन सर्म्फक गरी संख्या लेख्नुपर्दछ।

प्रश्न नं.३ यस वडा कार्यालयबाट सबैभन्दा टाढाको बस्ती/टोल/गाउँ कुन हो ?

३.१ यस वडा कार्यालयबाट सबैभन्दा टाढाको बस्ती/टोल/गाउँको नाम यस प्रश्नमा लेखिएको हुन्छ। सबैभन्दा टाढाको बस्ती/टोल/गाउँको नाम उल्लेख नगरिएको भएमा सम्बन्धित जिम्मेवार व्यक्तिसँग सम्पर्क गरी लेख्नुपर्दछ।

३.२ यस वडा कार्यालयबाट सबैभन्दा टाढाको बस्ती/टोल/गाउँ सम्म पुग्न प्रयोग गरिने यातायातको माध्यमको कोड 1 देखि 3 सम्म लेखिएको हुन्छ। जिम्मेवार व्यक्तिसँग सम्पर्क गर्दा पनि जानकारी पाउन नसकिएमा त्यसको लागि कोड 9 लेख्नुपर्दछ।

३.३ यस वडा कार्यालयबाट सबैभन्दा टाढाको बस्ती/टोल/गाउँ सम्म पुग्न लाग्ने समय (एकतर्फी) समय सडक यातायातको प्रयोग गरि र पैदल हिड्दा लाग्ने समय घण्टा र मिनेटमा लेखि आएको हुन्छ। जिम्मेवार व्यक्तिसँग सम्पर्क गरी लेख्ने र त्यसबाट पनि विवरण पाउन नसकिएमा लाग्ने समय घण्टा र मिनेटमा 99 वा थाहा नभएको भनी लेखी आएको भएमा लाग्ने समय घण्टा र मिनेटमा 98 लेख्नुपर्दछ।

प्रश्न नं.४ यस वडामा जग्गाको नापका लागि कुन एकाइ चलनचल्तीमा छ ?

६.८ यस प्रश्नमा वडामा जग्गा मापनका लागि प्रयोग हुने एकाइ बिघा भए कोड 1 र रोपनी भएमा कोड 2 लेखिएको हुन्छ। हिमाली र पहाडी जिल्ला भए रोपनीको एकाई र तराईका जिल्ला भए विघाको एकाई लेख्नुपर्दछ। यदि जग्गाको एकाई दुबैमा मापन गरिने जिल्ला भएमा फोन सम्पर्क गरी लेख्नुपर्दछ।

प्रश्न नं.५ यस वडामा उत्पादन हुने प्रमुख कृषिजन्य उपजहरू के के हुन् ? (उत्पादन परिमाणको आधारमा)

६.९ यस प्रश्नमा वडामा परिमाणको आधारमा उत्पादन हुने प्रमुख ५ वटा सम्म कृषिजन्य उपजहरुको नाम लेखिएको हुन्छ। फाराम आएको उपजहरुको देहाय अनुसार कोड लेख्नुपर्दछ।

धान-1	जौ-4	बदाम-7
मकै-2	तोरी-5	आलु-8
गहुँ, कोदो-3	भटमास-6	तरकारी-9

गोलभेडा-10
काक्रो-11
काउली-12
बन्दा-13
प्याज-14
लसुन-15
कुरिलो-16
तरुल-17
सखरखण्ड-18
पिंडालु-19
मूला-20
गुन्द्रुक-21
तामा-22
दाल-23
दलहन-24
रहर-25
मास-26
मसुरो-27
गहत-28
केराउ-29
सिलाम-30
कोसेबाली-31
बेसार-32
अदुवा-33
धनिया-34
फापर-35
चिया-36
सुपारी-37
अलैची-38
टिम्मुर-39
कफी-40
उखु-41
केरा-42
लिची-43
आँप-44
किबी-45
सुन्तला-46
अम्बा-47
खरबुजा-48
नास्पाती-49
जुनार-50
कागती-51
कुखुरा-52
भैंसी-53
बाख्रा-54
खसी, बोका-55
पाडापाडी-56
माछा, दूध-57
घिउ-58
मह, फलफूलका बिरुवा-59
जडीबुटी-60
61 देखि माथि नयाँ दिने

प्रश्न नं.६ यस वडाबाट अक्सर बाहिर जाने प्रमुख कृषिजन्य उपजहरू के के हुन् ? (रकमको आधारमा)

६.१० यस प्रश्नमा वडामा रकमको आधारमा अक्सर बाहिर जाने प्रमुख ५ वटा सम्म कृषिजन्य उपजहरुको नाम लेखिएको हुन्छ । फाराम आएको उपजहरुको देहाय अनुसार कोड लेख्नुपर्दछ ।

धान-1
मकै-2
गहुँ, कोदो-3
जौ-4
तोरी-5
भटमास-6
बदाम-7
आलु-8
तरकारी-9
गोलभेडा-10
काक्रो-11
काउली-12
बन्दा-13
प्याज-14
लसुन-15
कुरिलो-16
तरुल-17
सखरखण्ड-18
पिंडालु-19
मूला-20
गुन्द्रुक-21
तामा-22
दाल-23
दलहन-24
रहर-25
मास-26
मसुरो-27

गहत-28	कफी-40	कुखुरा-52
केराउ-29	उखु-41	भैंसी-53
सिलाम-30	केरा-42	बाखा-54
कोसेबाली-31	लिची-43	खसी, बोका-55
बेसार-32	आँप-44	पाडापाडी-56
अदुवा-33	किबी-45	माछा, दूध-57
धनिया-34	सुन्तला-46	घिउ-58
फापर-35	अम्बा-47	मह, फलफूलका बिरुवा-59
चिया-36	खरबुजा-48	जडीबुटी-60
सुपारी-37	नास्पाती-49	61 देखि माथि नयाँ दिने
अलैची-38	जुनार-50	
टिम्मुर-39	कागती-51	

प्रश्न नं.७ यस वडामा उत्पादन हुने प्रमुख गैरकृषिजन्य/खानीजन्य उपजहरू के के हुन् ? (उत्पादन परिमाणको आधारमा)

६.११ यस प्रश्नमा वडामा परिमाणको आधारमा उत्पादन हुने प्रमुख ५ वटा सम्म गैरकृषिजन्य वा खानीजन्य उपजहरुको नाम लेखिएको हुन्छ। फाराम आएको गैरकृषिजन्य वा खानीजन्य उपजहरुको देहाय अनुसार कोड लेख्नुपर्दछ।

ढुंगा- 1	बेल ढुंगा-13	स्लेट ढुंगा-25
गिट्टी, ग्राबेल- 2	लोहाका भाँडा-14	खिरौला-26
माटो- 3	माटाका भाँडा-15	यार्सागुम्बा-27
इँटा-4,	ग्यास-16	अत्तिस-28
रातो माटो-5	गार्मेन्ट कपडा-1	कालादाना-29
बालुवा-6,	धातुका भाडा-18	पदमचाल-30
दाउरा-7	मदिरा-19	खिरउलो-31
फर्निचर-8	काठ- 20	बायोजरी-32
फलाम-9	सका भाँडा-21	गुच्चीच्याउ-33
चूनढुंगा-10	स्टिलका भाँडा-22	धुपी-34
काइनेटि ढुंगा-11	गलैचा-23	बाँस-35
पत्थर ढुंगा-12	कोइला-24	36 देखि माथि नयाँ कोड दिने

प्रश्न नं.८ यस वडाबाट अक्सर बाहिर जाने गैरकृषिजन्य/खानीजन्य उपजहरु के के हुन् ? (रकमको आधारमा)

६.१२ यस प्रश्नमा वडामा रकमको आधारमा अक्सर बाहिर जाने प्रमुख ५ वटा सम्म गैरकृषिजन्य वा खानीजन्य उपजहरुको नाम लेखिएको हुन्छ। फाराम आएको गैरकृषिजन्य वा खानीजन्य उपजहरुको देहाय अनुसार कोड लेख्नुपर्दछ।

ढुंगा- 1	बेल ढुंगा-13	स्लेट ढुंगा-25
गिट्टी, ग्राबेल- 2	लोहाका भाँडा-14	खिरौला-26
माटो- 3	माटाका भाँडा-15	यार्सागुम्बा-27
इँटा-4,	ग्यास-16	अत्तिस-28
रातो माटो-5	गार्मेन्ट कपडा-1	कालादाना-29
बालुवा-6,	धातुका भाडा-18	पदमचाल-30
दाउरा-7	मदिरा-19	खिरउलो-31
फर्निचर-8	काठ- 20	बायोजरी-32
फलाम-9	सका भाँडा-21	गुच्चीच्याउ-33
चूनढुंगा-10	स्टिलका भाँडा-22	धुपी-34
काइनेटि ढुंगा-11	गलैचा-23	बाँस-35
पत्थर ढुंगा-12	कोइला-24	36 देखि माथि नयाँ कोड दिने

प्रश्न नं.९ यस वडामा मुख्यतः कुन कुन स्रोतबाट राजस्व संकलन हुन्छ ? (गा.पा./न.पा. र अन्य निकायबाट प्राप्त रकमबाहेक)

६.१३ यस प्रश्नमा वडामा गा.पा./न.पा. र अन्य निकायबाट प्राप्त रकमबाहेक राजस्व संकलनका प्रमुख श्रोतहरु को कोड 1 देखि 12 सम्मका मध्ये प्रमुख ५ वटा लेखिएको हुन्छ। यहाँ एक वा एक भन्दा बढि ५ वटासम्म कोडहरु लेखिएको हुनसक्छ। तर खाली छाडेको अवस्थामा कोड 99 दिनु पर्दछ।

खण्ड ग: जात/जाति तथा मातृभाषा सम्बन्धी विवरण

प्रश्न नं.१० यस वडामा कुन कुन जात/जातिका मानिसहरुको बसोबास रहेको छ ? (धेरै जनसंख्या अनुसार क्रमशः लेख्ने)

६.१४ यस प्रश्नमा वडामा बसोबास गरिरहेका मानिसहरुको जात/जातिको नाम र कोड जनसंख्याको आधारमा क्रमशः लेखिएको हुन्छ। जात/जातिको कोड अनुसूचि ५ मा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ। तर कोडबुकमा दिइएको जात/जाति भन्दा बाहेक अन्य कुनै नयाँ जात/जाति लेखि आएमा सुपरभाइजरलाई जानकारी गराउने र सुपरभाइजरले विभागका अधिकृतबाट प्राप्त उक्त जात/जातिको कोड कोडबुकमा थप गरेर मात्र प्रश्नावलीमा कोडिङ गर्नुपर्दछ।

प्रश्न नं.११ यस वडामा कुन कुन लोपोन्मुख जात/जातिको बसोबास रहेको छ ?

६.१५ यस प्रश्नमा वडामा बसोबास गरिरहेका नेपाल सरकारबाट सूचीकृत लोपोन्मुख जात/जातिको नाम र कोड लेखिएको हुन्छ। लोपोन्मुख जात/जातिको कोड 93, 95, 102, 106, 113, 123, 125 मध्ये रहेका छन्, त्यसै गरि वनकरीया, सुरेल र लाप्चे जात जातिको नाम लेखिएको भएमा सुपरभाइजरसंग सम्पर्क गरी जात/जातिको कोड लेख्नुपर्दछ।

लोपोन्मुख जात/जातिहरुः	मेचे (93)	राजी (95)	कुशवाडिया (102)	हायु (106)	किसान (113)
	राउटे (123)	कुसुण्डा (125)	वनकरीया (-)	सुरेल (-)	लाप्चे (-)

प्रश्न नं.१२ यस वडामा कुन कुन सीमान्तकृत जात/जातिको बसोबास रहेको छ ?

६.१६ यस प्रश्नमा वडामा बसोबास गरिरहेका सीमान्तकृत जात/जातिको नाम र कोड लेखिएको हुन्छ। सीमान्तकृत जात/जातिको तल दिईएको तालिका मध्ये हुनसक्छन्। सियार, थुदाम, डोल्पो, फ्रि, मुगाल र लार्के जात/जातिको नाम लेखिआएमा सुपरभाइजरसंग सम्पर्क गरी जात/जातिको कोड लेख्नुपर्दछ।

सीमान्तकृत जात/जातिहरुः						
थारू (4)	तामाङ (5)	धानुक (22)	कुमाल (30)	भूजेल (31)	राजबंशी (33)	दनुवार(40)
माझी (42)	चेपाङ (46)	सुनुवार (49)	सतार (सन्ध्याल) (52)	झागड (57)	गनगाई (58)	थामी (61)
धिमाल (65)	ताजपुरिया (68)	दराई (70)	पहरी (73)	भोटे (75)	बोटे (81)	बरामू (83)
दुरा (91)	ल्होपा (108)	ल्होमी (सिङ्सावा) (116)		तोप्केगोला (118)	वालुङ (120)	सियार (-)
थुदाम (-)	डोल्पो (-)	फ्रि (-)		मुगाल (-)	लार्के (-)	

प्रश्न नं.१३ यस वडामा कुन कुन मातृभाषा बोल्ने मानिसहरुको बसोबास रहेको छ ? (धेरै जनसंख्या अनुसार क्रमशः लेख्ने)

६.१७ यस प्रश्नमा वडामा बसोबास गरिरहेका मानिसहरुको मातृभाषाको नाम र कोड जनसंख्याको आधारमा क्रमशः लेखिएको हुन्छ। मातृभाषाको कोड अनुसूचि ६ मा दिइएको छ सोही बमोजिम कोडिङ गर्नुपर्दछ। तर कोडबुकमा दिइएको भाषाभन्दा बाहेक अन्य कुनै नयाँ मातृभाषा देखिएमा सुपरभाइजरलाई जानकारी गराई सुपरभाइजरले विभागका अधिकृतबाट उक्त भाषाको प्राप्त कोड कोडबुकमा थप गरेर मात्र प्रश्नावलीमा कोडिङ गर्नुपर्दछ।

खण्ड घः वडाभित्र रहेका सेवा सुविधाको विद्यमान अवस्था

विद्यमान सेवा सुविधाको कोड गर्दा खाली भएको स्थानमा/स्पष्ट नलेखिएको अवस्थामा सम्बन्धित स्थानीय तहका वडा कार्यालयमा सम्पर्क गरी लेख्नुपर्दछ। अन्य निम्नानुसार गर्ने।

प्रश्न नं.१४ यस वडाको भौगोलिक क्षेत्रभित्र रहेका सेवा सुविधा उपलब्धताको अवस्था (संख्या) उल्लेख गर्नुहोस्।

६.१८ यस प्रश्नमा वडा भित्र रहेका विभिन्न ३६ वटा सेवा सुविधाको उपलब्धता के कति संख्यामा रहेका छन् सोको संख्या लेखिएको हुन्छ। यी ३६ वटा सेवा सुविधा मध्ये कुनै नभएमा 0 र भएमा संख्या उल्लेख भएको हुनेछ। यदि कुनै सेवा सुविधा नलेखि आएमा कोड 999 लेख्नुपर्दछ।

प्रश्न नं.१५ यस वडाका स्वास्थ्य संस्थाहरुमा निम्न सुविधाहरु उपलब्ध छन् ?

६.१९ यस प्रश्नमा वडाका स्वास्थ्य संस्थाहरुमा विभिन्न १४ वटा स्वास्थ्य सेवा सम्बन्धी सुविधा उपलब्धता भएमा कोड 1 र नभएमा कोड 2 ले जनाएको हुन्छ। यदि यी १४ वटा मध्ये कुनै स्वास्थ्य सेवाको सुविधा लेखि नआएमा वा छुटेकोमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र कोड 9 लेख्नुपर्दछ।

खण्ड ङः शहरी सेवा सुविधामा वडाबासीको पहुचको अवस्था

विद्यमान शहरी सेवा सुविधाको कोड गर्दा खाली भएको स्थानमा/स्पष्ट नलेखिएको अवस्थमा सम्बन्धित स्थानीय तहका वडा कार्यालयमा सम्पर्क गरी लेख्नुपर्दछ। अन्य निम्नानुसार गर्ने।

प्रश्न नं.१६ भौतिक पूर्वाधार/सेवा सुविधा

१) यस वडाको केन्द्रसम्म वर्षैभरि सडक यातायात सञ्चालन हुन्छ ?

६.२० यस प्रश्नमा वडाको केन्द्रसम्म वर्षैभरि सडक यातायात सञ्चालन हुन्छ भने कोड 1 वा हुदैन भने कोड 2 लेखिएको हुन्छ। यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड लेख्नुपर्दछ।

२) बहुसंख्यक वडाबासीको आधा घण्टाको दूरीमा सार्वजनिक यातायातको पहुँच छ ?

६.२१ यस प्रश्नमा वडामा बसोबास गर्ने बहुसंख्यक जनसंख्याको आधा घण्टाको दूरीमा सार्वजनिक यातायातको पहुँच छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ। यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड लेख्नुपर्दछ।

३) यस वडामा स्थानीय यातायात/नगर यातायात सेवा उपलब्ध छ ?

६.२२ यस प्रश्नमा वडामा स्थानीय यातायात/नगर यातायात सेवा उपलब्ध छ भने कोड 1 वा छैन

भने कोड 2 लेखिएको हुन्छ। यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड लेख्नुपर्दछ।

४) वडाभित्र कालोपत्रे भई बाह्रै महिना चल्न सक्ने सडकको लम्बाइ कति छ ?

६.२३ यस प्रश्नमा वडा भित्र कालोपत्रे भई बाह्रै महिना चल्न सक्ने सडकको लम्बाइ उल्लेख गरिएको हुन्छ। यदि लम्बाई नलेखिएको भए सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र कोड 999 लेख्नुपर्दछ।

५) वडाभित्र ग्रावेल भई बाह्रै महिना चल्न सक्ने सडकको लम्बाइ कति छ ?

६.२४ यस प्रश्नमा वडा भित्र ग्रावेल भई बाह्रै महिना चल्न सक्ने सडकको लम्बाइ लेखिएको हुन्छ। यदि लम्बाई नलेखिएको भए सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र कोड 9999 लेख्नुपर्दछ।

६) वडाभित्र धुले/माटे सडकको लम्बाइ कति छ?

६.२५ यस प्रश्नमा वडा भित्र धुले/माटे सडकको लम्बाइ लेखिएको हुन्छ। यदि संख्या नलेखिएको भए सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र कोड 9999 लेख्नुपर्दछ।

७) एक घर, एक धाराको हिसाबले पाइपबाट वितरित सुरक्षित खानेपानी कति घरपरिवारमा पुगेको छ ?

६.२६ यस प्रश्नमा वडा भित्र पाइपबाट वितरित सुरक्षित खानेपानी पुगेको घरपरिवारको संख्या लेखिएको हुन्छ। यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ।

८) घरभित्रै/घर परिसरभित्र शौचालय भएको घरपरिवार कति छन् ?

६.२७ यस प्रश्नमा वडा भित्रका घरभित्रै वा घर परिसरभित्र शौचालय भएको परिवारको संख्या लेखिएको हुन्छ। यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ।

९) शौचालयको फोहरमैला विसर्जनको लागि ढल सेवा कति घरपरिवारमा जडान भएको छ ?

६.२८ यस प्रश्नमा वडा भित्र शौचालयको फोहरमैला विसर्जनको लागि ढल सेवा जडान गरिएको जम्मा परिवारहरुको संख्या लेखिएको हुन्छ। यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ।

१०) फोहरमैला नियमित संकलन गरी व्यवस्थापन गर्ने सेवा कति घरपरिवारमा पुगेको छ ?

६.२९ यस प्रश्नमा वडा भित्र फोहरमैला नियमित संकलन गरी व्यवस्थापन गर्ने सेवा जम्मा परिवारहरुको संख्या लेखिएको हुन्छ। यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ।

११) राष्ट्रिय प्रसारण लाइन वा भरपर्दो विद्युत प्रणालीमा जोडिएको घरपरिवार कति छन् ?

६.३० यस प्रश्नमा वडा भित्र राष्ट्रिय प्रसारण लाइन वा भरपर्दो विद्युत प्रणालीमा जोडिएको परिवार हरुको संख्या लेखिएको हुन्छ । यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ ।

१२) वडामा उच्च गतिको/ब्रोडब्याण्ड इन्टरनेट सुविधा कति जनसंख्यामा पुगेको छ ?

६.३१ यस प्रश्नमा वडा भित्र उच्च गतिको/ब्रोडब्याण्ड इन्टरनेट सुविधाको पहुँच भएको जम्मा परिवारको संख्या लेखिएको हुन्छ । यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ ।

१३) वडामा सुरक्षित घरहरु अर्थात व्यवस्थित र योजनाबद्ध आवास (जग्गा विकास क्षेत्र, सामूहिक आवास, संयुक्त आवास, एकीकृत बस्ती) क्षेत्रमा बस्ने घरपरिवार कति छन् ?

६.३२ यस प्रश्नमा वडा भित्र सुरक्षित घरहरु अर्थात व्यवस्थित र योजनाबद्ध आवास वा जग्गा विकास क्षेत्र, सामूहिक आवास, संयुक्त आवास, एकीकृत बस्ती क्षेत्रमा बसोबास जम्मा परिवारको संख्या लेखिएको हुन्छ । यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ ।

१४) ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका घरपरिवार कति छन् ?

६.३३ यस प्रश्नमा वडा भित्र ३० मिनेटको पैदल यात्राबाट बजारको केन्द्रसम्म पहुँच भएका जम्मा घरपरिवारको संख्या लेखिएको हुन्छ । यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ ।

१५) अव्यस्थित बसोबास वा न्यूनस्तरीय बसोबास भएको (जस्तैः गरिब बस्ती, झुपडपट्टी, ज्यादै कमजोर घरसंरचना आदि) घरपरिवार कति छन् ?

६.३४ यस प्रश्नमा वडा भित्र अव्यस्थित बसोबास वा न्यूनस्तरीय बसोबास भएको (जस्तैः गरिब बस्ती, झुपडपट्टी, ज्यादै कमजोर घरसंरचना आदि) जम्मा घरपरिवारको संख्या लेखिएको हुन्छ । यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ ।

प्रश्न नं.१७ सामाजिक पूर्वाधार/सेवा सुविधा

बहुसंख्यक वडावासीहरूले वडाभित्र वा आधाघण्टा पदैल दूरीमा रहेको स्थानबाट उपभोग गर्दै आएको सेवा सुविधाका सन्दर्भमा तल उल्लेखित विवरणहरू दिनुहोस् ।

१) आधा घण्टाको पैदल दूरीमा उच्च शिक्षा (१२ कक्षा भन्दा माथि) को सेवा उपलब्ध छ छैन ?

६.३५ यस प्रश्नमा बहुसंख्यक वडावासीहरूले वडाभित्र वा आधाघण्टाको पदैल दूरीमा रहेको स्थानबाट उच्च शिक्षा (१२ कक्षा भन्दा माथि) को सेवा उपलब्ध छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ । यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ ।

२) आधा घण्टाको पैदल दूरीमा पुस्तकालय सुविधा उपलब्ध छ छैन ?

६.३६ यस प्रश्नमा बहुसंख्यक वडावासीहरूले वडाभित्र वा आधाघण्टा पदैल दूरीमा रहेको स्थानमा पुस्तकालय सुविधा सेवा उपलब्ध छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ । यस

प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ ।

३) आधा घण्टाको पैदल दूरीमा मेडिकल डाक्टर (एमबीबीएस (MBBS) को सेवा उपलब्ध छ छैन ?

६.३७ यस प्रश्नमा वहुसंख्यक वडावासीहरूले वडाभित्र वा आधाघण्टा पदैल दूरीमा रहेको स्थानमा मेडिकल डाक्टर (एमबीबीएस (MBBS) बाट सेवा सुविधा उपलब्ध छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ । यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ ।

४) आधा घण्टाको पैदल दूरीमा सुरक्षा बेस वा प्रहरी चौकीको पहुँच छ छैन ?

६.३८ यस प्रश्नमा वहुसंख्यक वडावासीहरूले वडाभित्र वा आधाघण्टा पदैल दूरीमा रहेको स्थानमा सुरक्षा बेस वा प्रहरी चौकीको सेवा सुविधा उपलब्ध छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ । यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ ।

५) वडाको मुख्य वस्तिबाट ५ कि.मि. दूरीमा दमकल सेवा उपलब्ध छ छैन ?

६.३९ यस प्रश्नमा बहुसंख्यक वडावासीहरूले वडाभित्र वा वडाको मुख्य वस्तिबाट ५ कि.मि. दूरीमा दमकल सेवा उपलब्ध छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ । यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ ।

६) आधा घण्टाको दूरीमा हरियाली पार्क र बाल उद्यान/खेलमैदान छ छैन ?

६.४० यस प्रश्नमा बहुसंख्यक वडावासीहरूले वडाभित्र वा आधा घण्टाको दूरीमा रहेको स्थानबाट हरियाली पार्क र बाल उद्यान/खेलमैदानको सेवा सुविधा उपलब्ध छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ । यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ ।

प्रश्न नं.१८ आर्थिक पूर्वाधार/सेवा सुविधा

१) यस वडामा परिवार नै बसाई सरी आउने वा जाने अवस्था कस्तो छ ?

६.४१ यस प्रश्नमा बसाई सरी आउने वा जाने अवस्थाका कोडहरु 1 देखि 4 सम्म मध्ये कुनै एक कोड लेखिएको हुन्छ । यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ ।

२) आधा घण्टाको पैदल दूरीमा बैंक तथा वित्तीय (BFI) सेवा उपलब्ध भएका घरपरिवार कति छन् ?

६.४२ यस प्रश्नमा वडा भित्र आधा घण्टाको दूरीमा रहेको स्थानबाट बैंक तथा वित्तीय (BFI) सेवा उपलब्ध भएका घरपरिवारको संख्या लेखिएको हुन्छ । यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ ।

३) सहकारीमा पहुँच (घरबाट ३० मिनटभित्रको पैदल यात्रामा सहकारीमा पहुँच) भएका घरपरिवार कति छन् ?

६.४३ यस प्रश्नमा वडा भित्र पैदल यात्रामा आधा घण्टा (३० मिनेट) को दूरीमा रहेको स्थानबाट सहकारीमा पहुँच भएका घरपरिवारको संख्या लेखिएको हुन्छ। यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ।

४) आधा घण्टाको दूरीमा सिनेमा हल/नाचघर/कला केन्द्र छ ?

६.४४ यस प्रश्नमा वडावासीहरूले वडाभित्र वा आधाघण्टाको दूरीमा सिनेमा हल/नाचघर/कला केन्द्र सुविधा उपलब्ध छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ। यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ।

५) आधा घण्टाको दूरीमा व्यापारिक केन्द्र/सपिङ मल छ ?

६.४५ यस प्रश्नमा वडावासीहरूले वडाभित्र वा आधाघण्टाको दूरीमा व्यापारिक केन्द्र/सपिङ मल सुविधा उपलब्ध छ भने कोड 1 वा छैन भने कोड 2 लेखिएको हुन्छ। यस प्रश्नको उत्तर खालि आएमा सम्बन्धीत गा.पा./न.पा.मा फोन गरी सोधेर पत्ता लगाउने र नसकेमा मात्र 9 कोड दिनुपर्छ।

६) यस वडामा गैर कृषि पेशा वा व्यवसायमा लागेको घरपरिवार कति छन् ?

६.४६ यस प्रश्नमा वडाभित्र गैर कृषि पेशा वा व्यवसायमा लागेको घरपरिवारको संख्या लेखिएको हुन्छ। यदि संख्या नलेखिएको भए कोड 99 लेख्नुपर्दछ।

प्रश्न नं.१९ तल उल्लेखित कुन कुन किसिमका प्राकृतिक विपद् वा प्रकोपको खतरा तथा भू-धरातलीय जोखिमहरु छन् ?

६.४७ यस प्रश्नमा वडाभित्र बिभिन्न १७ किसिमका प्राकृतिक विपद् वा प्रकोपको खतरा तथा भू-धरातलीय जोखिमहरुको कोड 1 देखि 17 मध्ये कुनै पाँचवटा प्रमुख कोडहरु लेखिएको हुन्छ। वडामा कुनै पनि जोखिम नभएमा कोड 17 लेखिएको हुन्छ। यदि कोड 17 सँगै 1 देखि 16 मध्येका कोडहरु आएमा कोड 17 हटाउनु पर्छ। यस प्रश्नको उत्तर खालि आएमा वा स्पष्ट नभएमा सुपरभाइजरको आदेश लिनुपर्दछ।

प्रश्न नं.२० गत १ वर्ष भित्र प्राकृतिक प्रकोप वा विपद्का कारण भएको क्षतिको विवरण

६.४८ यस प्रश्नमा वडाभित्र गत १ बर्ष भित्र प्राकृतिक प्रकोप वा विपद्का कारण भएको बिभिन्न ७ किसिमका क्षतिको विवरण अलग अलग लेखिएको हुन्छ। यी मध्ये कुनै प्रश्नको उत्तर खालि आएमा वा स्पष्ट नभएमा सुपरभाइजरको आदेश लिनुपर्दछ।

प्रश्न नं.२१ गत १ वर्ष भित्र वन्यजन्जु/जंगली जनावरबाट भएको क्षतिको विवरण

६.४९ यस प्रश्नमा वडाभित्र गत १ बर्ष भित्र वन्यजन्जु/जंगली जनावरबाट भएको विभिन्न ५ किसिमका क्षतिको विवरण अलग अलग लेखिएको हुन्छ। यी मध्ये कुनै प्रश्नको उत्तर खालि आएमा वा स्पष्ट नभएमा सुपरभाइजरको आदेश लिनुपर्छ।

कोड बुक

परिच्छेद सात: मुख्य प्रश्नावली (प्रश्न र विकल्प सहित)

परिचयात्मक खण्ड

प्रदेशको नाम र कोड : अनुसूची १ मा दिइएको छ ।

जिल्लाको नाम र कोड : अनुसूची २ मा दिइएको छ ।

गाउँपालिका/नगरपालिकाको नाम र कोड : गाउँपालिका/नगरपालिकाको कोड अनुसूची ३ दिइएको छ ।

वडा नं : यसको कोड छैन । प्रश्नावलीमा भरिएको अंक नै प्रविष्ट गर्नुहोला ।

गणना क्षेत्र नं.: यसको कोड छैन । प्रश्नावलीमा भरिएको अंक नै प्रविष्ट गर्नुहोला ।

गाउँ/बस्ती/टोल : यसको कोड छैन ।

जनगणना घर क्रमसंख्या : यसको कोड छैन । यदि संस्थागत जनगणना घर भएमा 9001 बाट सुरु गर्नुपर्दछ ।

जनगणना परिवार क्रमसंख्या : यसको कोड छैन । यदि संस्थागत जनगणना परिवार भएमा 9001 बाट सुरु गर्नुपर्दछ ।

परिवारमा अक्सर बसोबास गर्ने जम्मा सदस्य संख्या, महिला, पुरुष

परिवारमा अनुपस्थित (स्वदेश भित्र रहेका) जम्मा सदस्य संख्या, महिला, पुरुष

परिवारमा अनुपस्थित (विदेशमा गएका) जम्मा सदस्य संख्या, महिला, पुरुष

परिवारमूलीको नाम र थर :

सम्पर्क टेलिफोन/मोवाइल फोन नं. :

पारिवारिक खण्ड

प्रश्न १ : तपाईंको परिवारले प्रयोग गरेको घरको स्वामित्व कस्तो हो ?

1 आफ्नै
2 भाडामा
3 संस्थागत
4 अन्य
9 उत्तर नलेखिएको

प्रश्न २ : तपाईंको परिवारले प्रयोग गरेको घरको जग के ले बनेको छ ?

1 माटोको जोडाइ भएको इँटा/ढुङ्गा
2 सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गा
3 ढलान पिल्लर सहितको
4 काठ/बाँसको खम्बा गाडेका
5 अन्य
9 उत्तर नलेखिएको

प्रश्न ३ : तपाईंको परिवारले प्रयोग गरेको घरको बाहिरी गारो के ले बनेको छ ?

1 माटोको जोडाइ भएको इँटा/ढुङ्गा
2 सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गा
3 काठ/फल्याक
4 बाँसजन्य सामग्री
5 काँचो इँटा
6 जस्ता/टिन
7 प्रिफ्याब
8 अन्य
9 उत्तर नलेखिएको

प्रश्न ४ : तपाईंको परिवारले प्रयोग गरेको घरको छाना के ले बनेको छ ?

1 जस्ता/टिन/च्यादर
2 सिमेन्ट ढलान
3 खर/पराल/छ्वाली
4 टायल/खपडा/झिँगटी
5 ढुङ्गा/स्लेट
6 काठ/फल्याक
7 माटो
8 अन्य
9 उत्तर नलेखिएको

प्रश्न ५ : तपाईंको परिवारले प्रयोग गरेको घरको भुई कस्तो छ ?

1 माटो
2 काठको फल्याक/बाँस
3 इँटा/ढुङ्गा
4 सेरामिक टायल
5 सिमेन्ट ढलान
6 अन्य
9 उत्तर नलेखिएको

प्रश्न ६ : तपाईंको परिवारको खानेपानीको मुख्य स्रोत कुन हो ?

1 धारा/पाइप (घरपरिसर भित्र)
2 धारा/पाइप (घरपरिसर बाहिर)
3 ट्युबवेल/हाते पम्प
4 ढाकिएको इनार/कुवा
5 खुला इनार/कुवा
6 मूल धारा
7 नदी/खोला
8 जार/बोतल
9 अन्य

प्रश्न ७ : तपाईंको परिवारमा खाना पकाउन अक्सर (मुख्य रुपमा) कुन इन्धन प्रयोग गर्नुहुन्छ ?

1 काठ/दाउरा
2 एल.पी.ग्याँस
3 बिजुली
4 गुइँठा/गोरहा
5 बायोग्याँस
6 मट्टीतेल
7 अन्य
9 उत्तर नलेखिएको

प्रश्न ८ : तपाईंको परिवारमा बत्ती बाल्न अक्सर (मुख्य रुपमा) के प्रयोग गर्नुहुन्छ ?

1 बिजुली
2 सोलार/सौर्यऊर्जा
3 मट्टीतेल
4 बायोग्याँस
5 अन्य
9 उत्तर नलेखिएको

प्रश्न ९ : तपाईंको परिवारले प्रयोग गर्ने चर्पी कस्तो छ ?

1 फ्लस भएको (सार्वजनिक ढल)

2 फ्लस भएको (सेप्टिक ट्याङ्क)

3 साधारण

4 सार्वजनिक

5 चर्पी नभएको

9 उत्तर नलेखिएको

प्रश्न १०: तपाईंको परिवारमा निम्न घरायसी सुविधा तथा साधनहरु के के छन् ?

A रेडियो सुविधा

B टेलिभिजन

C ल्याण्डलाइन टेलिफोन

D मोबाइल फोन (साधारण)

E स्मार्ट मोबाइल फोन

F कम्प्युटर/ल्यापटप

G इन्टरनेट सुविधा

H कार/जीप/भ्यान

I मोटरसाइकल/स्कुटर

J साइकल

K विद्युतीय पंखा

L रेफ्रिजरेटर

M वासिङ मेशिन

N एयर कन्डिसनर

X कुनै पनि नभएको

प्रश्न ११: तपाईंको परिवारमा महिलाको नाममा नेपालको कुनै पनि ठाउँमा घर/जग्गा छ ?

1 घर मात्र भएको

2 जग्गा मात्र भएको

3 घर र जग्गा दुवै भएको

4 घर र जग्गा दुवै नभएको

9 उत्तर नलेखिएको

प्रश्न १२: तपाईंको परिवारले कृषि बाहेक कुन मुख्य साना घरेलु व्यवसाय चलाएको छ ?

1 घरेलु उद्योग

2 व्यापार

3 यातायात

4 सेवा

5 अन्य

6 साना घरेलु व्यवसाय नभएको

9 उत्तर नलेखिएको

प्रश्न १३: तपाईंको परिवारमा उक्त साना घरेलु व्यवसाय मुख्यतया कसले सञ्चालन गरेको छ ?

1 पुरुष

2 महिला

9 उत्तर नलेखिएको

प्रश्न १४ : गत १२ महिनामा तपाईंको परिवारमा कसैको मृत्यु भएको थियो ?

1 थियो

2 थिएन

प्रश्न १५ :मृत्यु भएका व्यक्तिको विवरण दिनुहोस् ।

प्रश्न १५.१ : क्र.सं.

प्रश्न १५.२ : मृत्यु भएका व्यक्तिको नाम र थर

प्रश्न १५.३ : मृत्यु भएका व्यक्तिको लिङ्ग

1 पुरुष

2 महिला

प्रश्न १५.४ : मृत्यु हुँदाको उमेर कति थियो ?

0:115 Years

998 थाहा छैन

999 उत्तर नलेखिएको

प्रश्न १५.५ : मृत्यु हुनुको मुख्य कारण के थियो ?

1 सरुवा रोग

2 नसर्ने प्रकृतिको रोग

3 यातायात दुर्घटना

4 अन्य दुर्घटना

5 प्रजनन तथा प्रसुति जटिलता

6 हत्या

7 आत्महत्या

8 प्राकृतिक प्रकोप

9 अन्य

98 थाहा छैन

99 उत्तर नलेखिएको

प्रश्न १५.६ : मृतक १५ देखि ४९ वर्षको महिला भए मृत्यु हुँदा उहँको अवस्था कस्तो थियो ?

1 गर्भवती

2 प्रसूति

3 सुत्केरी भएको (बच्चा जन्मेको) छ हप्ताभित्र

4 अन्य

8 थाहा छैन

9 उत्तर नलेखिएको

प्रश्न १६ : तपाईंको परिवारका कुनै अनुपस्थित सदस्य हाल विदेश गएका छन् ?

1 छन्

2 छैनन्

3 थाहा छैन

प्रश्न १७ : तपाईंको परिवारबाट विदेश गएका व्यक्तिको विवरण दिनुहोस् ।

प्रश्न १७.१ : क्र.सं.

प्रश्न १७.२ : विदेश गएको व्यक्तिको नाम र थर

प्रश्न १७.३ : विदेश गएको व्यक्तिको लिङ्ग के हो ?

1 पुरुष

2 महिला

प्रश्न १७.४ : विदेश जाँदाको उमेर कति थियो ?

0 एक वर्षभन्दा कम

1 एक वर्ष

2 दुई वर्ष

.. ..

998 थाहा छैन

999 उत्तर नलेखिएको

प्रश्न १७.५ : विदेश जाँदा उत्तीर्ण गरेको माथिल्लो शैक्षिक तह कति थियो ?

0 नर्सरी/के.जी.

1 कक्षा १

2 कक्षा २

3 कक्षा ३

4 कक्षा ४

5 कक्षा ५

6 कक्षा ६

7 कक्षा ७

8 कक्षा ८

9 कक्षा ९

10 कक्षा १० (टेष्टपास)

11 एस.एल.सी./एस.ई.ई.

12 १० जोड दुई वा सो सरह

13 स्नातक वा सो सरह

14 स्नातकोत्तर वा सो सरह

15 पि.एच.डि

90 अन्य

91 तह नभएको/तह नखुलेको

98 थाहा छैन

99 उत्तर नलेखिएको

प्रश्न १७.६ : विदेश गएको कति वर्ष भयो ?

0 एक वर्षभन्दा कम

1 एक वर्ष

2 दुई वर्ष

.. ..

98 थाहा छैन

99 उत्तर नलेखिएको

प्रश्न १७.७ : विदेश जानुको मुख्य कारण के थियो ?

1 तलब/ज्याला, नोकरी

2 व्यापार/व्यवसाय

3 अध्ययन/तालिम

4 कामको खोजी

5 आश्रित

6 अन्य

8 थाहा छैन

9 उत्तर नलेखिएको

प्रश्न १७.८ : गएको देश कुन हो ?

कोड	देशको नाम

अनुसूची ४ मा दिइएको छ ।

व्यक्तिगत खण्ड

महल १ : क्रम संख्या (क्र.सं.)

महल २ : परिवारमा अक्सर बसोबास गर्ने व्यक्तिको नाम थर

महल ३:. [नाम]..परिवारमूलीको के नाता पर्नुहुन्छ ?

1 परिवारमूली

2 श्रीमान्/श्रीमती

3 छोरा/बुहारी

4 छोरी/बुहारी

5 बाबु/आमा

6 सासू/ससुरा

7 दाजुभाइ/दिदीबहिनी

8 नाति/नातिनी

9 अन्य नातेदार

10 घरेलु कामदार

11 नाता नपर्ने

99 उत्तर नलेखिएको

महल ४ : .. [नाम] .. को लिङ्ग कुन हो ?

1 पुरुष

2 महिला

महल ५.१ : .. [नाम] .. को जन्म कहिले भएको हो ?

जन्म मितिः साल

जन्म वर्ष वि.सं. 1960 देखि 2078 भित्र हुनुपर्दछ ।

9998 थाहा छैन

9999 उत्तर नलेखिएको

जन्म मितिः महिना

1 बैसाख
2 जेष्ठ
3 असार
4 साउन
5 भदौ
6 असोज
7 कार्तिक
8 मंसिर
9 पुष
10 माघ
11 फागुन
12 चैत्र
98 थाहा छैन
99 उत्तर नलेखिएको

महल ५.२ : .. [नाम] .. को पूरा भएको उमेर कति हो ?

0 एक वर्षभन्दा कम
1 एक वर्ष
2 दुई वर्ष
.. ..
998 थाहा छैन
999 उत्तर नलेखिएको

महल ६: .. [नाम] .. को जन्म दर्ता गर्नुभएको छ ?

1 छ
2 छैन
9 उत्तर नलेखिएको

महल ७: ..नाम..को जात/जाति के हो ?

जातजातिको नाम र कोड अनुसूची ५ मा दिइएको छ ।

महल ८ : ..[नाम] ..को पुर्खाको भाषा कुन हो ?

भाषाको नाम र कोड अनुसूची ६ मा दिएको छ ।

महल ९ : .. [नाम] ..को मातृभाषा कुन हो ?

भाषाको नाम र कोड अनुसूची ६ मा दिएको छ ।

महल १०: .. [नाम] ..को दोस्रो भाषा कुन हो ?

भाषाको नाम र कोड अनुसूची ६ मा दिएको छ ।

महल ११: .. [नाम] ..ले कुन धर्म मान्नुहुन्छ ?

कोड	धर्म
1	हिन्दु
2	बौद्ध
3	इस्लाम
4	किराँत
5	क्रिश्चियन
6	प्रकृति
7	बोन
8	जैन
9	बहाई
10	शिख
11:90	नयाँ धर्मको लागि कोड
998	थाहा छैन
999	उत्तर नलेखिएको

महल १२: .. [नाम] ..कुन देशको नागरिक हुनुहुन्छ ?

(देशको नाम र कोड अनुसूची ४ मा दिइएको छ ।)

महल १३: .. [नाम] ..को वैवाहिक स्थिति के हो ?

1 अविवाहित
2 विवाहित
3 विधुर/विधवा
4 पारपाचुके
5 छुट्टिएको
9 उत्तर नलेखिएका

महल १४: .. [नाम] ..ले कति वर्षमा विवाह गर्नुभयो ?

5 ५ वर्ष
6 ६ वर्ष
7 ७ वर्ष
.. ..
15 १५ वर्ष
16 १६ वर्ष
.. ..
98 थाहा छैन
99 उत्तर नलेखिएको

नोटः व्यक्तिको हालको उमेर भन्दा विवाहको उमेर बढी हुनुहुँदैन ।

महल १५ : .. [नाम] .. ले पढ्न, लेख्न जान्नुभएको छ ?

1 पढ्न र लेख्न दुवै जानेको
2 पढ्न मात्र जानेको भए
3 पढ्न र लेख्न दुवै नजानेको भए
9 उत्तर नलेखिएको

महल १६ : .. [नाम] .. कहिल्यै पढ्न, लेख्न कुनै शैक्षिक संस्थामा जानु भयो ?

1 स्कुल/कलेज (औपचारिक)
2 अनौपचारिक शिक्षा
3 स्वअध्ययन
4 विगतमा पढ्न लेख्न गएको
5 कहिल्यै पढ्न लेख्न नगएको
9 उत्तर नलेखिएको

महल १७ : .. [नाम] .. ले कति कक्षा उत्तीर्ण गर्नुभएको छ ?

0 नर्सरी/के.जी.
1 कक्षा १
2 कक्षा २
3 कक्षा ३
4 कक्षा ४
5 कक्षा ५
6 कक्षा ६
7 कक्षा ७
8 कक्षा ८
9 कक्षा ९
10 कक्षा १० (टेष्टपास)
11 एस.एल.सी./एस.ई.ई.
12 १० जोड दुई वा सो सरह
13 स्नातक वा सो सरह
14 स्नातकोत्तर वा सो सरह
15 पि.एच.डि
90 अन्य
91 तह नभएको/तह नखुलेको
98 थाहा छैन
99 उत्तर नलेखिएको

महल १८ : .. [नाम] .. को अध्ययनको क्षेत्र कुन हो ?

1 मानबिकी तथा सामाजिक शास्त्र
2 व्यवस्थापन
3 शिक्षा
4 विज्ञान तथा प्रविधि
5 स्वास्थ्य/चिकित्साशास्त्र
6 इन्जिनियरिङ्ग

7 कानून

8 कृषि

9 वन

10 पशुविज्ञान/पशुचिकित्सा /मत्स्यपालन

11 कम्प्युटर/सूचना प्रविधि

12 अन्य

98 थाहा छैन

99 उत्तर नलेखिएको

महल १९ : .. [नाम] .. को जन्मस्थान कहाँ हो ?

1 यही गा.पा./न.पा.

2 यही जिल्लाको अर्को गा.पा./न.पा.

3 अर्को जिल्ला

4 विदेश

9 उत्तर नलेखिएको

महल २० : .. [नाम] .. को जन्म कुन जिल्ला/देशमा भएको हो ?

(जिल्ला तथा देशको नाम र कोड अनुसूचीमा दिइएको छ)

महल २१ : .. [नाम] .. को यहाँ बस्नुलगत्तै अघिको अक्सर बसोबास कुन स्थानमा थियो ?

1 यही गा.पा./न.पा.

2 यही जिल्लाको अर्को गा.पा./न.पा.

3 अर्को जिल्ला

4 विदेश

9 उत्तर नलेखिएको

महल २२ : ... [नाम] .. बसेको उक्त स्थान कुन जिल्ला/देशमा थियो ?

(जिल्लाको नाम र कोड अनुसूची २ मा तथा देशको नाम र कोड अनुसूची ४ मा दिइएका छ ।)

महल २३ : ... [नाम] .. ले यस अघि बसोबास गरेको स्थान छोड्दाको समयमा उक्त स्थान गाउँ वा नगर के थियो ?

1 गा.वि.स./गा.पा.

2 न.पा.

8 थाहा छैन

9 उत्तर नलेखिएको

महल २४ : ... [नाम] .. यस स्थानमा बसोबास गरेको कति वर्ष भयो ?

0 एक वर्षभन्दा कम

1 एक वर्ष

2 दुई वर्ष

.. ..

998 थाहा छैन

999 उत्तर नलेखिएको

महल २५ : .. [नाम] .. यस स्थानमा बसोबास गर्नु वा आउनुको मुख्य कारण के हो ?

1 काम/रोजगारी

2 व्यापार/व्यवसाय

3 अध्ययन/तालिम

4 विवाह

5 आश्रित

6 प्राकृतिक प्रकोप

7 कृषि

8 घर फर्किएको

9 अन्य

98 थाहा छैन

99 उत्तर नलेखिएको

महल २६ : .. **[नाम] .. ले हालसम्म कति जना जीवित बच्चा जन्माउनु भयो ?** (यसको लागि कोड चाहिदैन। प्रश्नावलीमा प्राप्त अंक उल्लेख गनुपर्दछ)

महल २७ : ... **[नाम] .. ले जीवित जन्माएका बच्चाहरु मध्ये कति जनाको मृत्यु भयो ?** (यसको लागि कोड चाहिदैन)

महल २८ : .. **[नाम] .. ले गत १२ महिनामा कति जना जीवित बच्चा जन्माउनुभयो ?** (यसको लागि कोड चाहिदैन)

महल २९ : ....**[नाम] .. कोसँग बसेका छन् ?**

1 आमाबाबु दुवैसँग
2 आमासँग मात्र
3 बाबुसँग मात्र
4 बाबु र सौतेनी आमासँग
5 आमा र सौतेनी बाबुसँग
6 अन्य नातेदारसँग
7 काम लगाउने व्यक्तिसँग
8 अन्य व्यक्तिसँग
9 उत्तर नलेखिएको

महल ३० : ... **[नाम] .. लाई कस्तो प्रकारको अपाङ्गता छ ?**

1 शारीरिक अपाङ्गता
2 न्यून दृष्टियुक्त
3 पूर्ण दृष्टिविहीन
4 बहिरोपन
5 सुस्तश्रवण
6 श्रवण दृष्टिविहीन
7 स्वर र बोलाइ
8 मानसिक वा मनोसामाजिक
9 बौद्धिक अपाङ्गता
10 अनुवंशीय रक्तश्राव (हेमोफेलिया)
11 अटिजम्
12 बहुअपाङ्गता
13 अपाङ्गता नभएको
99 उत्तर नलेखिएको

महल ३१ : .. **[नाम] .. ले गत १२ महिनामा सबै किसिमको आम्दानी हुने वा नहुने आर्थिक काम जम्मा कति महिना गर्नुभयो ?**

1 ६ महिना वा सोभन्दा बढी
2 ३ महिना वा बढी तर ६ महिनाभन्दा कम
3 ३ महिनाभन्दा कम
4 कुनै पनि आर्थिक काम नगरेको
9 उत्तर नलेखिएको

महल ३२ : .. **[नाम] .. ले मुख्य के आर्थिक काम गर्नुभयो ?**

0 सैनिक अधिकारीहरू
1 व्यवस्थापकहरू
2 पेशाविद्हरू
3 प्राविधिक तथा सहायक पेशाविद्हरू
4 कार्यालय सहायकहरू
5 सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू
6 कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू
7 शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू
8 कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरू

9 सामान्य वा प्राथमिक पेशाका कामदारहरू

98 थाहा छैन

99 उत्तर नलेखिएको

महल ३३ : .. [नाम] .. ले काम गरेको ठाउँ/संस्थामा मुख्यरूपमा कस्तो किसिमको वस्तु वा सेवाको उत्पादन हुन्छ ?

1 कृषि, वन र माछापालन

2 खानी तथा उत्खनन्

3 औद्योगिक उत्पादन

4 विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा

5 पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र शुद्धीकरणका क्रियाकलापहरू

6 निर्माण

7 थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्भारका कार्यहरू

8 यातायात तथा भण्डारण

9 आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरू

10 सूचना तथा सञ्चार

11 वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू

12 घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलापहरू

13 पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू

14 प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू

15 सार्वजनिक प्रशासन तथा सुरक्षा; अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरू

16 शिक्षा

17 मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू

18 कला, मनोरञ्जन तथा मनोविनोद

19 अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरू

20 घरपरिवारका घरायसी क्रियाकलापहरू; आफ्ना प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवाहरू उत्पादन गर्ने क्रियाकलापहरू

21 बाह्य संघसंस्था एवं यसका अङ्गहरूका क्रियाकलापहरू

98 थाहा छैन

99 उत्तर नलेखिएको

महल ३४ : .. [नाम] .. यो काममा कुन प्रकारले संलग्न हुनुहुन्छ ?

1 अरूको काम गर्ने

2 रोजगारदाता

3 आफ्नै काम गर्ने

4 परिवारमा सघाउने मात्र

9 उत्तर नलेखिएको

महल ३५ : ..[नाम].. ले गर्नुभएको आर्थिक कामको संस्थागत क्षेत्र कुन हो ?

1 सरकारी

2 वित्तीय संस्था

3 गैरवित्तीय संस्था

4 नाफा नकमाउने संस्था

5 घरायसी क्षेत्र

9 उत्तर नलेखिएको

महल ३६ : .. [नाम] .. ले गत १२ महिनामा आर्थिक काम नगर्नुको मुख्य कारण के हो ?

1 विद्यार्थी

2 घरधन्दा

3 पारिवारिक हेरचाह

4 वृद्ध अवस्था

5 अशक्त/बिरामी

6 पेन्सन/आयस्ता

7 सामाजिक कार्य/स्वयंसेवा

8 अन्य

9 उत्तर नलेखिएको

महल ३७ : .. [नाम] .. ले गत १२ महिनामा आर्थिक काम खोज्नुभएको वा कामको लागि उपलब्ध हुनुभएको थियो ?

1 थियो (पूर्ण समय)

2 थियो (आंशिक समय)

3 थिएन

9 उत्तर नलेखिएको

परिच्छेद आठः डाटा इन्ट्री निर्देशन

परिचय

८.१ राष्ट्रिय जनगणना २०७८ को लगत व्यवस्थापनमा U.S. Agency for International Development (USAID) को सहयोगमा U.S. Bureau of Census ले Census/Survey Data Management तथा Analysis को लागि विकास गरेको software package, Census and Survey Processing System (CSPro) 7.4.001 को प्रयोग गरी निर्माण गरिएको छ। जनगणना २०७८ मा Tablet base लगत संकलन तथा कागजी प्रश्नावलीको लगत प्रविष्टि गर्नको लागि मूलत एउटै Software Package निर्माण गरिएको छ। तर Android Operating System र Windows Operating System मा हुने भिन्नता एवं CAPI जनगणना र कागजी प्रश्नावलीको डाटाइन्ट्रीमा हुने भिन्नताले दुई भिन्न सिस्टममा सन्चालन गर्न केही परिमार्जन भने गरिएको छ।

डाटा इन्ट्रीको क्रममा अक्सर देखिने त्रुटी, त्यसको सम्भावित कारण र निराकरण

८.२ डाटा इन्ट्री एप्लिकेशनको निर्माण गर्दा डाटाहरुको विचमा आउन सक्ने inconsistency हरुलाई ध्यान दिएर program लेखिएको छ। यहि program को माध्यमबाट डाटा इन्ट्री गर्दा आउन सक्ने सम्भावित inconsistency हरुलाई capture गर्ने छ। डाटा इन्ट्री गर्दा देखिने त्रुटी वा Warning message हरु मुख्यतया चार प्रकारका कमी कमजारीको कारणले गर्दा आउन सक्छ। पहिलो, गणकको असावधानीपूर्ण प्रश्नावली भराई वा उत्तरदाताको त्रुटीपूर्ण उत्तरको कारणले, दोस्रो, डाटा इन्ट्री अपरेटरको mis-keying को कारणले, तेस्रो, computer program लेखाइमा भएको कमि कमजोरीले र चौथो, abnormal fact आउँदा पनि Error message देखाउन सक्छ। यी त्रुटीहरुलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ।

Error on data collection

८.३ प्रश्नावली भर्ने क्रममा गणकको असावधानी वा उत्तरदाताको लापरवाहीको कारणले गर्दा प्रश्नावलीमा लेखिएको तथ्यांकहरु एक आपसमा तालमेल नखाई स्वीकार्य नहुने हुनसक्छ। उदाहरणको लागि बाबुको उमेर भन्दा छोराको उमेर बढी लेखिएको हुन सक्छ। त्यस्तै १५ वर्ष भन्दा कम उमेरको मान्छेले IA वा सो भन्दा बढी अध्ययन गरेको छ भने त्यस्ता डाटा स्वीकार गर्न सकिदैन। पहिलो उदाहरणमा कि त नाताको कोड लेखाईमा समस्या छ कि त उमेर लेखाईमा समस्या छ। त्यस्तै दोस्रो उदाहरणमा कि त उमेर लेखाईमा समस्या छ कि त शिक्षाको कोड लेखाई समस्या छ। यस्ता त्रुटीहरु देखा परेमा सुपरभाईजर मार्फत कोडिङ/इडिटिङ गर्ने साथीहरु समक्ष फिर्ता पठाई Correction गर्न लगाउनु पर्दछ।

Mis-keying

८.४ डाटा इन्ट्री गर्दा देखिने त्रुटीहरु मध्ये Mis-keying को कारणले गर्दा देखिने त्रुटीको हिस्सा पनि निकै ठुलो हुने गर्दछ । प्रश्नावलीमा सहि डाटा हुँदा हुँदै पनि डाटा इन्ट्री अपरेटरको Mis-keying को कारणले त्रुटीहरु देखिन सक्छ । तसर्थ डाटा इन्ट्री गर्ने क्रममा यदि error वा warning message आयो भने सवैभन्दा पहिले आफुले इन्ट्री गरेको डाटा र प्रश्नावलीमा लेखिएको डाटा एउटै छ छैन, सम्बन्धित variable मा परेको छ छैन, सम्बन्धित हरफमा परेको छ छैन आदि कुरामा डाटा इन्ट्री अपरेटर निश्चित हुनु पर्दछ । यदि Mis-keying को कारणले गल्ती देखाएको रहेछ भने अपरेटरले सच्याएर इन्ट्री गर्नु पर्दछ र यदि Mis-keying को कारणले नभई अन्य कारणले error देखाएको रहेछ भने त्यसपछिका सम्भावनाहरु र समाधानतर्फ लाग्नु पर्दछ । कुशल डाटा इन्ट्री अपरेटरमा Mis-keying को दर निकै कम हुनु पर्दछ । Mis-keying को दर बढी भएमा त्यस्ता data entry operator हरु data entry को लागि योग्य हुन सक्ने छैन ।

Program weakness

८.५ प्रोग्राममा कहिं कतै सुधारको खाँचो रहेको हुन सक्छ । तसर्थ प्रश्नावलीमा भरिएको तथ्यांकहरु सहि र consistent हुँदा हुँदै पनि प्रोग्रामको कमी कमजोरीको कारणले गर्दा पनि कम्प्युटरले त्रुटी देखाउन सक्छ । यदि प्रश्नावलीमा भरिएको डाटा सहि छ, mis-keying भएको छैन तर कम्प्युटर प्रोग्रामको कमी कमजोरीको कारणले त्रुटी देखाएको रहेछ भने कुन जिल्ला, कुन गा.पा./न.पा., कुन वडा, कुन वडा खण्डको कुन घरक्रम संख्या र कुन परिवार क्रमसंख्याको कुन प्रश्नमा ९ लाईन नं. समेत खुल्ने गरी) के कस्तो अवस्थामा के त्रुटी देखिएको हो स्पष्ट हुने गरी ल्यतभ गरी राख्नु पर्दछ र आफ्नो सुपरभाईजरलाई खबर गर्नु पर्दछ ताकि program मा रहेको कमी कमजोरीलाई तुरुन्त सुधार गर्न सकियोस् ।

Abnormal fact (Outlier)

८.६ सामान्यतया generalization गरेर लेखेको प्रोग्राम कुनै विशेष परिस्थिति (specific condition) मा लागु नहुन सक्छ । उदाहरणको लागि परिवारमूलीको उमेर १० वर्ष वा सो भन्दा बढी हुनु पर्ने, पन्ध्र वर्ष भन्दा कम उमेरको व्यक्तिले SLC पास गरेको हुदैन, ५० वर्ष भन्दा माथिका व्यक्ति हाल स्कुल/कलेज पढ्न गई रहेका छैनन, एउटा परिवारमूलीको ३ जना भन्दा बढी श्रीमती छैनन् होला भन्ने सामान्य मान्यताका आधारमा यो program लेखिएको छ । तर कुनै कुनै घरपरिवारमा यो अवस्था आउँदै आउँदैन भन्ने छैन, आउन पनि सक्छ । यो मान्यता भन्दा बाहिर information आएमा Program ले error message देखाउँदछ । तसर्थ यस्तो अवस्थामा सवैभन्दा पहिले प्रश्नावलीमा लेखिएको अंक र आफुले इन्ट्री गरेको अंकलाई verify गर्नु पर्दछ कि कतै mis-keying को कारणले त यो message आएको होइन । यदि आफुले इन्ट्री गरेको अंक र प्रश्नावलीमा लेखिएको अंक एउटै छ भने abnormal fact (outlier) को रुपमा आएको रहेछ भने त्यस्तो डाटा accept गर्नु पर्दछ ।

जनगणना लगत व्यवस्थापन सिस्टम कसरी सन्चालन गर्ने

८.७ राष्ट्रिय जनगणना २०७८ को डाटा इन्ट्री लगायत लगत व्यवस्थापन सम्बन्धी अन्य सम्पूर्ण काम गर्नु परेमा Computer को desktop मा रहेको Census2021-DataEntry भन्ने shortcut icon लाई double click गर्नुपर्दछ ।



यसमा double click गरेपछि तलका Census Data Management System को Menu System खुल्नेछ ।



डाटा म्यानेजमेन्ट सिस्टमको मेनुसिस्टमलाई तलको चित्रद्धारा प्रष्ट पार्ने प्रयास गरिएको छ ।



डाटा म्यानेजमेन्ट सिस्टमको मेनुसिस्टमबाट के काम गर्न लागेको हो सोको निर्णय लिनको लागि केही Variable हरु राखिएका छन् जसको माध्यमबाट फरक फरक काम गर्न जानेछ ।

डाटाइन्ट्री कसरी शुचारु गर्ने

८.८ कम्प्युटरको डेक्सटपमा भएको Census2021-DataEntry Shortcut Button मा Click गर्ने । यसमा Click गर्दा जनगणना लगत व्यवस्थापन सिस्टमको Menu System खुल्नेछ । Menu System खुलेपछि जनगणना मुख्य प्रश्नावलीको डाटा इन्ट्री शुरु गर्नको लागि तलको चरणहरु पुरा गर्नु पर्नेछ अर्थात Menu System मा भएका Variable हरुमा विवरण भर्दै जानुपर्दछ ।



Role

८.९ भूमिका अनुसार गर्ने काम फरक फरक हुने भएकोले आफुले कुन भूमिकामा काम गर्ने हो त्यो यहाँ छान्नु पर्दछ। अहिले तपाई डाटाइन्ट्रीको भूमिकामा काम गर्न गई रहनु भएको छ त्यसैले यहाँ 4. डाटाइन्ट्री अपरेटर छान्नुहोला।



Action

८.१० तपाईले के काम गर्न लाग्नुभएको हो सोही अनुसारको Action छान्नुपर्नेछ। डाटाइन्ट्री अपरेटरको भूमिकाको लागि ५ किसिमका Action हरु राखिएको छन्। अहिले डाटाइन्ट्रीको काम गर्न जान लाग्नु भएकोले यहाँ 1. DataEntry छान्नु पर्नेछ।

Module

८.११ राष्ट्रिय जनगणना २०७८ मा लगत संकलनको लागि केन्द्रीय तथ्याङ्क विभागले ४ प्रकारका प्रश्नावली तथा फाराम तयार पारेको छ जसलाई यहाँ Module भनिएको छ। जनगणनामा प्रयोग हुने प्रश्नावली तथा फारामहरु निम्नानुसार रहेको छ।



१. कन्ट्रोल फाराम (यसको प्रयोजन सकिएको छ)

२. घर तथा घरपरिवार सूचिकरण फाराम

३. जनगणना मुख्य प्रश्नावली

४. सामुदायिक प्रश्नावली

अहिले तपाईले जनगणना मुख्य प्रश्नावलीको डाटाइन्ट्री गर्न लाग्नु भएकोले यहाँ ३. जनगणना मुख्य प्रश्नावली छान्नुपर्नेछ।

भौगोलिक क्षेत्रको पहिचान (Identification of Geographic Area)

८.१२ यस अन्तरगत डाटाइन्ट्री गर्न लागेको भौगोलिक क्षेत्रको पहिचानको विवरण इन्ट्री गर्नुपर्दछ। ती निम्नानुसार छन् -

Province

डाटाइन्ट्री गर्न लागेको प्रदेश कुन हो सो प्रदेशको कोड इन्ट्री गर्नुपर्दछ।

District

डाटाइन्ट्री गर्न लागेको जिल्ला कुन हो सो जिल्लाको कोड इन्ट्री गर्नुपर्दछ।



Ga.pa./Na.pa.

डाटाइन्ट्री गर्न लागेको गा.पा./न.पा. कुन हो सो गा.पा./न.पा. इन्ट्री गर्नुपर्दछ।

Ward Number

डाटाइन्ट्री गर्न लागेको वडा कति हो सो वडा नम्बर इन्ट्री गर्नुपर्दछ।

Enumeration Area (EA)

डाटा इन्ट्री गर्न लागेको गणना क्षेत्र सम्बन्धित वडाको कति नम्बर गणना क्षेत्र हो सो गणना क्षेत्र इन्ट्री गर्नुपर्दछ। यदि एउटा वडामा एउटै मात्र गणना क्षेत्र रहेको अवस्थामा गणना क्षेत्र नभएको जनाउन शुन्य (0) इन्ट्री गर्नुपर्दछ।

लगत सम्पादन (Coding/Editor) तथा डाटाइन्ट्री अपरेटर (Data Entry Operator)

८.१३ यस अन्तरगत प्रश्नावली कोडिङ/ईडिटिङ्ग गर्ने र डाटाइन्ट्री गर्ने व्यक्तिको परिचयात्मक कोड इन्ट्री गर्नुपर्दछ।

Coding/Editor

प्रश्नावली बुक कसले कोडिङ/ईडिटिङ्ग गरेको हो सो व्यक्तिको आई.डि. कोड इन्ट्री गर्नुपर्दछ।



Data Entry Operator

डाटाइन्ट्री गर्ने व्यक्तिको कोड इन्ट्री गर्नुपर्दछ।

Type of Household

८.१४ जनगणनामा सामान्यतया ३ प्रकारको घरपरिवारको लगत संकलन गरिएकोछ - सामान्य घरपरिवार, संस्थागत घरपरिवार र घरबार बिहिन। अहिले कस्तो प्रकारको घर परिवारको विवरण इन्ट्री गर्न लाग्नु भएको त्यस प्रकारको घरपरिवारको कोड इन्ट्री गर्नुपर्दछ। एउटा प्रकारको घरपरिवार छानिरहेको बेला अर्को प्रकारको घरपरिवारको लगत संकलन गर्न मिल्ने छैन। यहिबाट सच्याएर जनगणना मुख्य प्रश्नावलीमा जानु पर्नेछ।

Is Correct ?

८.१५ यहाँ तपाईले यस अघि छानेको वा इन्ट्री गरेको विवरणहरु ठिक छ कि छैन यकिन गर्न खोजिएको हो। यदि तपाईले इन्ट्री गरेको विवरणहरु ठिक छ भने Yes मा छान्नु पर्दछ। यदि आफुले भरेका विवरण ठिक छैन भने कहाँ बिग्रिएको हो सच्याएर यहाँ थ्भक छान्नु पर्नेछ।

Do you want to proceed ?

८.१५ तपाईले छानेको वा इन्ट्री गरेको विवरणहरु ठिक छ भनेर छानि सकेपछि action मा छानेको विकल्प अनुसारको काम गर्न जाने कि नजाने भनेर अन्तिम स्विकृति लिन खोजिएको हो। यदि तपाईले यहाँ Yes भनेको खण्डमा तपाईले Action मा छानेको काम Module मा छानेको प्रश्नावलीको लागि गर्न जानेछ। उदाहरणको लागि अहिले माथि छानेको विवरण अनुसार जनगणना मुख्य प्रश्नावलीको लागि डाटा इन्ट्री गर्न जानेछ।

संक्षिप्तमा जनगणना लगत व्यवस्थापन प्रणाली सन्चालनको लागि निम्न Step हरु पुरा गर्नुपर्नेछ।



सबै विवरण भरिएको अवस्थाको Menu System लाई तलको रेखाचित्रमा देखाइएको छ।



५. जनगणना मुख्य प्रश्नावलीमा प्रवेश गरेपछिको Windows




CSEntry (Application: Census2021 - Data: P4440501001X.csdb)
File Mode Edit Navigation View Options Help
English Language | Calculator | GoTo... | Show HHLD MEMBER | Household Report | Show Docs and Map | About Apps
File
<Adding Case>
NHPC
NATIONAL POPULATION CENSUS 2021
2021
प्रदेश जिल्ला गा.पा./न.पा. वडा नं. गणना क्षेत्र
जनगणना घर क्र.सं. जनगणना परिवार क्र.स
परिवारका सदस्यहरुको संख्या
जम्मा महिला पुरुष
अक्सर बसोवास गर्ने
अनुपस्थित (स्वदेश भित्र)
अनुपस्थित (विदेशमा)
गाउँ/बस्ती/टोलको नाम
परिवारमूलीको नाम
टेलिफोन नं.
पारिवारिक खण्ड
१.घरको स्वामित्व
२.घरको जग
३.घरको बाहिरी गाह्रो
४.घरको छाना
५. घरको भुई
६. खानेपानीको मुख्य स्रोत
७. खाना पकाउन अक्सर प्रयोग गर्ने इन्धन
८. बत्ती बाल्न अक्सर प्रयोग गर्ने
९. चर्पीको प्रकार
१०.घरायसी सुविधा/साधनहरु
११. महिलाका नाममा घर/जग्गा
१२. कृषिबाहेक चलाएको साना घरेलु व्यवसाय
१३. घरेलु व्यवसाय कसले सञ्चालक
मृत्युसम्बन्धी विवरण
१४. बितेको १२ महिनामा मृत्यु भएको
१४. मृत्यु भएका व्यक्तिको संख्या :
१५. मृत्यु भएका व्यक्तिको विवरण
क्र.सं.
मृत्यु भएको व्यक्तिको नाम [2]
लिङ्ग [3]
उमेर [4]
मृत्युको कारण [5]
मृत्यु हुँदाको अवस्था [6]
For Help, press F1


CSEntry (Application: Census2021 - Data: P4440501001X.csdb)
File Mode Edit Navigation View Options Help
English Language | Calculator | GoTo... | Show HHLD MEMBER | Household Report | Show Docs and Map | About Apps
File
444-05-01-001-
NHPC
NATIONAL POPULATION CENSUS 2021
2021
प्रदेश जिल्ला गाउंपालिका/नगरपालिका वडा नं. गणना क्षेत्र नं.
जनगणना घर क्र.सं. जनगणना परिवार क्र.स
अक्सर बसोवास गर्ने : जम्मा पुरुष महिला
जनसाँख्यिक विवरण
क्र.सं. [01]
नाता [03]
लिङ्ग [04]
जन्मितिथि [05] साल महिना
उमेर [05]
